
# शिक्षक निर्देशिका

## मेरो नेपाली

कक्षा ३



# मेरो नेपाली
# शिक्षक निर्देशिका

## कक्षा –३

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

**प्रकाशक**
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© सर्वाधिकार प्रकाशकमा

यस निर्देशिकासम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहेको छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइनेछैन ।

प्रमथ संस्करण : २०६५

पुन:मुद्रण : २०६७

मुद्रक तथा वितरक: **मकालु प्रकाशन** गृह, डिल्लीबजार काठमाडौं, फोन: ०१-४४३५१४८

यस निर्देशिकासम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका टिप्पणीहरु भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने टिप्पणीहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

# हाम्रो भनाइ

विद्यालय तहको शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता तथा लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सीपको विकास गरी विज्ञान, सूचना प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सीपको विकास तथा भाषिक आवश्यकता पूर्तिका लागि पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य पूरक तथा सहायक सामग्री तयार गर्ने क्रममा कक्षा ३ मा पठनपाठन गराउने शिक्षकहरूका लागि यो *नेपाली शिक्षक निर्देशिका – कक्षा* ३ तयार पारिएको हो ।

यो निर्देशिका प्रा.डा. केदार शर्मा, जयप्रसाद लम्साल, गणेशप्रसाद भट्टराई, विष्णुप्रसाद अधिकारी र शिवप्रसाद उप्रेती रहेको कार्यदलबाट लेखन भएको हो । यसको परिमार्जन शिक्षक कार्यशालाबाट भई सम्बन्धित विषयसमितिबाट अन्तिम रूप प्रदान गरिएको हो । यसको थप परिमार्जन कार्यमा हरिबोल खनाल, द्रोण दाहाल र शम्भुप्रसाद दाहालको समेत महत्त्वपूर्ण भूमिका रहेको छ । यसको विषयवस्तु सम्पादन गणेशप्रसाद भट्टराईबाट, भाषासम्पादन, विष्णुप्रसाद अधिकारी र लोकप्रकाश पण्डित र टाइप सेटिङ तथा लेआउट अनिलकुमार थापाबाट भएको हो ।

शिक्षक निर्देशिका शिक्षकहरूलाई कार्यगत प्रशिक्षण दिने तथा शिक्षण प्रविधिमा सधैँ सक्रिय राख्ने पूरक सामग्री हो। यसमा पाठ्यक्रम र पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइउपलब्धि/विशिष्ट उद्देश्य तथा विषयवस्तुको विश्लेषण वा शिक्षणसिकाइका क्रममा शिक्षकले अपनाउनुपर्ने विधि तथा विद्यार्थीको सिकाइउपलब्धि आकलन गर्ने तरिका दिइएको छ। यसले प्रबन्धात्मक/वर्णनात्मक शैलीलाई भन्दा विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी विधिलाई अपनाएको छ। यसमा निर्देश गरिएका क्रियाकलापलाई व्यवहारमा हुबहु उतार्नुभन्दा पनि यसका आधारमा अनेकौँ अभ्यास/क्रियाकलाप बनाई तिनमा विद्यार्थीलाई सहभागी गराउन सके उनीहरूले प्रभावकारी र प्रयोगात्मक रूपमा ज्ञान, सीप र धारणा सिक्ने अवसर पाउने तथा सिकेका कुरालाई व्यवहारमा उतार्न सक्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने उद्देश्यले तयार पारिएको यस निर्देशिकाको माध्यमले कक्षाका सबै क्षमताका विद्यार्थीको सिकाइउपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सके शिक्षक निर्देशिकाको प्रयोग सार्थक र प्रभावकारी हुने छ ।

भाषा शिक्षण शिक्षकको पेसागत लगन तथा विद्यार्थीले प्राप्त गर्ने भाषिक वातावरणमा निर्भर रहन्छ । शिक्षणअनुभव र व्यावहारिक दक्षताका आधारमा शिक्षकले प्रयोग गर्ने विधि तथा क्रियाकलाप अझ प्रभावकारी हुन सक्छन् । यसलाई अझ व्यावहारिक बनाउन दक्ष शिक्षकहरूबाट रचनात्मक सुझावको समेत अपेक्षा गरिएको छ ।

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

# यस निर्देशिकाको प्रयोग सम्बन्धमा

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार परिमार्जन गरिएको कक्षा ३ को नेपाली विषयको पाठ्यपुस्तकका आधारमा यो शिक्षक निर्देशिका तयार पारिएको छ । यसमा पाठ्यपुस्तकमा रहेका विभिन्न पाठहरू शिक्षण गर्ने क्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपका क्रियाकलाप गराउन सजिलो हुने गरी पाठगतरूपमा पाठ्यभार छुट्याइएको छ । विद्यार्थीमा भाषिक सीप विकास होस् र शिक्षणसिकाइ क्रियाकलापमा विद्यार्थी सहभागिता र सक्रियता बढोस् भन्ने उद्देश्यले शिक्षक निर्देशिकाका विभिन्न पाठमा विविध क्रियाकलाप समावेश गरिएको छ । शिक्षणसिकाइबाट विद्यार्थीहरूमा पठन अभिरुचि, सिर्जनशीलता र भाषा प्रयोगमा आत्मविश्वास जाग्नुका अतिरिक्त भाषालाई शुद्धसँग सुन्न, बोल्न, पढ्न र लेख्न सक्ने दक्षताको विकास हुन सकोस् भन्ने अभिप्रायले यसमा समावेश भएका क्रियाकलापलाई विद्यार्थीमुखी बनाउने प्रयत्न गरिएको छ ।

भाषिक सीप विकासका लागि व्याख्यानजस्ता विधिभन्दा छलफल, प्रश्नोत्तरलगायत विद्यार्थीले गरेर सिक्ने खालका विधिको चयन गर्नुपर्छ । कक्षाकोठामा मातृभाषा नेपाली हुने र नहुने दुवै थरी विद्यार्थीका लागि एउटै क्रियाकलाप अपर्याप्त हुन सक्छ । यसर्थ नेपाली भाषा शिक्षकले आवश्यकतानुसार शिक्षण विधि र क्रियाकलाप चयन गर्न सक्छन् तापनि यसमा शिक्षण सहजीकरणका लागि केही विधि तथा क्रियाकलाप निर्देश गरिएको छ । शिक्षक निर्देशिकाका पाठहरूमा उद्देश्य, शैक्षिक सामग्री, शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कन र थप सुझाव शीर्षकमा शिक्षकका लागि उपयोगी ठानिएका विविध पक्ष उल्लेख गरिएको छ । कक्षाशिक्षणपूर्व नै यसको अध्ययन गरी उपयोगी निर्देशनको प्रयोग गरेर पाठयोजना बनाउने गरेमा यसले पाठ्यक्रमका उद्देश्य पूरा गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ । यसै गरी यसमा पाठ्यपुस्तकका अभ्यासहरूलाई क्रमैसँग गराउन र अभ्यास क्रियाकलाप गराउनुपर्ने पूर्वतयारी सम्बन्धमा निर्देश गरिएको छ । यसमा दिइएका क्रियाकलाप नमुना मात्र हुन्, शिक्षकले यिनकै आधारमा बढीभन्दा बढी अभ्यास क्रियाकलाप कक्षाकार्य र प्रयोगका रूपमा गराएर भाषिक दक्षता विकास गर्नुपर्ने हुन्छ ।

यस निर्देशिकामा पाठका लागि छुट्याइएका घन्टी अनुमानित मात्र हुन् । शिक्षकहरूले शिक्षणसिकाइका क्रममा यसलाई परिवर्तन गर्न सक्नुहुने छ । यसै गरी पाठ शिक्षणका लागि सङ्केत गरिएका क्रियाकलापलाई पनि छोट्याउन, लम्ब्याउन तथा थपघट गर्न सकिने छ । भाषा सिकाइमा विद्यार्थीमा वैयक्तिक भिन्नता, त्रुटि, समस्या र सक्षमता देखिने भएकाले सिकाइ क्रियाकलापलाई वैयक्तिक बनाई कक्षाका सबै क्षमताका विद्यार्थीको सिकाइउपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सक्ने शिक्षक निर्देशिकाको प्रयोग सार्थक र प्रभावकारी हुने छ ।

# मेरो देश

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| शुद्धोच्चारण र लयवाचन | ४ |
| शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| लयबोध | २ |
| भावबोध | १ |
| प्रश्नोत्तर | २ |
| व्याख्या | २ |
| व्याकरण | २ |

**पाठ्यवस्तु : शुद्धोच्चारण र लयवाचन** **घन्टी : ४**

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका शब्दहरू शुद्ध उच्चारण गर्न

(ख) पाठमा भएको चित्र वर्णन गर्न

(ग) मेरो देश कविता लय मिलाएर पढ्न

(घ) स्थानीय कुनै गीत गाएर सुनाउन

२. शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, नेपालको नक्सा, हिमाल, पहाड, तराईका चित्रहरू आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) मानचित्र, आखिरमा, छातीभित्र, लेक, बेँसी, तराई बुझ्दाखेरि, आफैँसित, डाँडाकाँडा, कर्णाली मुटुनिर, घरबार, वर्ण, परिवार, आँसु, ब्रिसेँ जस्ता शब्दहरू आफूले उच्चारण गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ख) तिम्रो घर कहाँ छ ? हिमाल, पहाड, तराई, उपत्यकामध्ये कुन ठाउँमा पर्छ भनेर सजिला प्रश्न सोध्नुहोस् । नेपालको नक्सा देखाएर हिमाल, पहाड, तराई पनि देखाउनुहोस् ।

(ग) उच्चारण शिक्षणका लागि लयवाचन गराउनुहोस् ।

(घ) स्थानीयस्तरमा गाइने कुनै गीत विद्यार्थीलाई गाउन लगाउनुहोस् ।

(ङ) लयवाचन राम्रो बनाउन विद्यार्थीसँग पटकपटक दाहोऱ्याउनुहोस् ।

(च) विद्यार्थीहरूलाई विभिन्न समूहमा बाँडेर पालैपालो कविता वाचन गर्न लगाउनुहोस् ।

(छ) विद्यार्थीले उच्चारण गर्दा गरेको त्रुटि पत्ता लगाएर त्यसलाई पटकपटक उच्चारण गर्न लगाउनुहोस् ।

(ज) सस्वरवाचन गर्दा उच्चारण गर्न कठिन भएका शब्दहरू पहिचान गरी रेखाङ्कन गर्नुहोस् र पटकपटक आफूले उच्चारण गरेपछि विद्यार्थीलाई पनि सँगसँगै उच्चारण गर्न प्रोत्साहन गर्नुहोस् ।

(झ) शब्दपत्ती, वाक्यपत्ती र गोजी तालिकाका सहयोगले विभिन्न उत्प्रेरक शैलीमा उच्चारण गर्न गाह्रो लाग्ने शब्द प्रस्तुत गर्नुहोस् ।

(ञ) उच्चारण गराउँदा वर्ण, शब्द, पङ्क्ति गर्दै कविताको उच्चारण गराउनुहोस् ।

(ट) अनेपाली भाषाभाषी र कमजोर एवम् कान कम सुन्ने विद्यार्थी भए फलाटिन पाटी, चित्रपत्ती, वाक्यपत्ती, शब्दपत्तीहरू देखाएर आफूसँगै उच्चारण गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) शब्दपत्ती, वाक्यपत्ती देखाएर उच्चारण गर्न लगाउनुहोस् ।

(ख) पाठका नयाँ शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग) कविता वाचन गर्न लगाउनुहोस् ।

५. गृहकार्य

घरमा गएर मानचित्र, बुझ्दाखेरि, डाँडाकाँडा, घरबार, छातीभित्र जस्ता शब्द पटकपटक उच्चारण गरेर आउन निर्देश गर्नुहोस् ।

# पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका कठिन शब्दहरूको अर्थ भन्न

(ख) पाठमा प्रयोग भएका कठिन शब्दहरूको वाक्यमा प्रयोग गर्न

(ग) शब्द र अर्थबीच जोडा मिलाउन

२ शैक्षिक सामग्री

फलाटिन पाटी, शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, शब्द र अर्थका चित्रसहितका पत्ती आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शब्दार्थ शिक्षण गर्नुभन्दा अगाडि विद्यार्थीहरूलाई मौनवाचन गराउनुहोस् ।

(ख) विद्यार्थीलाई कठिन लागेका शब्दहरू क्रमशः टिपोट गर्न लगाउनुहोस् ।

(ग) पाठमा दिइएका शब्द र अर्थ जोडा मिलाई पढ्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले टिपेका कठिन शब्दको अर्थ लेखेर कालोपाटीमा क्रमशः देखाउँदै प्रत्येक विद्यार्थीलाई पटकपटक सोध्नुहोस् ।

(ङ) केही विद्यार्थीले अझ पनि नबुझेमा चित्रपत्तीका सहायताले शब्दको अर्थ स्पष्ट पारिदिनुहोस् ।

(च) शब्दलाई विभिन्न अवस्थामा प्रयोग गरेर अर्थ स्पष्ट पार्ने प्रयास गर्नुहोस् । जस्तै : घर+बार, डाँडा+काँडा, छाती+भित्र, मान+चित्र

(छ) विद्यार्थीले शब्दको अर्थ जानेपछि स-साना सरल वाक्यमा प्रयोग गरी शब्दको अर्थ स्पष्ट पार्नुहोस् ।

(ज) विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न दिइएका शब्द ठीक ठाउँमा प्रयोग गरेनगरेको हेर्नुहोस् । सही ठाउँमा प्रयोग भएका शब्दका मुनि रेखाङ्कन गर्न लगाउनुहोस् ।

(झ) विद्यार्थीले शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेपछि उसलाई स्याबासी दिनुहोस् । अरूलाई पनि यसरी नै प्रोत्साहन गर्नुहोस् ।

(ञ) कमजोर विद्यार्थीलाई चित्रपत्ती, वाक्यपत्ती, शब्दपत्तीका सहायताले शब्दार्थ शिक्षण तथा वाक्यमा प्रयोग गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठमा प्रयोग भएका कठिन शब्दहरू रेखाङ्कन गर्न लगाउनुहोस् र तिनको अर्थ पालैपालो सबैलाई सोध्नुहोस् ।

(ख) समानस्तरका त्यस्तै अरू शब्दहरू दिएर वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) अभ्यास ३, ४ र ६ लाई कक्षामा पटकपटक गराउनुहोस् ।

(घ) पाठ्पुस्तकको अभ्यास खण्डमा भएका शब्दार्थ, उल्टो अर्थ र उच्चारण अभ्यासलाई गृहकार्यको रूपमा दिनुहोस् ।

५. गृहकार्य

निम्नानुसारका प्रश्न दिनुहोस् :

(क) तलका शब्दको अर्थ लेख :

मधेस, लेक, नक्सा

(ख) तलका शब्दहरूको उल्टो अर्थ आउने शब्द लेख :

रात, सम्झिएँ, हराएँ, बेसी, पढेको, जान्ने

(ग) वाक्यमा प्रयोग गर :

वर्ण, मानचित्र, पहाड, तराई, दिन, पराई

## पाठ्यवस्तु : लयबोध

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- 'मेरो देश कविता' गति, यति र लय मिलाएर वाचन गर्न

२. शैक्षिक सामग्री

कविताको लयबोधका लागि गति, यति र विश्रामसमेत भएको चार्ट/सम्भव भए कविताको क्यासेट आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पहिले शिक्षक आफैँले नमुना वाचन गरिदिनुहोस् ।

(ख) सबै विद्यार्थीहरूलाई आफूसँगसँगै वाचन गर्न प्रेरित गर्नुहोस् ।

(ग) राम्रोसँग कविता वाचन गर्ने विद्यार्थीलाई अगाडि ल्याएर नमुना वाचन गराउनुहोस् ।

(घ) प्रत्येक विद्यार्थीलाई पालैपालो कविता वाचन गर्ने समान अवसर दिनुहोस् ।

(ङ) सामूहिक तथा व्यक्तिगत रूपमा समेत 'मेरो देश' कविता वाचन गराउनुहोस् ।

(च) प्रत्येक पङ्क्तिहरूमा लयबोध गराउँदै विद्यार्थीहरूबीच प्रतियोगितासमेत गराई कक्षा थप रोचक बनागराउनुहोस् ।

४. मूल्याङ्कन

'मेरो देश' कविताका विभिन्न श्लोक लयबद्ध पढ्न लगाउनुहोस् ।

(क) तलका प्रश्नहरू प्रत्येक विद्यार्थीहरूलाई सोध्नुहोस् :

- कवि मानचित्रभित्र के खोज्दै थिए ?
- कवि देश खोज्न कहाँकहाँ धाए ?
- कविले आफ्नै छातीभित्र देश भेटेपछि जँताततैँ के देखे ?
- नेपालमा कुनकुन नदी बगेका छन् ?

५. गृहकार्य

मेरो देश कविता राम्रोसँग पढ्न सक्ने भएर आउन निर्देश गर्नुहोस् ।

## पाठ्यवस्तु : भावबोध

घन्टी : १

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'मेरो देश कविता' लय हाली पढ्न

(ख) 'मेरो देश' कविताको भावबोध गर्न

२. शैक्षिक सामग्री

भावबोध गराउने सरल प्रश्नहरूको सूची, भावार्थ लेखनको नमुना, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम 'मेरो देश' कविता पटकपटक लय हालेर पढ्न लगाउनुहोस् ।

(ख) पढ्न अभ्यास गराउँदा विद्यार्थीहरूबाट हुने उच्चारणगत गल्ती पत्ता लगाई उनीहरूलाई शुद्ध उच्चारण गर्न र पढ्न प्रोत्साहन गर्नुहोस् ।

(ग) तपाईं विद्यार्थीको असल सहयोगीका रूपमा प्रस्तुत भएर विद्यार्थीलाई गल्ती सच्याउन सहयोग गर्नुहोस् ।

(घ) भावबोधसम्बन्धी प्रश्न सोध्नुअगाडि पुरै कविता पढ्न प्रोत्साहन गर्नुहोस् ।

(ङ) कविता पढिसकेपछि चारचार हरफको भाव प्रस्ट पार्नुहोस् र त्यसपछि पुरै कविताको भावार्थ सिकाउनुहोस् ।

(च) तपाईंले गरेका सरल प्रश्नको उत्तरसँगै कविताको भाव स्पष्ट पार्दै छु भन्ने कुरा नभुल्नुहोस् ।

(छ) अब विद्यार्थीले सरल तरिकाले कविताको भावार्थ भन्न र लेख्न जानेको हुनुपर्छ । तलका जस्ता प्रश्न सोधेर एकपटक मूल्याङ्कन गर्नुहोस् :

- अखिरमा कविले देश कहाँ पाए ?
- देश हेर्न कवि कहाँकहाँ धाए ?
- कविले कति वेला जतातते देश देखे ?
- कविले आफ्नो घरबार कुन ठाउँलाई ठानेका छन् ?
- सबै जात र वर्ग कविका के हुन् ?
- देशले कविलाई के भन्छ ?

(ज) विद्यार्थीलाई सोधेका सरल प्रश्नबाट आएका उत्तरबाट कविताको भावार्थ प्रस्ट पारिदिनुहोस् । नमुनाका रूपमा तयार भएको कविताको भाव सबैले देख्ने गरी लेखेर फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) कविता लय हालेर पढ्न लगाउनुहोस् ।

(ख) भावबोधसम्बन्धी प्रश्न सोधी उत्तर दिन प्रोत्साहन गर्नुहोस् ।

५. गृहकार्य

'मेरो देश' कविताको दोस्रो श्लोकको भावार्थ लेखेर ल्याउन लगाउनुहोस् ।

## पाठ्यवस्तु : प्रश्नोत्तर

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कविताका विषयवस्तुसम्बन्धी प्रश्नको मौखिक उत्तर दिन

(ख) अभ्यास खण्डमा रहेका प्रश्नहरूको लिखित तथा मौखिक उत्तर दिन

२. शैक्षिक सामग्री

(क) कवितामा आधारित प्रश्नहरूको सूची

(ख) विवेचनात्मक प्रश्न, सङ्क्षिप्त प्रश्नहरूका नमुना उत्तरहरू

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई 'मेरो देश' कविता मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) शिक्षक आफूले तयार पारेर ल्याएका नमुना प्रश्नहरू पटकपटक सोध्नुहोस् । विद्यार्थीलाई सरल र सहज वातावरणमा उत्तर दिने समान अवसर दिनुहोस् ।

(ग) मौखिक उत्तर आउने विभिन्न प्रश्न सोधेपछि पाठको अन्त्यमा भएका प्रश्नोत्तर गराउनुहोस् ।

(घ) आफूले अपेक्षा गरेजस्तो उत्तर आउन नसके शिक्षक आफैँले नमुना उत्तर भनिदिनुहोस् ।

(ङ) प्रश्नोत्तर गर्दा सबै विद्यार्थीहरूलाई समान अवसर दिनुहोस् । राम्रो काम गर्दा स्याबासी दिनुहोस् । उत्तर ठीक नआउँदा सच्याइदिनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई 'मेरो देश' कवितामा आधारित विभिन्न मौखिक प्रश्न सोध्नुहोस् । विद्यार्थीलाई सकेसम्म उत्तर दिन प्रेरित गर्नुहोस् ।

(ख) 'मेरो देश' कविताको अन्त्यमा भएका अभ्यास खण्डका सबै प्रश्न गर्न प्रेरित गर्नुहोस् । विद्यार्थीले सही उत्तर दिन नसके आफैँले नमुना उत्तर तयार गरेर आपसमा छलफल गराउनुहोस् ।

५. गृहकार्य

'मेरो देश' कविताको अभ्यास खण्डमा भएका सबै प्रश्नहरू गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याख्या

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'मेरो देश' कविताको विशिष्ट पङ्क्ति छान्न

(ख) रचयिताको नाम, कविता र त्यसको भाव बताउन

(ग) कविताका हरफलाई बढाएर भन्न

२. शैक्षिक सामग्री

फलाटिन पाटी, नमुना उत्तर, कविताका हरफबाट बढाएर लेखिएको व्याख्याको नमुना ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कविताका विशेष हरफ छान्न प्रोत्साहन गर्नुहोस् । विद्यार्थीहरूलाई दुविधात्मक अवस्था हुन नदिनुहोस् ।

पहाड, मधेस, हिमाल सबै मेरो घरबार
सबै जात, सबै वर्ग मेरो परिवार

(ख) विद्यार्थीहरूलाई सकेसम्म बढाएर कविताको व्याख्या गर्ने अभ्यास गराउनुहोस् ।

(ग) कविताको बारेमा पटकपटक छलफल गराउनुहोस् ।

(घ) विद्यार्थीहरूले छलफलबाट निकालेको निष्कर्षबाट नमुना उत्तर तयार गर्नुहोस् ।

(ङ) कक्षा ३ मा सप्रसङ्ग व्याख्या सिकाउनु उपयुक्त हुँदैन । त्यसैले कविताका विशिष्ट हरफहरूलाई बढाएर लेख्ने अभ्यास मात्र गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) 'मेरो देश' कविताका विशिष्ट हरफ छानेर त्यसलाई बढाएर भन्न लगाउनुहोस् ।

(ख) कविता बढाएर भन्न नसके आफैँले सिकाइदिनुहोस् ।

५. गृहकार्य

लेख्न लगाउनुहोस् :

नेपालीको आँसु पुछ्, मलाई देशले भन्छ ।

## पाठ्यवस्तु : व्याकरण

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) शब्दहरूको अर्थ बुझी वाक्य बनाउन

(ख) उल्टो अर्थ लेखेर वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, फलाटिन पाटी, पाठसँग सान्दर्भिक चित्रहरू, गोजी तालिका आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) गोजी तालिकाका माध्यमबाट फलाटिन पाटीमा पाठसँग सम्बन्धित विभिन्न शब्दहरूको सूची टाँस्ने विद्यार्थीहरूलाई ती शब्दहरूको अर्थ सोध्नुहोस् । नजाने शिक्षक आफैँले प्रस्ट पारिदिनुहोस् ।

(ख) विभिन्न शब्दको उल्टो अर्थ आउने शब्द सोध्नुहोस् । ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । विद्यार्थीहरूलाई गाह्रो परेको अवस्थामा शिक्षक आफैँले शब्दको उल्टो अर्थ र वाक्यमा प्रयोग गर्ने अभ्यास गराइदिनुहोस् । जस्तै :

| | |
|---|---|
| दिन - रात | राम्रो - नराम्रो |
| बेँसी - लेक | लेख्यो - लेखेन |
| तराई - पहाड | पढ्यो - पढेन |
| सम्झेँ - बिर्सिएँ | सफल - असफल |
| पाएँ - हराएँ | असल - खराब |
| अग्लो - होचो | जान्ने - नजान्ने |

माथि दिइएका शब्दहरूबाट उल्टो अर्थ आउने सुल्टो अर्थ आउने वाक्यहरू बनाएर कक्षामा प्रशस्त छलफल गराउनुहोस् । विद्यार्थीलाई समस्या परेका ठाउँमा आफैं सहजकर्ताको रूपमा प्रस्तुत भएर सरल र सहज वातावरण सिर्जना गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीलाई उल्टो अर्थ आउने प्रश्न सोध्नुहोस् । जस्तै :

अघि, दिन, विहान, सफल, जान्ने

(ख) विद्यार्थीले शब्दको उल्टो अर्थ भनेपछि त्यसलाई सरल वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य

निम्नलिखित शब्दको उल्टो अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

लेक, बेँसी, दिन, हाँस्नु, पढ्नु, खेल्नु

# पाठ : २ ढुङ्गाको खिचडी

अनुमानित घन्टी : १६

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| शुद्धोच्चारण र स्वरवाचन | २ |
| शब्दार्थ | २ |
| वाक्यमा प्रयोग | २ |
| प्रश्नोत्तर | ३ |
| सारांश र व्याख्या | २ |
| पाठगत अभ्यास | ३ |
| व्याकरण | २ |

**पाठ्यवस्तु : शुद्धोचारण र सस्वरवाचन** **घन्टी : २**

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) ढुङ्गाको खिचडी कथाका निर्धारित अनुच्छेदहरूको सस्वरवाचन गर्न

(ख) कथाका निर्धारित अनुच्छेदहरूमा प्रयुक्त कठिन शब्दहरूको शुद्धोच्चारण गर्न

२. शैक्षिक सामग्री

कठिन शब्दहरूको सूची, शब्दपत्ती, अर्थपत्ती, गोजी तालिका, फलाटिन पाटी ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले पाठ्यवस्तुमा आधारित भई कथासार भनिदिनुहोस् र कथाका विषयमा केही प्रश्नहरू सोधी अभिप्रेरणा प्रदान गर्दै विद्यार्थीहरूको ध्यान केन्द्रित गराउनुहोस् ।

(ख) शिक्षकले 'ढुङ्गाको खिचडी' कथाका निर्धारित अनुच्छेद सस्वरवाचन गरी विद्यार्थीलाई सुनाउनुहोस् र आफूले पनि उनीहरूलाई पढ्न लगाई सुन्नुहोस् ।

(ग) विद्यार्थीले सस्वरवाचन गर्दा शुद्ध उच्चारण गरे गरेनन्, राम्ररी मूल्याङ्कन गर्नुहोस् । विद्यार्थीले गल्ती गरेका ठाउँमा शिक्षक आफैँले शुद्ध उच्चारण गरेर सबैलाई सुनाउनुहोस् ।

कक्षामा सक्षम, मध्यम र कमजोर विद्यार्थीहरू पहिचान गरी पालैपालो पढ्न लगाउनुहोस् । विद्यार्थीले गति, यति र उच्चारण मिलाएर पढे पढेनन्, विचार गरी उनीहरूले गरेका गल्तीलाई ख्याल गराउनुहोस् ।

(घ) शिक्षकले निर्धारित अनुच्छेदबाट उच्चारणका लागि तयार पारेका कठिन शब्दहरूको क्रमशः शुद्ध उच्चारण गरेर शुद्ध उच्चारणको नमुना प्रदर्शन गराउनुहोस् ।

(ङ) कक्षाका विद्यार्थीहरूलाई उक्त कठिन शब्दको शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । विद्यार्थीले गल्ती गरेमा गल्ती निर्देश गरी सही उच्चारणको नमुना प्रस्तुत गर्दै अभ्यास गराउनुहोस् ।

(च) यस सन्दर्भमा कक्षाका विद्यार्थीहरूलाई समूह विभाजन गरी शिक्षकले कालो पाटी वा गोजी तालिकामा कठिन उच्चारण भएका शब्दहरूको शब्दपत्ती प्रस्तुत गरेर विद्यार्थीहरूबीच वाचन प्रतियोगिता गराई निरन्तर अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

विद्यार्थीहरूलाई पाठका कठिन उच्चारण भएका शब्द सोधी तिनको शुद्ध उच्चारण गर्न लगाउनुहोस् । यसरी उच्चारण गराउँदा पहिले छुट्टाछुट्टै शब्दको अनि वाक्य र त्यसपछि अनुच्छेदअन्तर्गत शब्दको उच्चारण गराउनुहोस् । यस पाठको अभ्यासअन्तर्गत प्रश्न नं. १ को पटकपटक अभ्यास गराउनुहोस् र प्रश्न नं.१ मा भएका जस्तै अन्य थुप्रै शब्दहरू टिपी अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

प्रत्येक विद्यार्थीहरूलाई पाठका कठिन शब्दको उच्चारण अभ्यास गरी शुद्धोच्चारण गर्न सक्षम भएर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

पाठका कठिन शब्दहरूको अर्थ बताउन

२. शैक्षिक सामग्री

शब्दपत्ती, शब्दार्थ पत्ती, गोजी तालिका, फलाटिन पाटी, शब्दकोश आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम सबै विद्यार्थीहरूलाई मौनवाचन गर्न लगाउनुहोस्, त्यसपछि कठिन शब्दहरू रेखाङ्कन गर्न लगाई अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउनुहोस् । कठिन शब्दको अर्थसम्बन्धी छलफल गराउनुहोस् ।

(ख) सबै विद्यार्थीहरूले नजानेका शब्दहरू उनीहरूकै बीचमा सोध्नुहोस्, सही उत्तर आए स्याबासी दिनुहोस् र उत्तर आउन नसके कालोपाटीमा प्रस्ट लेखिदिनुहोस् ।

(ग) विद्यार्थीको विभिन्न समूह बनाई शब्दार्थ प्रतियोगिता गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) शिक्षकले विद्यार्थीहरूलाई कठिन शब्दहरूको अर्थ सोध्नुहोस् ।

(ख) कक्षाका सबै विद्यार्थीलाई पाठमा प्रयोग भएका एक एक शब्द दिई अर्थ लेख्न लगाउनुहोस् । विद्यार्थीहरूले गल्ती गरेमा पुन: उदाहरण दिएर सिकाउँदै मूल्याङ्कन पनि गराउनुहोस् ।

(ग) यस पाठको प्रश्न नं. २ को उत्तर दिन लगाउनुहोस् ।

५. गृहकार्य

यस पाठका कठिन शब्दहरू दिई अर्थ लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : वाक्यमा प्रयोग

घन्टी : २

१ उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

पाठमा प्रयोग भएका कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न

२ शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी ।

३ शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षकले कथाको मौनवाचन गराई कठिन शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । विद्यार्थीले रेखाङ्कन गरेका कठिन शब्द कालोपाटीमा टिपोट गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पालैपालो शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले नजानेमा आफैँले वाक्यमा प्रयोग गरिदिनुहोस् । वाक्य बनाउँदा भरसक सकारात्मक उत्तर आउने वाक्य बनाउन प्रोत्साहन गर्नुहोस् ।

(ग) कक्षामा वाक्य प्रयोगसम्बन्धी प्रतियोगिता गराई पाठलाई थप रोचक बनाउनुहोस् ।

(घ) विद्यार्थीले बनाएका वाक्यको वाक्य गठन ठीक नभएमा कालोपाटी वा फलाटिन पाटीमा वाक्यपत्तीको सहायताले वाक्य निर्माण गरिदिँदै त्यस्तै वाक्य निर्माण गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) कक्षामा प्रत्येक विद्यार्थीलाई एक एक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । उनीहरूले गल्ती गरेमा उदाहरण दिएर सिकाउँदै मूल्याङ्कन गर्नुहोस् ।

(ख) पाठको प्रश्न नं. ७, ९ र ११ को उत्तर लेख्न लगाउनुहोस् ।

५. गृहकार्य

यस पाठका कठिन शब्दहरू दिई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरेर ल्याउन निर्देश गर्नुहोस् ।

## पाठ्यवस्तु : प्रश्नोत्तर

घन्टी : ३

१ उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

ढुङ्गाको खिचडी कथाभित्रका निर्धारित अनुच्छेदबाट सोधिएका बोध प्रश्नहरूको उत्तर दिन

२. शैक्षिक सामग्री

प्रश्नहरूको सूची, फलाटिन पाटी ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कथाका निर्धारित अनुच्छेद मौनवाचन गर्न निर्देशन गराउनहोस् ।

(ख) मौनवाचनका क्रममा विद्यार्थीहरूले मौनवाचन स्पष्टरूपमा गरे नगरेको निरीक्षण गर्नुहोस् र उपयुक्त ढङ्गले मौनवाचन गर्न निर्देशन समेत दिनुहोस् ।

(ग) मौनवाचन सकिएपछि निर्धारित अनुच्छेदबाट शिक्षकले पहिले नै तयार पारेर ल्याएका बोध प्रश्नहरू कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गरी विद्यार्थीलाई उत्तर दिन प्रोत्साहन गर्नुहोस् ।

बोध प्रश्नको नमुना

१. बटुवा बास माग्न कसको घरमा पुग्यो ?

२. बटुवाले नम्र स्वरमा के भन्यो ?

३. बुढी आमैले बटुवालाई बास दिन के भनिन् ?

४. बटुवाले घरको कुन ठाउँमा बास बस्ने विचार गऱ्यो ?

५. बटुवालाई बुढी आमैले के चाहिँ दिन्न भनिन् ?

६. बटुवाले के पकाएर खाने विचार गऱ्यो ?

(घ) विद्यार्थीहरूबाट आएका उत्तर ठीक नभए ठीक उत्तर बताइदिनुहोस् ।

(ङ) निर्धारित अनुच्छेदहरूबाट बोध प्रश्नोत्तर गराउँदा पहिले मौखक उत्तर र त्यसपछि लिखित उत्तर दिन लगाउनुहोस् ।

४. मूल्याङ्कन

शिक्षकले विभिन्न अनुच्छेदहरूबाट बोध प्रश्नहरू सोधी उत्तर दिन दिनुहोस् ।

५. गृहकार्य

निर्धारित अनुच्छेदबाट प्रश्नहरू दिई उत्तर लेखेर ल्याउन निर्देशन गराउनुहोस् ।

## पाठ्यवस्तु : सारांश र व्याख्या

घन्टी : २

१ उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) निर्धारित अनुच्छेदहरूको सारांश भन्न

(ख) दिइएका पङ्क्तिहरूलाई विस्तार गरी लेख्न

२ शैक्षिक सामग्री

सारांशको नमुना, बुँदा, सारांश र व्याख्याको नमुना, फलाटिन पाटी आदि ।

३ शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षकले निर्धारित अनुच्छेद दिई विद्यार्थीलाई मौनवाचन गर्न लगाउनुहोस् । मौनवाचन उपयुक्त ढङ्गले गरे नगरेको निरीक्षण गर्नुहोस्, उपयुक्त ढङ्गले मौनवाचन गर्न निर्देशन दिनुहोस् ।

(ख) मौनवाचन गरिएको अनुच्छेदका मुख्य मुख्य हरफ रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ग) रेखाङ्कन गरिएका हरफहरूमा कापीमा क्रम मिलाएर लेख्न लगाउनुहोस् । यसरी टिपोट गरिएका बुँदाहरूलाई क्रम मिलाएर लेखेपछि पालैपालो कक्षामा सुनाउन लगाउनुहोस् । विद्यार्थीहरूले गल्ती गरेका ठाउँमा सहयोगीको भूमिका निर्वाह गर्नुहोस् ।

(घ) कथाबाट मुख्यमुख्य हरफ छानेर त्यसलाई कक्षामा छलफल गराउनुहोस् । छलफलपछि शिक्षकले नमुना व्याख्या प्रस्तुत गर्नुहोस् ।

व्याख्या गर्दा मुख्य अंश शैक्षणिक पाटीमा टिप्नुहोस् र त्यसबाट विद्यार्थीले बुझेका एकएक कुरा भन्न लगाउनुहोस् । सबै विद्यार्थीलाई भन्ने पालो दिनुहोस् र दोहोरिएका कुरा हटाइदिनुहोस् । उनीहरूले भनेका ठीक कुरालाई संयोजन मिलाएर व्याख्याको नमुना तयार पार्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीले तयार पारेको व्याख्या कक्षामा प्रस्तुत गर्न लगाई आवश्यक बुँदा थप्न र अनावश्यक बुँदा झिक्न लगाएर व्याख्या अभ्यास गराउनुहोस् । व्याख्या विद्यार्थीको स्तरअनुसारको हुन्छ । यस पक्षलाई ध्यान दिनुहोस् ।

(च) विद्यार्थीलाई पाठ पढेर आफूले जानेका कुरा पालैपालो भन्न लगाउनुहोस् । लेख्न सक्ने विद्यार्थीलाई लेख्न पनि प्रोत्साहन गर्नुहोस् ।

४ मूल्याङ्कन

पाठका विभिन्न अनुच्छेदको सारांश भन्न र लेख्न लगाउनुहोस् । पाठबाट मुख्य पङ्क्ति दिएर व्याख्या गर्न लगाउनुहोस् ।

५ गृहकार्य

(क) निर्धारित अनुच्छेदलाई सारांश लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

(ख) दिइएका अंशको व्याख्या गर्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : अभ्यास

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

पाठको अन्त्यमा भएका प्रश्नहरूको उत्तर दिन

२. शैक्षिक सामग्री

प्रश्नहरूको सूची र फलाटिन पाटी ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठको अन्त्यमा भएका अभ्यासहरूबारे सिङ्गो कक्षा वा कक्षालाई विभिन्न समूहमा बाँडेर छलफल गराउनुहोस् । छलफलपछि मुखैले उत्तर भन्न लगाउनुहोस् ।

(ख) पहिले समूहमा विभिन्न क्रियाकलाप गराउनुहोस् । पछि सम्पूर्ण विद्यार्थी एकैपटक सहभागी हुने गरी सबैलाई छलफलमा सक्रिय सहभागी गराउनुहोस् । पहिले प्रश्नोत्तर गराउनुहोस् । प्रश्नोत्तर गराउँदा उत्तर रहेको अनुच्छेद आफैँ बताई त्यसभित्र प्रश्नको उत्तर खोज्न लगाउनुहोस् । यसरी पाठ्यवस्तु केन्द्रित छलफल पूरा भएपछि पाठको अभ्यासमा भएका प्रश्न सोध्नुहोस् र उत्तर दिन प्रोत्साहन गराउनुहोस् ।

(ग) विद्यार्थीले दिएको उत्तर सन्तोषजनक नभए आफैँले नमुना उत्तर तयार पारिदिनुहोस् । यसै गरी पाठका सबै अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई 'ढुङ्गाको खिचडी' पाठका अभ्यासका प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठको अन्त्यमा भएका अभ्यासहरू गर्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीले लेखेपछि तुरुन्त जाँचेर पृष्ठपोषण दिनुहोस् ।

५. गृहकार्य

यस पाठको अन्त्यमा भएका प्रश्नहरू गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याकरण

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

आज्ञार्थक क्रिया राखी वाक्य बनाउन

२. शैक्षिक सामग्री

वाक्यपत्ती, फलाटिन पाटी आदि ।

३ शिक्षणसिकाइ क्रियाकलाप

कक्षामा सस्वरवाचन गर्न लगाई बस, खाऊ, जाऊ, माग, पकाऊ, देऊ, जस्ता आज्ञा अर्थ आउने क्रियापदलाई टिप्न लगाउनुहोस् । विद्यार्थीले टिपेका आज्ञा अर्थ आउने क्रियापदलाई कालोपाटीमा सफासँग लेखिदिनुहोस् । त्यस्ता शब्द राखेर पालैपालो विद्यार्थीलाई वाक्य बनाउन लगाउनुहोस् । आज्ञार्थ क्रियाबाट बढीभन्दा बढी वाक्य बनाउन विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । पाठको अन्त्यमा भएका अभ्यास राम्ररी गराउनुहोस् ।

४. मूल्याङ्कन

पाठमा भएका प्रश्न नं. ९ जस्ता थप अभ्यास बनाई अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

विभिन्न आज्ञार्थक क्रियाहरू दिई वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याकरण

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

आज्ञार्थक क्रिया राखी वाक्य बनाउन

२. शैक्षिक सामग्री

वाक्यपत्ती, फलाटिन पाटी आदि ।

३ शिक्षणसिकाइ क्रियाकलाप

कक्षामा सस्वरवाचन गर्न लगाई बस, खाऊ, जाऊ, माग, पकाऊ, देऊ, जस्ता आज्ञा अर्थ आउने क्रियापदलाई टिप्न लगाउनुहोस् । विद्यार्थीले टिपेका आज्ञा अर्थ आउने क्रियापदलाई कालोपाटीमा सफासँग लेखिदिनुहोस् । त्यस्ता शब्द राखेर पालैपालो विद्यार्थीलाई वाक्य बनाउन लगाउनुहोस् । आज्ञार्थ क्रियाबाट बढीभन्दा बढी वाक्य बनाउन विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । पाठको अन्त्यमा भएका अभ्यास राम्ररी गराउनुहोस् ।

४. मूल्याङ्कन

पाठमा भएका प्रश्न नं. ९ जस्ता थप अभ्यास बनाई अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

विभिन्न आज्ञार्थक क्रियाहरू दिई वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ : ३

# म को हुँ

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| सस्वरवाचन र शुद्धोच्चारण | ३ |
| शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| बोध प्रश्नोत्तर, सारांश, अनुच्छेद रचना | ६ |
| अभ्यास / व्याकरण | ३ |

## पाठ्यवस्तु सस्वरवाचन र शुद्धोच्चारण घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न

(ख) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न

२. शैक्षिक सामग्री

उच्चारण गर्न कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजी तालिका आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षकले तिमी को हौ ? भन्ने प्रश्न गर्दै विद्यार्थीहरूलाई पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) त्यसपछि पाठभित्रको सुरुको अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउनुहोस् र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी पाठका अरू अनुच्छेद क्रमिक रूपमा सस्वरवाचन गरी सुनाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूमध्ये कसैले गति, यति आदि नमिलाई गलत पढेमा गल्ती ठम्याई शिक्षकले पठनकै क्रममा सच्याएर पढिदिनुहोस् र सोको अनुकरण र अभ्यास गर्न लगाउनुहोस् ।

(ङ) यस क्रममा विद्यार्थीहरूमध्ये लिङ्ग, जातजाति, जान्ने नजान्ने, अपाङ्गता भएका आदि सबैलाई समान अवसर दिने गरी अभ्यास गर्न लगाउनुहोस् ।

## पाठ्यवस्तु शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयोग भएका शब्दहरूलाई सन्दर्भअनुसार अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी आदि

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शब्दार्थ सिकाउँदा विद्यार्थीहरूलाई पाठका निश्चित अनुच्छेद मौन रूपमा सरसर्ती पढ्न लगाउनुहोस् र तिनबाट कठिन खालका शब्दहरू खोज्न लगाउनुहोस् ।

(ख) त्यसरी सङ्कलित शब्दहरू पाठमा कुन सन्दर्भ वा अर्थ दिएर प्रयोग भएका छन्, भन्न लगाउनुहोस् । पाठमा प्रयोग भएको वाक्य वा सन्दर्भअनुसार शब्दार्थ अनुमान गर्न उत्प्रेरित गर्नुहोस् ।

(ग) विद्यार्थीले वाक्यको सन्दर्भअनुसार अर्थ भन्न नसकेमा वा अधुरो अर्थ बताएमा शिक्षकले पाठमा प्रयोग भएका वाक्य वा अनुच्छेद पढेर शब्दको अर्थ पहिल्याउन अन्य उपाय सोच्नुहोस् । जस्तै : उस्तैउस्तै अर्थ दिने, शब्दका पर्यायवाची शब्द भनिदिने, विपरीतार्थक शब्द भनिदिने ।

(घ) त्यस्तै शब्दार्थ स्पष्ट हुने गरी शब्दहरूलाई विभिन्न वाक्यमा प्रयोग गरी सुनाएर पनि शब्दको अर्थ पहिल्याउने प्रयास गर्नुहोस् ।

(ङ) शब्दार्थका क्रियाकलापपछि शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर देखाउनुहोस् वा सुनाउनुहोस् ।

(च) पाठभित्रका विभिन्न अर्थयुक्त शब्द दिएर तिनलाई आशयगत वा सन्दर्भगत अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(छ) त्यस्तै विद्यार्थीहरूका अनुभवका सेरोफेराका आशयगत वा सन्दर्भगत अर्थ आउने गरी विभिन्न शब्दहरूलाई वाक्यमा प्रयोग गर्न पनि सिकाउनुहोस् ।

४. मूल्याङ्कन

(क) केही शब्दहरू दिई अर्थ भन्न लगाउनुहोस् ।

(ख) पाठका शब्दहरू दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य

(क) केही शब्दहरू दिएर तिनको अर्थ लेखी वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) अभ्यासको प्र.नं. ६ र ७ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : बोध प्रश्नोत्तर, सारांश, अनुच्छेद रचना

घन्टी : ६

१ उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सम्बन्धित पाठ पढेर सोधिएका बोध प्रश्नहरूको उत्तर दिन

(ख) निर्धारित अनुच्छेदबाट सारांश भन्न र लेख्न

(ग) दिइएका शीर्षकमा छोटा अनुच्छेद रचना गर्न

२ शैक्षिक सामग्री

बोध प्रश्नपत्ती, उत्तरपत्ती र वाक्यपत्ती, बुँदा सूची, अनुच्छेद लेखनका शीर्षक, फलाटिन पाटी आदि ।

३ शिक्षणसिकाइ क्रियाकलाप

(क) सम्बन्धित पाठबाट शिक्षकले खास अनुच्छेद वा गद्यांशको छनोट गर्नुहोस् र विद्यार्थीहरूलाई पढ्न लगाउनुहोस् । यसो गर्दा अनुच्छेदको लम्बाइ र विद्यार्थीहरूको सामान्य पठन गतिलाई ख्याल गरी समयसमेत तोक्न सकिन्छ ।

(ख) विद्यार्थीले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएका बोध प्रश्नहरू उनीहरूलाई सोधी त्यसमा प्रश्नोत्तर गर्न लगाउनुहोस् । उदाहरणका लागि पाठ्यपुस्तकको पृष्ठ १५ को दोस्रो अनुच्छेद दिनुहोस् ।

बोध प्रश्नहरू

- समुद्र भनेको कस्तो ठाउँ हो ?
- समुद्रमा रहँदा पानी कस्तो हुन्छ ?
- समुद्रबाट कसको जन्म हुन्छ ? इत्यादि ।

(ग) पाठको कुनै अनुच्छेद दिएर त्यसका मुख्यमुख्य बुँदाहरू टिप्न लगाउनुहोस् । जस्तै : पाठ्यपुस्तकको पहिलो अनुच्छेद लिनुहोस् ।

नमुना बुँदाहरू

- पानी हामीलाई बिहानदेखि रातीसम्म चाहिने
- हातमुख धुन, खाना पकाउन, बोटबिरुवामा हाल्न पानी चाहिने
- पानीको रूप र रङ नहुने, जुन रङ मिसायो त्यस्तै हुने

(घ) अनुच्छेद लेखनका लागि शिक्षकले विद्यार्थीहरूको स्तरअनुसारका उपयुक्त शीर्षकको छनोट गर्नुहोस् । यस्तो शीर्षक विद्यार्थीले पढेका विषयवस्तुसँग सम्बन्धित वा विद्यार्थीले नपढेको पनि हुन सक्छ ।

(ङ) अनुच्छेद लेखनको अभ्यास गराउँदा स्वतन्त्र वा निर्देशित दुवै तरिकाले गराउनुहोस् । निर्देशित लेखन गराउँदा शिक्षकले विषय शीर्षकका साथै त्यसमा पर्न सक्ने प्रमुख बुँदाहरू पनि उल्लेख गरिदिनुपर्छ । जस्तै :

नाम लक्ष्मीप्रसाद देवकोटा ......... जन्म वि.स. १९६६, कात्तिक २७ गते .............. बाबुको नाम तिलमाधव देवकोटा ........... आमा अमरराज्यलक्ष्मी ....... बालककालको नाम तीर्थमाधव देवकोटा ...... लक्ष्मीपूजाका दिन जन्म ......... सानैदेखि कविता लेख्ने ...... पछिसम्म धेरै कविता लेखेका ...... सबैभन्दा ठूला कवि ........ ।

(च) अनुच्छेदको स्वतन्त्र लेखन गराउँदा विद्यार्थीहरूलाई शीर्षक मात्र लेखी सोबारे एक अनुच्छेदमा वर्णन गर्न निर्देशन दिनुहोस् । यस्ता शीर्षकहरू अनुभव, आफ्नो सेरोफेरो, घरपरिवार आदिमा आधारित वा पढेको विषयवस्तुमा आधारित दुवै हुन सक्छन् ।

जस्तै :

| अनुभव सेरोफेरोमा आधारित शीर्षक | पठित शीर्षक |
|---|---|
| मेरो घर, वन, फूलबारी, पानी | महाकवि देवकोटा, ढुङ्गाको खिचडी, मेरो देश, हाट बजार, सगरमाथा आदि |

(छ) अनुच्छेद लेखनसम्बन्धी यस्तो अभ्यास कक्षाकार्यका रूपमा गराउन विद्यार्थीहरूलाई आफूले लेखेको अनुच्छेद एकपल्ट पुन: अवलोकन गर्न र आवश्यक परेमा काटछाँट गर्न लगाउनुहोस् ।

(ज) अनुच्छेद लेखनका क्रममा शिक्षकले विद्यार्थीहरूको लेखाइको सरसर्ती अवलोकन गर्नुहोस् र आवश्यक परेमा निर्देशन समेत दिनुहोस् । विद्यार्थीले लेखेका अनुच्छेदहरू कक्षामा विद्यार्थीहरूलाई सुनाउन लगाउनुहोस् र लेखाइबारे टिप्पणी गरी आवश्यक सुझाव दिनुहोस् ।

(झ) अनुच्छेद लेखन छोटो अभिव्यक्ति हुनाले यसले उनीहरूको सिर्जनात्मक लेखन क्षमता विकास गर्न सहयोग पुऱ्याउने हुँदा यस्ता स्वतन्त्र लेखनमा बढी प्रोत्साहित गर्नुपर्दछ ।

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई कुनै निश्चित अनुच्छेद सुनाएर वा पढ्न लगाएर सो अनुच्छेदबाट बोध प्रश्नहरू सोध्नुहोस् ।

(ख) निर्धारित अनुच्छेद दिई त्यसका मुख्यमुख्य कुरा वा सारांश लेख्न लगाउनुहोस् ।

(ग) निर्देशित वा स्वतन्त्र अनुच्छेद लेख्न दिई सोको लेखाइका आधारमा मूल्याङ्कन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

५. गृहकार्य

(क) पाठका बोध प्रश्न गर्न दिनुहोस् ।

(ख) कुनै अनुच्छेद दिई सारांश लेख्न दिनुहोस् ।

(ग) निर्देशित वा स्वतन्त्र वा दुवै खालका अनुच्छेद लेख्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : अभ्यास/व्याकरण

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) अभ्यासमा दिइएका बोध प्रश्नहरूका उत्तर दिन

(ख) अशुद्ध शब्दहरूलाई शुद्ध गरी लेख्न

(ग) चित्र वर्णन गर्न

२. शैक्षिक सामग्री

प्रश्नहरूको सूची, एकातर्फ अशुद्ध र अर्कोतर्फ शुद्ध लेखिएका शब्दपत्ती, चित्र आदि

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठ एकपटक पढ्न लगाई अभ्यासको प्र.नं. ३ मा दिइएका ठीक बेठीक छुट्याउने प्रश्न र प्रश्न नं. ४ को उत्तर दिन लगाउनुहोस् । उत्तरको उपयुक्तता हेरी आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

(ख) अभ्यासका प्र.न. ८ मा दिइएका प्रश्नहरूका बारेमा विद्यार्थीहरूबीच समूहमा छलफल गर्न लगाउनुहोस् ।

(ग) अभ्यासको प्र.नं. ५ का शब्दहरू शुद्ध पारी सार्न लगाउनुहोस् ।

(घ) विभिन्न अशुद्ध शब्दहरू दिएर शुद्ध गरी लेख्न लगाउनुहोस् ।

(ङ) अभ्यासको प्र.नं. ९ मा दिइएको चित्र दिएर वर्णन गर्न लगाउनुहोस् । चित्र वर्णन गर्न लगाउँदा विद्यार्थीलाई समूहमा बाँडेर समूहगत रूपमा छलफल गरी समूहका निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठका बोध प्रश्नका उत्तर दिन लगाउनुहोस् ।

(ख) अशुद्ध शब्द दिई शुद्ध गर्न लगाउनुहोस् ।

(ग) शुद्ध र अशुद्ध शब्दहरूको सूचीबाट शुद्ध र अशुद्ध शब्द छुट्याउन लगाई अशुद्ध शब्दको शुद्ध रूप भन्न लगाउनुहोस् ।

(घ) चित्र दिई वर्णन गर्न लगाउनुहोस् ।

५. गृहकार्य

अभ्यासका प्रश्न नं. ३, ४, ७, ८ र ९ गर्न लगाउनुहोस् ।

# पाठ : ४ किताब

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| शुद्धोच्चारण र लयवाचन | ३ |
| लयबोध | २ |
| भावबोध | २ |
| प्रश्नोत्तर | २ |
| व्याख्या | २ |
| व्याकरण/अभ्यास | ४ |

**पाठ्यवस्तु : शुद्धोचारण र लयवाचन** घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'किताब' कविताका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न

(ख) 'किताब' कविताको सस्वर वाचन गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम शिक्षक आफैँले कविताको नमुना वाचन गरेर कक्षामा सबै विद्यार्थीहरूलाई उच्चारण गर्न प्रेरित गर्नुहोस् ।

(ख) प्रत्येक विद्यार्थीलाई कविता वाचन गर्न लगाउनुहोस् । बिद्यार्थीले उच्चारण गरेका शब्द ठीक उच्चारण भएनभएको पत्ता लगाउनुहोस् ।

(ग) प्राय: जसो विद्यँ र्थीहरूले कस्ता कस्ता शँब्द उच्चारण गर्न सकेनन्, त्यसको सूची तयार गर्नुहोस् । उक्त शब्द कालोपाटी (सेतोपाटी) मा टिपेर पटक पटक उच्चारण गराउनुहोस् । जस्तै :

| |
|---|
| अजान, झर्को, अर्को, कहानी, नाना, विज्ञान, एकेक, छर्लङ्ङ, सम्पूर्ण, दरबार, सत्ज्ञान, भकारी, मनुष्य, जीवनमार्ग, हतास, बढिया, अज्ञान, सखाप |

(घ) माथिका शब्द पटक पटक विद्यार्थीहरूलाई उच्चारण गर्न प्रेरित गर्नुहोस् । विद्यार्थीलाई प्रेरणा र प्रोत्साहन दिनुहोस्, हतोत्साहन कहिल्यै नगर्नुहोस् ।

४. मूल्याङ्कन

(क) तल दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

बखान, नमानीकन, छर्लङ्ङ, साँच्चै, सत्ज्ञान, जीवनमार्ग

(ख) पाठमा प्रयोग भएका शब्द पटक पटक उच्चारण गराउनुहोस् । कविताको सस्वरवाचन गराउनुहोस् ।

५. गृहकार्य

(क) 'किताब' कविता पढेर आउन निर्देशन दिनुहोस् ।

(ख) तिमीले घरमा छर्लङ्ङ, साँच्चै, सत्ज्ञान, जीवनमार्ग, बखान जस्ता शब्द पटक पटक पढेर आई कक्षामा साथीहरूलाई सुनाउन निर्देशन गर्नुहोस् ।

## पाठ्यवस्तु : लयबोध

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'किताब' कविताका गति, यति लय मिलाएर वाचन गर्न

२. शैक्षिक सामग्री

कविताको लयबोध गराउन गति, यति र विश्राम समेत भएका चार्ट, सम्भव भए कविताको क्यासेट ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई आफूले जानेको कुनै कविता सुनाउन प्रेरित गर्नुहोस् । स्थानीय भाषाको गीत, कविता जे छ त्यो सुनाउन लगाएर विद्यार्थीहरूलाई पाठप्रति अभिप्रेरित गर्नुहोस् ।

(ख) 'किताब' कविता पहिले शिक्षक आफूले नमुनावाचन गरिदिनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई पालैपालो वाचन गर्न लगाउनुहोस् ।

(ग) कक्षामा कविता राम्ररी वाचन गर्ने विद्यार्थीलाई अगाडि ल्याएर स्याबासी दिनुहोस् र उसलाई नमुना वाचनका लागि प्रोत्साहित गर्नुहोस् ।

(घ) यो कविता विभिन्न तरिकाले वाचन गराएर कक्षालाई थप रोचक बनाउनुहोस् । समूहमा, एकल पहिलो चार लहर, अन्तिम दुई लहर, बीचको दुई लहर आदि मिलाएर अन्ताक्षरी खेल झैँ गराउनुहोस् ।

४. मूल्याङ्कन

किताब कविताका विभिन्न हरफ विद्यार्थीहरूलाई पालैपालो पढ्न लगाउनुहोस् ।

५. गृहकार्य

'किताब' कविता राम्रोसँग पढेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : भावबोध

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'किताब' कविता लय मिलाएर पढ्न

(ख) 'किताब' कविताको भावबोध गर्न

२. शैक्षिक सामग्री

भावबोध गराउन सरल प्रश्नहरूको सूची, भावार्थ लेखनको नमुना, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कविता पटक पटक लय हालेर पढ्न लगाउनुहोस् ।

(ख) पठन अभ्यास गराउँदा विद्यार्थीहरूबाट हुने उच्चारणगत त्रुटि पत्ता लगाएर सच्चाइदिनुहोस् ।

(ग) शुद्ध उच्चारण गरेर पढ्न पटकपटक प्रोत्साहित गर्नुहोस् ।

(घ) विद्यार्थीले पालैपालो कविताको पुरै अंश पढिसकेपछि अब प्रत्येक हरफको भाव बताइदिनुहोस् ।

(ङ) तपाईंले सबै कविताको भाव बताएपछि विद्यार्थीहरूलाई पाठमा आधारित छोटा र सरल प्रश्न सोध्नुहोस् । प्रश्नको उत्तर प्रस्ट नभए आफैँले बताइदिनुहोस् । यसरी प्रश्नोत्तर गर्दै पाठको पुरै अंश पूरा गर्नुहोस् । प्रश्न यस प्रकार हुन सक्छन् ।

- किताबले के मान्दैन ?
- किताबले के बताइदिन्छ ?
- कथा, कहानी, इतिहास कसले बताउँछ ?
- ज्ञान छर्लङ्ङ कसले पार्छ ?
- किताबको स्वभाव कस्तो छ ?
- मनुष्यको जीवनमार्ग कसले देखाइदिन्छ ?
- अज्ञान सखाप पार्न के गर्नुपर्छ ?

माथि सोधिएका प्रश्नहरूको उत्तर क्रमशः कालोपाटीमा टिप्दै जानुहोस् । कविताको भावार्थ तयार भएपछि त्यसलाई राम्रा अक्षरले बुझिने गरी सफासँग लेखेर भित्तामा टाँस्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) कविता लय हालेर पढ्न लगाउनुहोस् ।

(ख) भावबोधसम्बन्धी विभिन्न प्रश्नहरू सोध्नुहोस् ।

५. गृहकार्य

'किताब' शीर्षकको कविताको पहिलो श्लोकको भावार्थ लेखेर ल्याउन निर्देशन गर्नुहोस् ।

## पाठ्यवस्तु : प्रश्नोत्तर

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) किताब नामक कविताको अन्त्यमा दिइएका प्रश्नहरूको उत्तर भन्न र लेख्न

(ख) कविताका पाठ्यवस्तुसम्बधी प्रश्नहरूको मौलिक उत्तर भन्न र लेख्न

२. शैक्षिक सामग्री

(क) कवितामा आधारित प्रश्नहरूको सूची

(ख) छोटो प्रश्नहरूका नमुना उत्तर

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कविताको मौनवाचन गराउनुहोस् ।

(ख) शिक्षक आफैँले तयार गरेर ल्याएका छोटा प्रश्नहरू पटकपटक सोध्नुहोस् । विद्यार्थीलाई सरल र सहज तरिकाले उत्तर दिने वातावरण सिर्जना गर्नुहोस् ।

(ग) आफूले सोचेजस्तो उत्तर आउन नसके पटक पटक अभ्यास गराउनुहोस् । नमुना उत्तर आफैँले लेखिदिएर विद्यार्थीहरूलाई थप अभ्यास गर्न प्रेरित गर्नुहोस् ।

(घ) प्रश्नोत्तर गर्दा सबै विद्यार्थीहरूलाई समान अवसर दिनुहोस् । राम्रो गर्नेलाई स्याबासी दिनुहोस् तर नराम्रो गर्नेलाई हतोत्साहन नगर्नुहोस् । शिक्षक प्रेरणा र प्रोत्साहनको स्रोत हो भन्ने तथ्यलाई कहिल्यै नभुल्नुहोस् ।

४. मूल्याङ्कन

(क) कवितामा आधारित विभिन्न प्रश्न सोध्नुहोस् ।

(ख) मौलिक तथा लिखित उत्तर आउने प्रश्न सबैलाई समान स्तरमा सोध्नुहोस् ।

५. गृहकार्य

'किताब' शीर्षक कविताको अभ्यास खण्डमा भएका सबै प्रश्नहरू गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याख्या

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'किताब' शीर्षकको कविताका मुख्य पङ्क्ति छान्न

(ख) कविको नाम, कविता र त्यसको भाव बताउन

(ग) कविताका मुख्य पङ्क्तिहरूलाई बढाएर लेख्न

२. शैक्षिक सामग्री

कविताका हरफहरू बढाएर लेखेको नमुना, फलाटिन पाटी आदि

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई कविता पुरै मौनवाचन गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई द्विविधात्मक अवस्था सिर्जना भए त्यसको सही समाधान गरिदिनुहोस् ।

(ग) कविताका मुख्य हरफहरू छानेर रेखाङ्कन गराउनुहोस् । जस्तै :

पढेर राम्रा बढिया किताब

म गर्छु अज्ञान सबै सखाप

(घ) कवितालाई सकेसम्म बढाएर लेख्न प्रोत्साहन गर्नुहोस् ।

(ङ) कविताका मुख्य पङ्क्तिका बारेमा विद्यार्थीहरूबीच छलफल गराउनुहोस् ।

(च) विद्यार्थीहरूको छलफलबाट निस्किएको निष्कर्षलाई नमुना उत्तरको रूपमा तयार गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) 'किताब' शीर्षकको कविताका मुख्य हरफ छानेर बढाएर भन्न लगाउनुहोस् ।

(ख) कविताका हरफ बढाएर लेख्ने निर्देशन दिनुहोस् ।

५. गृहकार्य

बढाएर लेख्न लगाउनुहोस् :

राखेर सत्ज्ञान ठूलो भकारी

बाँड्ने तिमी नै उपकार भारी

## पाठ्यवस्तु : व्याकरण/अभ्यास

घन्टी : ४

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका उल्टो अर्थ आउने शब्द लेख्न र भन्न

(ख) पाठको अन्त्यमा भएका अभ्यास गर्न

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, उल्टो अर्थ आउने शब्दहरूको तालिका, फलाटिन पाटी, गोजी तालिका आदि

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) गोजी तालिकाका माध्यमबाट विभिन्न शब्दहरू र तिनीहरूको उल्टो अर्थ आउने शब्दबारे विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।

(ख) विभिन्न शब्दहरूको उल्टो अर्थ लेखेर वाक्यमा प्रयोग गर्न प्रेरित गर्नुहोस् ।

(ग) पाठको अन्त्यमा अभ्यास खण्डमा भएका प्रश्नहरूको सही उत्तर लेख्ने निरन्तर अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई बढी सहभागी गराएर निरन्तर अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

पाठ्यपुस्तकमा भएका सबै अभ्यास गर्न निर्देशन दिनुहोस् ।

५. **गृहकार्य**

निम्नलिखित शब्दहरूको उल्टा अर्थ आउने शब्द लेखेर ल्याउन निर्देशन गर्नुहोस् :

शत्रु, झुटो, दोषी, पुरानो, बढिया

## पाठ : ५ अनौठो परीक्षा

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| शुद्धोच्चारण र सस्वरवाचन | ३ |
| शब्दार्थ | २ |
| वाक्यमा प्रयोग | २ |
| बोध प्रश्नोत्तर | २ |
| सारांश र व्याख्या | २ |
| अभ्यास | २ |
| व्याकरण | २ |

| पाठ्यवस्तु : शुद्धोच्चारण र सस्वरवाचन | घन्टी : ३ |
|---|---|

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'अनौठो परीक्षा' कथाका निर्धारित अनुच्छेदहरूको सस्वरवाचन गर्न

(ख) कथामा प्रयुक्त कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न

२. शैक्षिक सामग्री

कठिन शब्दहरूको सूची, शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

सर्वप्रथम शिक्षकले विषयवस्तुमा आधारित विभिन्न रोचक कथा सुनाएर विद्यार्थीहरूलाई पाठप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(क) शिक्षकले 'अनौठो परीक्षा' कथाको कुनै एक अनुच्छेदको सस्वरवाचन गरिदिनुहोस् ।

(ख) आफूले नमुना वाचन गरेपछि विद्यार्थीहरूलाई पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले सस्वरवाचन गर्दा त्रुटि पत्ता लगाई आफैँले उच्चारण गरिदिनुहोस् ।

(घ) सस्वरवाचनपछि विद्यार्थीहरूलाई मौनवाचन गर्न निर्देशन दिनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई कठिन लागेका शब्द कापीमा टिप्न वा सिसाकलमले रेखाङ्कन गर्न लगाउनुहोस् ।

(च) विद्यार्थीले कापीमा टिपेका उच्चारण गर्न कठिन शब्दहरू क्रमश: कालो वा सेतो पाटीमा टिप्दै जानुहोस् ।

(छ) भरसक विद्यार्थीहरूबाटै उच्चारण गराउने प्रयास गर्नुहोस् । राम्रो उच्चारण गर्ने विद्यार्थीलाई निरन्तर स्याबासी दिन नभुल्नुहोस् ।

(ज) विद्यार्थीहरूबाट प्रस्ट उच्चारण हुन नसकेका शब्दहरू आफैं उच्चारण गरेर सबैलाई सँगै उच्चारण गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठको अन्त्यमा भएको शुद्धोच्चारण क्रियाकलाप गर्न निर्देशन दिनुहोस् ।

(ख) शव्दार्थको शुद्धोच्चारण गर्न निर्देशन दिनुहोस् ।

५. गृहकार्य

पाठ गम्भरी पढेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ

घन्टी : २

### १. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'अनौठो परीक्षा' कथामा प्रयोग भएका कठिन शब्दहरूको अर्थ भन्न

### २. शैक्षिक सामग्री

शब्दार्थ पत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी आदि ।

### ३. शिक्षणसिकाइ कियाकलाप

(क) सर्वप्रथम पाठको सस्वरवाचन गर्न निर्देशन दिनुहोस् ।

(ख) सस्वरवाचनपछि विद्यार्थीहरूलाई कठिन शब्दहरू कापीमा टिप्न निर्देशन गर्नुहोस् ।

(ग) विद्यार्थीले कापीमा टिपेका सबै शब्दहरू क्रमश: कालो वा सेतो पाटीमा टिप्नुहोस् ।

(घ) सबै विद्यार्थीलाई समान अवसर दिएर उत्तर भन्न लगाउनुहोस् । सही उत्तर भन्नेलाई स्याबासी दिनुहोस् । शब्दको अर्थ सबैले बुझ्नेगरी लेख्नुहोस् ।

(ङ) कमजोर तथा अनेपाली भाषाभाषी भएका विद्यार्थीहरूलाई विशेष ध्यान दिनुहोस् ।

(च) शब्दको सही अर्थ पाठको अन्त्यमा भएको जोडा मिलाउने अभ्यासमा खोज्न लगाउनुहोस् । सही उत्तर पत्ता लगाउने विद्यार्थीलाई स्याबासी दिनुहोस् । सही उत्तर पत्ता लगाउन नसके आफैंले उत्तर भनिदिनुहोस् ।

(छ) यसरी विद्यार्थीहरूले राम्ररी नजानेसम्म निरन्तर अभ्यास गराइरहनुहोस् ।

### ४. मूल्याङ्कन

(क) कक्षामा विद्यार्थीहरूलाई विभिन्न कठिन शब्दहरूको अर्थ सोध्नुहोस् ।

(ख) अभ्यासमा भएका जोडा मिलाउने क्रियाकलाप गराउनुहोस् ।

### ५. गृहकार्य

अभ्यास खण्डमा भएका शब्द र तिनको सही अर्थ पत्ता लगाउन निर्देश गर्नुहोस् ।

# पाठ्यवस्तु : वाक्यमा प्रयोग

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'अनौठो परीक्षा' कथामा प्रयोग भएका विभिन्न शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

वाक्यपत्ती, शब्दपत्ती, वाक्य निर्माणका नमुना चार्ट आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई मौनवाचन गर्ने निर्देशन दिनुहोस् । त्यसपछि कठिन शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्दहरूको अर्थ खोज्न प्रोत्साहन गर्नुहोस् । विद्यार्थीले सही अर्थ खोज्न नसके आफैँ अर्थ भनिदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न प्रेरित गर्नुहोस् ।

(ग) विभिन्न वाक्यहरू, वाक्यमा प्रयोग भएका नमुना चार्टहरू, फलाटिन पाटीमा टाँसेर सबैलाई पढ्न निर्देशन दिनुहोस् ।

(घ) कक्षामा वाक्य निर्माणको प्रतियोगिता गराउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई सधैँ सकारात्मक वाक्य बनाउन प्रेरित गर्नुहोस् । नकारात्मक अर्थ आउने वाक्यलाई कहिल्यै प्रोत्साहन नगर्नुहोस् ।

(च) विद्यार्थीले बनाएका वाक्यको वाक्यगठन राम्ररी हेरेर नमिलेका भए सच्याइदिनुहोस् ।

४. मूल्याङ्कन

(क) अभ्यास खण्डमा भएका वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(ख) विभिन्न शब्द दिएर वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् ।

५. गृहकार्य

वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् :

लुकाउनु, चेलो, आज्ञा, क्षमा, मदत, सजिलो

# पाठ्यवस्तु : बोध प्रश्नोत्तर

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) विभिन्न अनुच्छेदहरू पढेर बुझ्न

(ख) निर्धारित अनुच्छेदहरूबाट सोधिएका विभिन्न प्रश्नहरूको उत्तर भन्न र लेख्न

२. शैक्षिक सामग्री

विभिन्न प्रश्नहरूको सूची, नमुना प्रश्नोत्तरको चार्ट आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई छुट्टाछुट्टै समूह बनाएर विभिन्न अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले मौनवाचन गरिसकेपछि त्यस अनुच्छेदसँग सम्बन्धित प्रश्न दिएर आपसमा छलफल गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूले छलफलबाट निकालेको निष्कर्ष कालो वा सेतो पाटीमा क्रमश: टिप्दै जानुहोस् ।

(घ) प्रश्न र उत्तरको चार्ट बनाई सबैले देख्ने ठाउँमा झुन्ड्याउनुहोस् । सबै विद्यार्थीहरूलाई पालैपालो प्रश्न र उत्तर पढ्न लगाउनुहोस् । विद्यार्थीलाई अरू धेरै प्रश्न दिएर उत्तर लेख्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीले दिएको उत्तर ठीक छ कि छैन कक्षामा छलफल गराउनुहोस् ।

(च) उत्तर ठीक नभए आफैँले लेखिदिनुहोस् ।

(छ) यसरी निरन्तर प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) विभिन्न छोटा प्रश्न सोध्नुहोस् ।

(ख) स्पष्ट उत्तर नआए पुन: पाठलाई दोहोऱ्याई तेहऱ्याई पढ्न निर्देशन गर्नुहोस् ।

५. गृहकार्य

पाठको अन्त्यमा भएका प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : सारांश र व्याख्या

घन्टी : २

१ उद्देश्य

यस पाठको शिक्षण सकेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कथाका विभिन्न अनुच्छेदहरूलाई छोटकरीमा लेख्न

(ख) पाठमा प्रयोग भएका महत्त्वपूर्ण हरफहरूलाई बढाएर लेख्न

२ शैक्षिक सामग्री

सारांशको नमुना, व्याख्याको नमुना उत्तर आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विभिन्न अनुच्छेदको मौनवाचन गर्न लगाउनुहोस् । यसपछि महत्त्वपूर्ण कुरा रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीहरूले रेखाङ्कन गरेका मुख्य कुराहरू पुनर्लेखन गराई एकतिहाइ मात्र लेख्न प्रोत्साहन गर्नुहोस् ।

(ग) पाठमा भएका महत्त्वपूर्ण लाइनलाई बढाएर लेख्न क्रमैसँग अभ्यास गराउनुहोस् ।

(घ) बढाएर लेखेका वाक्य ठीक भए नभएको हेरेर उचित निर्देशन दिनुहोस् ।

४ मूल्याङ्कन

(क) विभिन्न अनुच्छेद छुट्याएर समूहगतरूपमा सारांश लेख्न निर्देशन दिनुहोस् ।

(ख) बढाएर लेख्न विभिन्न हरफ दिनुहोस् ।

५. गृहकार्य

पाँचौं अनुच्छेद छोटो पारी लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

घन्टी : २

२. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'अनौठो परीक्षा' नामक कथाको अभ्यासमा भएका सम्पूर्ण क्रियाकलाप गर्न

२. शैक्षिक सामग्री

शब्दार्थ, जोडा मिलाउने, प्रश्नोत्तर आदिका नमुना उत्तरहरू, फलाटिन पाटी, प्रश्नसूची आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(ख) प्रत्येक समूहलाई अभ्यासको कुनै एक समस्या दिएर आपसमा छलफल गराउनुहोस् । विद्यँ र्थीहरूले छलफलबाट समस्या समाधान गर्न नसके आफैँ समाधान गरिदिनुहोस् ।

(ग) हरेक समूहको टोली नेतालाई आ-आफ्नो समूहको समस्या र समाधानसम्बन्धी टिपोट प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

(घ) विद्यार्थीहरूबाट आएको समाधान सही नभए शिक्षकले सच्याइदिनुहोस् ।

(ङ) सबै विद्यार्थीहरूलाई समान अवसर दिनुहोस् ।

(च) प्रत्येक समूहमा विषय परिवर्तन गरेर पनि छलफल गराउनुहोस् । राम्रो प्रस्तुति गर्ने विद्यार्थी वा समूहलाई स्याबासी दिँदै प्रोत्साहन गर्नुहोस् ।

४. मूल्याङ्कन

पाठको अन्त्यमा अभ्यास खण्डमा भएका विभिन्न प्रश्न सोध्नुहोस् । तिनको उत्तर लेख्न समेत लगाउनुहोस् ।

५. गृहकार्य

अभ्यासमा भएका प्रश्नहरूको उत्तर लेखेर ल्याउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याकरण

घन्टी : २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :
'अनौठो परीक्षा' कथामा भएका व्याकरणहरू बुझ्न र प्रयोग गर्न

२. **शैक्षिक सामग्री**

गोजी तालिका, शब्दपत्ती, वाक्यपत्ती, फलाटिन पाटी आदि

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) अभ्यास खण्डमा भएमा वाक्यमा प्रयोग, क्रम मिलाउने, खाली ठाउँमा भर्ने, जोडा मिलाउने जस्ता क्रियाकलाप गराउनुहोस् ।

(ख) अनुलेखन क्रियाकलाप पटक पटक गराउनुहोस् ।

(ग) विद्यार्थीले बनाएका वाक्यमा वाक्य गठन मिले नमिलेको हेरेर उनीहरूलाई कर्ताअनुसारको क्रियाको प्रयोग गर्न अभ्यास गराउनुहोस् ।

(घ) शब्दको अर्थ, त्यसको उल्टो अर्थ आदिका बारेमा कक्षामा छलफल गराउनुहोस् ।

(ङ) लिङ्ग, वचन, पुरुषका आधारमा पदसङ्गति मिले नमिलेको हेरेर पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विभिन्न अपूरा वाक्य दिएर पूरा गर्न लगाउनुहोस् । जस्तै :

सीता कविता ......... । (लेख्छ, लेख्छे)

बुबा बजार............. । (जानुभयो, गयो)

म पनि स्कुल .......... । (गयो, गएँ)

५. **गृहकार्य**

तलका वाक्य पूरा गरेर ल्याउन लगाउनुहोस् :

(क) चरो भुर्र............. । (उड्यो, उड्नुभयो)

(ख) मामा पापा लिएर ......... । (आयो, आउनुभयो)

(ग) गुरु कक्षामा ........... । (आयो आउनुभयो)

(घ) म साथीसँग .............. । (खेल्छस्, खेल्छु)

(ङ) आमा खाना .............. । (पकाउँछ, पकाउनुहुन्छ)

पाठ : ६

# हाटबजार

अनुमानित घन्टी : १४

| पाठ्यवस्तु | अनुमानित घन्टी |
| --- | --- |
| सस्वरवाचन | २ |
| शुद्धोच्चारण | १ |
| शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| प्रश्नोत्तर/पठन बोध | ३ |
| अभ्यास/व्याकरण | ३ |
| संवाद रचना | २ |

**पाठ्यवस्तु : सस्वरवाचन** घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सामान्य रूपमा सस्वरवाचन गर्न

(ख) गति, यतिलाई ख्याल गरेर सस्वरवाचन गर्न

(ग) हाउभाउसहित सस्वरवाचन गर्न

(घ) सामूहिक र एकल रूपमा पुरै पाठ सस्वरवाचन गर्न

२. शैक्षिक सामग्री

(क) पाठ्यपुस्तक

(ख) वाक्यपत्ती र फलाटिन पाटी

(ग) दैनिक प्रयोगमा आउने अन्य सामग्री

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गरेर पाठमा रहेको चित्रलाई देखाउँदै निम्नलिखित प्रश्न सोधी विद्यार्थीको ध्यान पाठप्रति आकर्षित गर्नुहोस् :

(अ) चित्रमा केके काम भइरहेको छ ?

(आ) तिमीहरूलाई चाहिने सामान कहाँकहाँबाट किन्न सक्छौ ?

(इ) तिमीहरूको खेतबारीमा फलेका फलफूल, तरकारी आफूलाई चाहिनेभन्दा बढी भएमा बिक्रीका लागि कहाँ लैजाने गरेका छौ ?

(ई) तिमीहरूको गाउँमा धेरै मानिस भेला भएर आफूलाई चाहिने सामान किन्ने र बढी भएको सामान बेच्ने गरेको देखेका छौ ? छौ भने त्यसलाई के भनिन्छ ?

(ख) विद्यार्थीलाई सस्वरवाचनका लागि उपयुक्त समूहमा विभाजन गर्नुहोस् ।

(ग) प्रस्तुत हाटबजार संवाद पाठको प्रारम्भिक अंश आदर्श वाचन गरेर सुनाउनुहोस् र समूहबाट एकएकजना विद्यार्थीलाई पालैपालो अनुवाचन गर्न लगाउनुहोस् ।

(घ) संवादमा छोटा प्रश्नोत्तरका रूपमा गरिएका वार्तालापहरू कालो पाटीमा लेख्नुहोस् र कक्षाका कमजोर विद्यार्थीलाई ती वार्तालापहरू पाठमा खोजेर सस्वरवाचन गर्न भन्नुहोस् । यसरी सस्वरवाचन गराउँदा समूहका विद्यार्थीहरूलाई पालैपालो गरी सस्वरवाचन गर्न अवसर प्रदान गर्नुहोस् । कमजोर विद्यार्थीले सस्वरवाचनमा त्रुटि गरेमा जान्ने विद्यार्थीहरूबाट सच्याउन लगाउनुहोस् ।

(ङ) पाठमा अनुच्छेदका रूपमा प्रस्तुत गरिएका वार्तालाप रामजनम र शिल्पाको अभिनय गरी गति र यति मिलाएर हाउभाउका साथ सस्वरवाचन गर्न लगाउनुहोस् ।

(च) पाठलाई विभिन्न अंशमा विभाजन गर्नुहोस् र एक अंश एउटा विद्यार्थीबाट र अर्को अंश अर्को विद्यार्थीबाट एकल सस्वरवाचन गर्न निर्देश गर्नुहोस् ।

(छ) प्रत्येक समूहमा सस्वरवाचन क्रियाकलाप प्रयोग गर्नुहोस् । समूहमा एउटा विद्यार्थीले सस्वरवाचन गर्दा अन्य विद्यार्थीलाई साथीले गरेको सस्वरवाचनमा ध्यान केन्द्रित गरी पाठ हेर्न र सुन्नका लागि सचेत गराउनुहोस् । त्यसपछि पालैपालो समूहका सबै सदस्यबाट सस्वरवाचन गराउनुहोस् ।

(ज) शिक्षणपछि रामजनम र शिल्पा बनेर दुई जना विद्यार्थीबाट पुरै पाठ सस्वरवाचन गरेर सुनाउन लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) निर्दिष्ट अनुच्छेदको गति र यति मिलाई हाउभाउका साथ सस्वरवाचन गर्न लागाउनुहोस् ।

(ख) पाठमा रहेको अभ्यासअन्तर्गतको प्र.नं. २ गर्न लगाउनुहोस् ।

५. थप निर्देशन

हाटबजार पाठ घरमा रहेका सदस्यहरूलाई सस्वरवाचन गरेर सुनाउन निर्देश गर्नुहोस् ।

# पाठ्यवस्तु : शुद्धोच्चारण

घन्टी : १

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सरल शब्द उच्चारण गर्न

(ख) पाठमा रहेका नयाँ शब्दहरू पहिचान गर्न

(ग) नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न

(घ) विभक्ति लागेका शब्द उच्चारण गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, नयाँ उच्चारण भएका शब्दहरूको सूची, गोजी तालिका, फलाटिन पाटी, पाठ्यपुस्तक र दैनिक प्रयोगमा आउने अन्य सामग्री आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षाको वातावरणलाई व्यवस्थित गरी विद्यार्थीको ध्यान पाठप्रति आकर्षित गर्नुहोस् ।

(ख) हाटबजार, तिमी, आमा, एउटा, चामल जस्ता सरल शब्द लेखिएका शब्दपत्तीलाई गोजी तालिकामा राखेर देखाउनुहोस् र विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ग) सरल शब्दपछि जटिल शब्दको उच्चारण गराउनुहोस् । जटिल शब्दको उच्चारण गराउँदा कालोपाटीमा विद्यार्थी, कहिल्यै, लाग्छ, शिल्पा, थुप्रै, पाइन्छन्, सस्तो, फुर्सद, विद्यालय, धन्यवाद जस्ता शब्द लेखेर विद्यार्थीलाई पालैपालो उच्चारण गर्न निर्देशन दिनुहोस् ।

(घ) जटिल शब्द उच्चारण गर्न कठिन हुने विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् र अभ्यासका लागि थप अवसर दिनुहोस् ।

(ङ) उच्चारण क्रियाकलाप गराउँदा कुनै विद्यार्थीले गरेको उच्चारण ठीक छ वा छैन उनीहरूको साथीबाट नै यकिन गर्न निर्देश गर्नुहोस् र ठीक नभए सच्याउन पनि विद्यार्थीलाई नै लगाउनुहोस् ।

(च) तिमीले, गाउँमा, गएकी, तिमीलाई, घरबाट जस्ता विभक्ति लागेका शब्दपत्तीहरू फलाटिन पाटीमा टाँस्नुहोस् र विद्यार्थीलाई पालैपालो उच्चारण गर्न निर्देश गर्नुहोस् ।

(छ) क्रियाकलापका रूपमा प्रयोग भएका शब्द उच्चारण अभ्यास गराउन पाठमा प्रयोग भएका शब्द तपाईं भन्दै जानुहोस् । विद्यार्थीलाई सिसाकलमले रेखाङ्कन गर्न लगाउनुहोस् र रेखाङ्कन गरिएका शब्द उच्चारण गर्न निर्देश गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) पाठमा रहेका निम्नलिखित सरल तथा नयाँ शब्दको उच्चारण गर्न लगाउनुहोस् : बार, बुबा, मासु, हाटबजार, त्यस्तै, थुप्रै, लाग्ने, मङ्गलबार, विद्यालय, धन्यवाद ।

(ख) पाठको अभ्यास नं. १ गराउनुहोस् ।

५. थप सुझाव

(क) पाठमा प्रयोग भएका शब्दहरू प्रस्टसँग उच्चारण गरेर आफ्ना अभिभावकलाई सुनाउन भन्नुहोस् ।

(ख) पाठमा आफूलाई उच्चारण गर्न नयाँ लागेका शब्दहरू पहिचान गरी ल्याउन निर्देशन दिनुहोस् ।

# पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन

(ख) पाठमा प्रयुक्त नयाँ शब्दलाई आफ्नै वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका, फलाटिन पाटी, पाठ्यपुस्तक र दैनिक प्रयोगमा आउने सामग्री आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गरी विद्यार्थीको ध्यान पाठप्रति आकर्षित गर्नुहोस् ।

(ख) पाठलाई मौनवाचन गर्न लगाउनुहोस् र विद्यार्थीले नजानेका नयाँ शब्दहरू रेखाङ्कन वा टिपोट गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले पाठबाट छानेका नयाँ शब्दहरू कालोपाटीमा टिप्नुहोस् र ती शब्दको अर्थ पालैपालो सोध्नुहोस् ।

(घ) उनीहरूले अर्थ बताउन नसकेका शब्दलाई गोजी तालिका फलाटिन पाटीमा टाँसी अर्थ बताइदिनुहोस् ।

(ङ) पाठमा प्रयोग भएका नयाँ शब्दको अर्थ जानिसकेपछि ती शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गर्न लगाउँदा पहिला आफूले कालोपाटीमा एकदुईओटा शब्दलाई वाक्यमा प्रयोग गरेर देखाउनुहोस् र पालैपालो विद्यार्थीलाई पनि गर्न लगाउनुहोस् । ठीकै गरेमा ठीक भएको सङ्केत गर्नुहोस् र ठीक नभएमा वाक्यपत्तीका सहायताले ठीक प्रयोग सिकाउनुहोस् ।

(च) पाठका नयाँ शब्दको शब्दार्थ शिक्षण गराईसकेपछि ती शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसरी वाक्यमा प्रयोग गराउँदा एकभन्दा बढी प्रयोगहरू गर्न उत्प्रेरित गर्नुहोस् ।

(छ) शब्दार्थ शिक्षण गर्दा केही शब्दलाई विपरीतार्थ दिएर, केहीलाई पर्यावाची दिएर, केहीलाई चित्र देखाएर, केहीलाई ठोस वस्तु प्रयोग गरेर र केहीलाई वाक्यमा प्रयोग गरेर प्रस्ट्याउन सकिन्छ । यीमध्ये तपाईंलाई जुन सजिलो लाग्छ त्यही तरिका अपनाएर शब्दको अर्थ बताइदिनुहोस् ।

(ज) शव्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउँदा लिखित र मौखिक दुवै रूपमा अभ्यास गराउनुहोस् ।

(झ) पाठको विषयवस्तुको सन्दर्भ र फरक सन्दर्भ दुवैलाई आधार मानेर वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने प्रयास गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) पाठको अभ्यास खण्डको प्र.न. ३ गराउनुहोस् ।

(ख) तलका शब्दको अर्थ लेख्न लगाउनुहोस् :

दुईगुना, गुलिया, थुप्रै, अन्त, हाटबजार

(ग) तलका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

फुर्सद, सस्तो, सामान, पो, धन्यवाद

(घ) तलका शब्दको अर्थ लेखेर ल्याउन निर्देश गर्नुहोस् :

लुगा, सेलरोटी, विद्यालय

५. गृहकार्य

(क) पाठबाट आफूलाई सजिलो लाग्ने पाँचओटा शब्द छनोट गरी तिनलाई आफ्नै वाक्यमा प्रयोग गरेर ल्याउन निर्देश गर्नुहोस् ।

(ख) अभ्यासको प्र.नं. ६ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

# पाठयवस्तु : प्रश्नोत्तर/पठनबोध

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) हाटबजार पाठका विषयवस्तुसम्बन्धी प्रश्नहरूको मौखिक तथा लिखित उत्तर दिन

(ख) पाठका विषयवस्तुका सम्बन्धमा छलफल गरी आफ्नो विचार प्रस्तुत गर्न

२. शैक्षिक सामग्री

(क) हाटबजार लागेको पोस्टर वा चित्र

(ख) विषयवस्तुसम्बन्धी प्रश्नहरूको सूची

(ग) प्रश्नोत्तरका लागि आवश्यक प्रश्नहरूको सूची पत्र

(घ) फलाटिन पाटी

(ङ) पाठ्यपुस्तक र दैनिक प्रयोगमा आउने अन्य सामग्री

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गरी विद्यार्थीको ध्यान पाठप्रति आकर्षित गर्नुहोस् ।

(ख) हाटबजार लागेको पोस्टर वा चित्र फलाटिन पाटीमा टाँसेर त्यसका विषयमा छलफल गराउनुहोस् ।

(ग) हाटबजार पाठमा दिएको कथानक सबै विद्यार्थीहरूले बुझ्ने गरी प्रस्टसँग बताउनुहोस् र विद्यार्थीलाई ध्यान दिएर सुन्न निर्देश गर्नुहोस् ।

(घ) 'हाटबजार' पाठ पढ्न सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

(ङ) विद्यार्थीको जोडी समूह बनाई उनीहरूलाई रामजनम र शिल्पाको अभिनय गर्दै कुराकानी गर्न निर्देश गर्नुहोस् ।

(च) कालोपाटीमा निम्नलिखित प्रश्न लेख्नुहोस् वा तपाईंले प्रश्नोत्तरका लागि तयार पारेका प्रश्नको सूची फलाटिन पाटीमा टाँसी विद्यार्थीलाई पालैपालो मौखिक रूपमा उत्तर दिन भन्नुहोस् :

- पाठ्यपुस्तकको हाटबजार पाठमा दिइएको चित्रमा केके काम भइरहेको छ ?
- तिमी हाटबजार गएका छौ ?
- रामजनम र शिल्पाले केका बारेमा कुराकानी गरेका छन् ?
- तिम्रो गाउँमा हाटबजार कुन बार लाग्छ ?
- तिम्रो घरबाट सामान किन्न को जान्छ ?
- तिम्रो गाउँमा लाग्ने हाटबजारमा केके पाइन्छ ?

(छ) कक्षाको एकजना विद्यार्थीलाई सबै विद्यार्थीको सामुन्नेमा बोलाउनुहोस् र निम्नलिखित प्रश्नलाई आधार मानेर ऊसँग कुराकानी गर्नुहोस् । त्यो कुराकानी ध्यान दिएर सुन्न अरू विद्यार्थीलाई निर्देश गर्नुहोस् :

- शिल्पा जस्तै तिमी पनि कहिलेकाहीँ हाटबजार गएका छौ ?
- शिल्पाको मामाघरमा कुन बार हाटबजार लाग्छ ?
- बुधबार लाग्ने हाटबजारलाई के भनिन्छ ?
- रामजनम र शिल्पा कहिले हाटबजार जाने विचार गरे ?
- हाटबजारका नाम कसरी रहन्छन् ?

(ज) कक्षाका दुईजना विद्यार्थी (छात्रा र छात्र) लाई कक्षाकोठाको अगाडि बोलाउनुहोस् र उनीहरूमध्ये एउटालाई रामजनम र अर्कोलाई शिल्पा बनेर वार्तालाप गर्न लगाउनुहोस् । वार्तालाप हाटबजारका बारेमा पनि हुन सक्छ वा त्यस्तै अन्य शीर्षक दिन सक्नुहुन्छ । जस्तो : डाक्टर र बिरामी, शिक्षक र विद्यार्थी ... वार्तालापमा प्रश्नोत्तरका लागि तपाईंले विद्यार्थीलाई सहयोग गर्नुहोस् ।

(झ) निम्नलिखित प्रश्नहरूको सूची फलाटिन पाटीमा टाँस्नुहोस् र ती प्रश्नको उत्तर कक्षामा नै लेखेर देखाउन सबै विद्यार्थीलाई निर्देश गर्नुहोस् :

- दुईजना विद्यार्थी विद्यालयको चौरमा बसेर केका बारेमा कुरा गर्दै छन् ?
- हाटबजारमा सामान सस्तोमा पाइन्छ कि महँगोमा ?
- शिल्पा र रामजनममा कसले कसलाई धन्यवाद दिए ?
- धन्यवाद दिनाको कारण के थियो ?
- धन्यवाद दिएपछि शिल्पा र रामजनम कहाँ गए ?

(ञ) लिखित प्रश्नोत्तर गर्दा सही उत्तर छान्ने, ठीक-बेठीक छुट्याउने, जोडा मिलाउने र खाली ठाउँ भर्ने जस्ता प्रश्न पनि दिनुहोस् ।

४. मूल्याङ्कन

विद्यार्थीहरूलाई पहिला समूहमा र त्यसपछि एकल रूपमा निम्नलिखित प्रश्नहरू सोध्नुहोस् र उत्तर भन्न निर्देशन दिनुहोस् :

- रामजनमका गाउँमा कुन बार हाटबजार लाग्छ ?
- रामजनमका गाउँमा लाग्ने हाटबजारमा केके चिज पाइन्छन् ?
- शिल्पा कति पटक हाटबजार गएकी छन् ?
- शिल्पाको घरबाट सामान किन्न को जान्छ ?

५. गृहकार्य

(क) पाठको अभ्यास नं. ५ र ८ लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) सस्तो, फुर्सद र थुप्रै शब्दलाई वाक्यमा प्रयोग गरेर ल्याउन भन्नुहोस् ।

(ग) हाटबजारका नाम कसरी राखिने रहेछ, लेखेर ल्याउन लगाउनुहोस् ।

(घ) पुस्तकको ६ नं. का जस्ता कथा दिई बोध प्रश्नोत्तर गराउनुहोस् ।

# पाठयवस्तु : अभ्यास / व्याकरण

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'हाटबजार' पाठको अभ्यासमा दिएका भाषिक सीपसँग सम्बन्धित प्रश्नहरूको जवाफ भन्न र लेख्न

(ख) पाठको अभ्यासमा दिइएका प्रश्नहरू समाधान गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, दैनिक प्रयोगमा आउने सामग्रीहरू ।

३. शिक्षणसिकाइ क्रियालकलाप

(क) विद्यार्थीहरूको ध्यान आफूतिर केन्द्रित गर्दै पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) हाटबजार पाठबाट विद्यार्थीहरूमा सुनाइ सीप विकास गर्न अभ्यासको प्र.नं. २ को क्रियाकलाप गराउनुहोस् । यो क्रियाकलाप गराउँदा रामजनम र शिल्पा भएर हाटबजार संवाद पालैपालो पढेर सुनाउन लगाउनुहोस् ।

(ग) यस पाठबाट बोलाइ सीपको विकास गराउन पाठको अभ्यासअन्तर्गतको प्र.नं. ८ लाई मौखिक रूपमा भन्न लगाउनुहोस् । यो अभ्यास गराउँदा सबै विद्यार्थीलाई समान अवसर दिनुहोस् ।

(घ) अभ्यासको प्र.नं. १ मा दिएका शब्दहरू कालोपाटीमा लेख्नुहोस् वा शब्दपत्तीको प्रयोग गरी फलाटिन पाटीमा टाँस्नुहोस् र सबै विद्यार्थीहरूलाई पालैपालो गरी ती शब्द उच्चारण गर्न लगाउनुहोस् । उच्चारण गर्न नसक्ने विद्यार्थीका लागि पहिला अन्य विद्यार्थीद्वारा उच्चारण गर्न निर्देश गर्नुहोस् र अन्यले पनि शुद्ध उच्चारण गर्न नसकेमा शिक्षक स्वयम्ले शुद्ध उच्चारण गरी विद्यार्थीहरूलाई पनि उच्चारण गर्न लगाउनुहोस् ।

(ङ) पाठको अभ्यासअन्तर्गतको प्र.नं. २ र ५ गर्न लगाउनुहोस् । यो अभ्यासबाट विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ चारै सीपको विकास गराउन सकिन्छ । यो क्रियाकलाप गराउँदा सबै विद्यार्थीहरूलाई समान अवसर प्रदान गर्नुहोस् ।

(च) विद्यार्थीलाई लेखाइ सीपको विकास गराउन पाठको अभ्यासमा रहेका प्र.न. ४, ७ र ८ गर्न लगाउनुहोस् ।

(छ) हाटबजार संवाद पाठबाट विद्यार्थीहरूलाई भाषातत्त्वसँग सम्बन्धित कुरा सिकाउन अभ्यासअन्तर्गतका प्र.नं. ३ र ६ का क्रियाकलाप गर्न लगाउनुहोस् । प्रश्न नं. ३ गराउँदा सम्भावित विद्यार्थीहरूलाई पाठबाट शब्द खोजेर लेख्न लगाउनुहोस् । त्यस्तै ७ नं. को क्रियाकलाप गराउँदा धेरै वाक्य बनाउन लगाउनुहोस् र त्यस्तै खाले अन्य तालिका दिएर थप अभ्यास गराउनुहोस् । जसले विद्यार्थीमा धेरै वाक्य बनाउने सीप विकास गराउँछ ।

४. मूल्याङ्कन

विद्यार्थीहरूलाई तलका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् :

- हाटबजारमा केके पाइन्छ ?
- हाटबजारका नाम कसरी राखिन्छ ?
- 'सस्तो' शब्दको अर्थ के हो ?
- 'हाटबजार' शब्दलाई वाक्यमा प्रयोग गर ।
- तिमी घुमेको हाटबजार वा मेलामा तिमीले केके देखेका छौ ? कुनै पाँचओटा कुरा सिलसिला मिलाएर भन ।

५. थप सुझाव

प्र.नं. ८ को संवाद जस्तै गरी शिक्षक र विद्यार्थीबीचको वार्तालाप १० वाक्यमा लेखेर ल्याउन निर्देशन गर्नुहोस् ।

## पाठ्यवस्तु : संवाद रचना

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) आफूले जाने सुनेका विषयमा साथीसँग गति, यति र हाउभाउका साथ कुराकानी गर्न

(ख) शिक्षकको निर्देशनमा स-साना संवाद रचना गर्न

२. शैक्षिक सामग्री

पोस्टर, चित्रकथा र दैनिक प्रयोगमा आउने सामग्री आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीलाई पाठप्रति आर्कषण गर्न कक्षाको वातावरण अनुकूल बनाउनुहोस् ।

(ख) संवाद रचनाका लागि विद्यार्थीलाई तयारी रहन अभिप्रेरित गर्नुहोस् ।

(ग) दुईदुई जनाको जोडी समूह बनाई बसाइको राम्रो व्यवस्था मिलाउनुहोस् ।

(घ) मौखिक संवादका लागि केही विषय शीर्षकहरू कालोपाटीमा लेख्नुहोस् वा तपाईंले तयार गरेर ल्याएका शीर्षक फलाटिन पाटीमा टाँस्नुहोस् । शिक्षक र विद्यार्थी, डाक्टर र बिरामी, पसले र ग्राहक, यात्रु र कन्डक्टर जस्ता धेरै विषयहरू दिएर उनीहरूलाई रुचि लागेको विषयमा कुराकानी गर्न भन्नुहोस् ।

(ङ) कुराकानी गराउनुभन्दा पहिले आफूले कुनै एक विद्यार्थीसँग कुराकानी गरेर नमुना प्रदर्शन गर्नुहोस् । त्यस्तै रामजनम र शिल्पाले हाटबजारका बारेमा गरेको संवाद पनि कुराकानी गर्ने आधार हुन सक्छ भनेर विद्यार्थीहरूको ध्यान त्यसप्रति केन्द्रित गराउनुहोस् ।

(च) कुराकानी गर्दा प्रश्न सोध्ने, उत्तर दिने, सिलसिला मिलाएर कुराकानी लम्याउँदै जाने विषयलाई आधार मानेर कुराकानी गर्न लगाउनुहोस् र त्यसमा तपाईंले आवश्यक सहयोग गर्नुहोस् । कुराकानी गर्दा विद्यार्थीहरूले गरेका भाषिक त्रुटि सच्याइदिनुहोस् ।

(छ) संवाद रचना गर्न सिकाउने सन्दर्भमा मौखिक रूपमा कुराकानी गर्न सिकाउन प्रयोग गरिएका क्रियाकलापहरूलाई पनि प्रयोग गर्नुहोस् र थप उपायहरू पनि अपनाउनुहोस् ।

(ज) संवाद लेख्न लगाउँदा घटना र कथावस्तुको टिपोट गराउनुहोस् र त्यसका आधारमा संवाद तयार गर्न निर्देश गर्नुहोस् ।

(झ) संवाद लेखनको प्रारम्भ गर्ने प्रसङ्ग पनि बताउनुहोस् र सहज रूपमा जसरी कुराकानी गरिन्छ तिनै कुराकानीलाई लिखित रूपमा प्रस्तुत गर्न अभिप्रेरित गर्नुहोस् ।

(ञ) छोटाछोटा संवादका नमुनाहरू फलाटिन पाटीमा टाँस्नुहोस् र त्यही ढाँचामा त्यस्तै प्रकारका संवाद लेख्न विद्यार्थीहरूलाई अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

कक्षाकार्यका रूपमा संवाद लेखाउन निम्नलिखित उपाय अपनाउनुहोस् :

(क) बीचबीचका अंश निकालिएको संवाद दिनुहोस् र त्यो संवाद पूरा गर्न भन्नुहोस् ।

(ख) कुनै विषयवस्तुका बारेमा विद्यार्थीहरूसँग कुराकानी गर्नुहोस् र तिनै कुराकानीलाई संवादका ढाँचामा लेख्न भन्नुहोस् ।

(ग) पाठको अभ्यास नं. ८ जस्तै अरू अभ्यास दिनुहोस् र त्यसलाई पूरा गर्न निर्देश गर्नुहोस् ।

(घ) कुनै एउटा कथा सुनाउनुहोस् र त्यसमा भएका दुई पात्रका बीचको कुराकानीलाई संवादका ढाँचामा लेख्न भन्नुहोस् । यसका लागि पाठको ६ नं. अभ्यास उपयोग गर्न सक्नुहुन्छ ।

५. गृहकार्य

(क) घर जाँदा साथीसँग भएका कुराकानीलाई संवादका रूपमा लेखेर ल्याउन भन्नुहोस् ।

(ख) कुनै एउटा विषयमा उनीहरूको रुचिअनुसारको छोटो संवाद लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ : ७

# खेतीवाल

अनुमानित घन्टी : १६

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| शुद्धोच्चारण र लयवाचन | ३ |
| शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| लयबोध | २ |
| भावबोध | २ |
| प्रश्नोत्तर | २ |
| व्याख्या | २ |
| व्याकरण | २ |

**पाठ्यवस्तु : शुद्धोच्चारण र लयवाचन** **घन्टी : ३**

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'खेतीवाल' कविताको सस्वरवाचन गर्न

(ख) 'खेतीवाल' कविताको नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम शिक्षक आफैँले कविताको नमुनावाचन गरेर विद्यार्थीहरूलाई सुनाउनुहोस् ।

(ख) प्रत्येक विद्यार्थीहरूलाई सस्वरवाचन गर्ने समान अवसर दिनुहोस् ।

(ग) प्राय:जसो विद्यार्थीहरूलाई उच्चारण गर्न कठिन भएका शब्दहरूमा रेखाङ्कन गरेर पटकपटक उच्चारण गरिदिनुहोस् । यस्ता शब्द कालोपाटीमा टिपेर सबैलाई उच्चारण गर्न अभ्यास गर्नुहोस् ।

सन्तान, नजिक, गरिब, लास, खाँडी अनक्ष्द गाह्रो, सुख दु:ख, बाडौँला, जन्म्याैं, मरौँला, तर्सन्नौँ, घुर्की, धस्की, बच्छौं, मऱ्यो, जिउँदै, बिर्स्यौं, बाँच्यौं, सम्झ्यो, परिश्रमी, नम्र, लोभ, चाँडै, गोरु, गहुँ, मकै, जहाज, सम्पत्ति, जन्तु, ढुक्क, प्रसन्न आदि ।

माथिका शब्दहरू पटकपटक आफूले उच्चारण गर्नुहोस् । त्यसपछि विद्यार्थीहरूलाई पनि उच्चारण गर्न प्रेरित गर्नुहोस् । विद्यार्थीहरूलाई प्रोत्साहन गर्नुहोस्, हतोत्साहन कहिल्यै नगर्नुहोस् ।

४. मूल्याङ्कन

(क) तल दिइएका शब्दहरू शुद्ध उच्चारण गर

सामान्य, चाल, जोती, पुर्‍याउँछु, जीवन

(ख) पाठमा प्रयोग भएका नयाँ शब्द पटक पटक उच्चारण गर्न निर्देशन दिनुहोस् ।

५. गृहकार्य

(क) 'खेतीवाल' कविता पढेर आउन निर्देशन दिनुहोस् ।

(ख) पाठको अभ्यास नं. ३ मा भएका शब्द र अर्थ पढेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'खेतीवाल' कवितामा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ भन्न

(ख) पाठमा प्रयोग भएका विभिन्न शब्दहरूलाई वाक्यामा प्रयोग गर्न

२. शैक्षिक सामग्री

वाक्यपत्ती, शब्दपत्ती, फलाटिन पाटी, शब्द र अर्थसहितको चार्ट आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कविताको सस्वरवाचन गर्नुहोस् ।

(ख) सस्वरवाचनपछि मौनवाचन गर्न लगाई नयाँ शब्दहरूको पहिचान र तिनीहरूको अर्थ खोज्न छलफल गर्नुहोस् ।

(ग) विद्यार्थीहरूले मौनवाचन गर्दा नयाँ ठानेका शब्दहरू पत्ता लगाई कालोपाटीमा टिप्दै जानुहोस् ।

(घ) नयाँ शब्द र तिनका अर्थहरूबारे गोज्ती तालिकाद्वारा प्रस्ट पार्दै जानुहोस् ।

(ङ) विद्यार्थीहरूलाई नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

(च) विद्यार्थीले टिपोट गरेका शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् । त्यसपछि गोजी तालिकामा भएका उत्तर समूहबाट सही उत्तर छान्न प्रेरित गर्नुहोस् ।

(छ) अर्थ लेखेर पनि बुझ्न कठिन परेका शब्दहरू चित्रद्वारा प्रस्ट पारिदिनुहोस् ।

(ज) विभिन्न शब्दहरू प्रयोग गरेर सरल र अर्थपूर्ण वाक्य बनाउन प्रेरित गर्नुहोस् ।

(झ) कमजोर विद्यार्थीहरूलाई वाक्यपत्ती र चित्रपत्तीका सहायताले शब्दार्थ शिक्षण र वाक्य निर्माणमा निरन्तरता दिनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठमा प्रयोग भएका शब्दहरू र तिनको अर्थ मौखिक रूपमा सोध्नुहोस् ।

(ख) अभ्यास ३ र ४ लाई कक्षामा पटक पटक अभ्यास गर्नुहोस् ।

५. गृहकार्य

(क) अभ्यास ५, ७ र ८ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) तलका शब्दको अर्थ लेख्न लगाउनुहोस् :

तयारी, लोभ, ईश्वर, कमाई

(ग) तलका शब्द वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

सामान्य, सुख, ढुक्क, खेतबारी

## पाठवस्तु : लयबोध

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'खेतीवाल' कविता गति, यति लय मिलाएर वाचन गर्न

२. शैक्षिक सामग्री

कविताको लयबोध गराउन कविताको गति, यति र विश्राम समेत भएका चार्ट र सम्भव भए कविताको क्यासेट ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई उनीहरुले जानेसुनेको वा स्थानीय मातृभाषाको कविता सुनाउन लगाउनुहोस् । विद्यार्थीहरूलाई पाठप्रति उत्प्रेरणा गराउन यस क्रियाकलापले निकै सहयोग पुऱ्याउने छ ।

(ख) शिक्षक आफैंले पहिले कविता वाचन गरेर सबैलाई आफूसँगै वाचन गर्न प्रेरित गर्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई समूहगत एवम् व्यक्तिगतरूपमा वाचन गर्न प्रेरित गर्नुहोस् ।

(घ) अगाडिको समूह, बीचको समूह, पछाडिको लहर आदिलाई कविता क्रमबद्ध वाचन गर्न लगाएर कक्षालाई थप रोचक बनाउनुहोस् ।

(ङ) कक्षामा सबै विद्यार्थीले समानरूपले कविताको लयबोध गर्न सके नसकेको पहिचान गर्नुहोस् । कमजोर विद्यार्थीहरूलाई पटक पटक प्रोत्साहन गर्नुहोस् ।

४. मूल्याङ्कन

'खेतीवाल' कविता प्रत्येक विद्यार्थीहरूलाई वाचन गर्न निर्देशन दिनुहोस् ।

५. गृहकार्य

'खेतीवाल' कविता राम्रोसँग पढेर आउन निर्देशन दिनुहोस् ।

# पाठ्यवस्तु : भावबोध

घन्टी : २

१. उद्देश्य

यस पाठको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'खेतीवाल' कविताको भावबोध गर्न

(ख) 'खेतीवाल' कविताको भावार्थ लेख्न

२. शैक्षिक सामग्री

भावबोध गराउने सरल प्रश्नहरूको सूची, भावार्थ लेखनको नमुना, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कवितालाई पटक पटक लय मिलाएर पढ्न लगाउनुहोस् ।

(ख) पठन अभ्यास गराउँदा विद्यार्थीहरूबाट हुने त्रुटि पहिल्याई शुद्ध उच्चारण गर्न प्रोत्साहन गर्नुहोस् ।

(ग) भावबोधसम्बन्धी विभिन्न सरल प्रश्न सोध्नुहोस् ।

(घ) कविता पढिसकेपछि प्रत्येक श्लोकको भावार्थ आउने प्रश्न तयार गरी सबैलाई सोध्नुहोस् ।

(ङ) पहिले चार चार हरफको भावार्थ सिकाएपछि पुरै कविताको भावार्थ सिकाउनुहोस् ।

(च) विद्यार्थीहरूबाट आएका प्रश्नहरूका उत्तर कालोटपाटीमा टिप्दै जानुहोस् । कालोपाटीमा टिपेका उत्तर विद्यार्थीहरूलाई पालैपालो पढ्न लगाउनुहोस् ।

(छ) शिक्षक स्वयम्ले कविताका अंशको भावार्थ लेखेर फलाटिन पाटीमा टाँसिदिनुहोस् ।

(ज) विद्यार्थीको असल सहयोगीका रूपमा प्रस्तुत भएर पठनपाठनको सहज वातावरण सिर्जना गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) कविता लय हालेर पढ्न लगाउनुहोस् ।

(ख) कविताको भाव आउने प्रश्न सोध्नुहोस् ।

५. गृहकार्य

'खेतीवाल' कविताको भावार्थ लेखेर ल्याउन लगाउनुहोस् ।

# पाठ्यवस्तु : प्रश्नोत्तर

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कविताका अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिन

(ख) पाठका आधारमा विभिन्न लामा तथा छोटा प्रश्नहरूको उत्तर दिन

२. शैक्षिक सामग्री

कवितामा आधारित छोटा प्रश्नहरूको सूची, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम सबै विद्यार्थीहरूलाई कविता मौचवाचन गर्न निर्देशन दिनुहोस् ।

(ख) शिक्षक आफूले तयार पारेर ल्याएका नमुना प्रश्नहरू पटकपटक विद्यार्थीहरूलाई सोध्नुहोस् ।

(ग) मौखिक प्रश्नोत्तरपछि पाठको अन्त्यमा भएका प्रश्नोत्तर अभ्यास गर्नुहोस् ।

(घ) शिक्षक आफूले पनि नमुना उत्तर तयार पारेर सबैलाई पढ्न लगाउनुहोस् ।

(ङ) प्रश्नोत्तर गर्दा सबै विद्यार्थीहरूलाई समान अवसर दिनुहोस् । राम्रो उत्तर दिनेलाई स्याबासी दिनुहोस् । अरूलाई प्रोत्साहन गर्दै जानुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई कवितामा आधारित विभिन्न मौखिक प्रश्नहरू सोध्नुहोस् ।

(ख) पाठको अन्त्यमा भएका प्रश्नोत्तर गराउनुहोस् ।

५. गृहकार्य

अभ्यास खण्डमा भएका सबै प्रश्नहरू गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याख्या

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सफल हुने छन् :

(क) कविताका पङ्क्तिहरू व्याख्या गर्न

(ख) कविको नाम तथा कविताको भाव बताउन र कवितालाई बढाएर लेख्न

२. शैक्षिक सामग्री

कविताका हरफहरू बढाएर लेखिएको नमुना उत्तरको सूची आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई ,कविताका मुख्य हरफहरू छान्न लगाउनुहोस् ।

जस्तै :

मलाई ठूलो घर चाहिँदैन

मीठा कुरामा पनि लोभ छैन

(ख) यसै गरी पङ्क्ति छानेर ती पङ्क्तिबाट प्रत्येक विद्यार्थीले बुझेका कुरा सोध्नुहोस् र कालोपाटीमा लेख्नुहोस् ।

(ग) उनीहरूले भनेका कुरा मिलाएर व्याख्याको नमुना तयार पारिदिनुहोस् ।

(घ) विद्यार्थीहरूलाई सकेसम्म माथिको कविता बढाएर लेख्न प्रोत्साहन गर्नुहोस् ।

(ङ) कविताका बारेमा पटकपटक कक्षामा समूहगत छलफल गराउनुहोस् ।

(च) विद्यँथीहरूको आपसी छलफलको निष्कर्षबाट नमुना उत्तर तयार गर्नुहोस् ।

४. मूल्याङ्कन

खेतीवाल कविताका महत्त्वपूर्ण पङ्क्तिहरूको छनोट गरी बढाएर लेख्न निर्देशन दिनुहोस् ।

५. गृहकार्य

बढाएर लेख्न लगाउनुहोस् :

गरेर उद्योग कमाई अन्न

बिताउँछु जीवन भई प्रसन्न

# पाठ्यवस्तु : व्याकरण

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) शब्दको अर्थ बुझी वाक्य बनाउन

(ख) शब्दको उल्टो अर्थ लेखेर वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सागम्री

शब्दपत्ती, वाक्यपत्ती, फलाटिन पाटी, पाठसँग सम्बन्धित सान्दर्भिक चित्रहरू ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) गोजी तालिका र फलाटिन पाटीको सहायताले विभिन्न सुल्टो र उल्टो अर्थ आउने शब्दको सूची फलाटिन पाटीमा टाँस्नुहोस् ।

(ख) विभिन्न शब्दहरूको उल्टो अर्थ आउने शब्द सोध्नुहोस् । सोधिएका शब्दलाई सरल वाक्य बनाउन प्रोत्साहन गर्नुहोस् । विद्यार्थीले कठिन महसुस गरेका शब्दहरूको आफैं वाक्य बनाइदिनुहोस् ।

(ग) वाक्य बनाउन पटकपटक कक्षामा अभ्यास गराइरहनुहोस् ।

(घ) अति नयाँ शब्दहरू भए चित्र वा उदाहरणको सहायताले अर्थ स्पष्ट पारिदिनुहोस् ।

(ङ) पाठको अन्त्यमा दिइएका अभ्यास नं. १ ४, ५, ७, ८, ९ ११ र १२ पुनः गराउनुहोस् । यस्तै अन्य क्रियाकलाप बनाएर पनि अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) कक्षामा विद्यार्थीलाई विभिन्न शब्दहरूको अर्थ सोध्नुहोस् । उल्टो अर्थ आउने शब्द सोध्नुहोस् । स्पष्ट उत्तर आउन नसके पटक पटक त्यस्ता प्रश्न दोहोऱ्याएर आफैँले समाधान गरिदिनुहोस् ।

(ख) विद्यार्थीले उल्टो अर्थ भनेपछि तिनलाई सरल वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् ।

५. गृहकार्य

(क) तलका शब्दहरूको उल्टो अर्थ लेख्न लगाउनुहोस् :

ठूलो, बिहान, चाँडै, धनी, सुख

(ख) तलका शब्द वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

अन्न, प्रसन्न

## पाठ : ८ नयाँ वर्षको उपहार

अनुमानित घन्टी : १४

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| शुद्धोच्चारण र सस्वरवाचन | २ |
| शब्दार्थ | २ |
| वाक्यमा प्रयोग | २ |
| बोध र प्रश्नोत्तर | ३ |
| सारांश र व्याख्यान | २ |
| अभ्यास | २ |
| व्याकरण | १ |

| पाठ्यवस्तु : शुद्धोच्चारण र सस्वरवाचन | घन्टीः २ |
|---|---|

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'नयाँ वर्षको उपहार' कथाका निर्धारित अनुच्छेदहरूको सस्वरवाचन गर्न

(ख) कथाका निर्धारित अनुच्छेदहरूमा प्रयुक्त नयाँ शब्दहरूको शुद्धोच्चारण गर्न

२. शैक्षिक सामग्री

नयाँ शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले विषयवस्तुमा आधारित कथासार भनिदिनुहोस् र कथाका विषयमा केही प्रश्नहरू सोधी अभिप्रेरणा प्रदान गर्दै विद्यार्थीहरूको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) शिक्षकले 'नयाँ वर्षको उपहार' कथाका निर्धारित अनुच्छेद सस्वरवाचन गरी विद्यार्थीहरूलाई सुनाउनुहोस् र आफूले पनि उनीहरूलाई सस्वरवाचन गर्न लगाई सुन्नुहोस् ।

(ग) विद्यार्थीहरूले सस्वरवाचन गर्दा शुद्ध उच्चारण गरे गरेनन् राँम्ररी मूल्याङ्कन गर्नुहोस् । विद्यार्थीले गल्ती उच्चारण गरेका ठाउँमा शिक्षक आफैँले शुद्ध उच्चारण गरेर सबैलाई सुनाउनुहोस् ।

(घ) कक्षाका सक्षम र अक्षम विद्यार्थीहरू पहिचान गरी पालैपालो पढ्न लगाउनुहोस् ।

(ङ) शिक्षकले निर्धारित अनुच्छेदबाट उच्चारणका लागि तयार पारेका नयाँ शब्दहरूको क्रमशः शुद्ध उच्चारण गरेर शुद्धोच्चारणको नमुना प्रदर्शन गर्नुहोस् ।

(च) कक्षाका विद्यार्थीहरूलाई उक्त नयाँ शब्दको शुद्ध उच्चारणको नमुना प्रस्तुत गर्दै अभ्यास गराउनुहोस् ।

(छ) विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र कालोपाटीमा वा गोजी तालिकामा नयाँ उच्चारण भएका शब्दहरूको शब्दपत्ती प्रस्तुत गरेर शुद्धोच्चारण वा सस्वरवाचनको प्रतियोगिता गराई अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

विद्यार्थीहरूलाई पाठका नयाँ उच्चारण भएका शब्द सोधी तिनको शुद्ध उच्चारण गर्न लगाउनुहोस् । उच्चारण गराउँदा पहिले छुट्टाछुट्टै शब्दको अनि वाक्यको उच्चारण गराउनुहोस् । प्रश्न नं. १ र २ को पटक पटक अभ्यास गराउनुहोस् । प्रश्न नं. १ मा भएका जस्तै अन्य थुपै शब्दहरूमा टिपी अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

प्रत्येक विद्यार्थीलाई पाठका नयाँ नयाँ तथा शब्दको उच्चारण अभ्यास गरी शुद्धोच्चारण गर्न सक्षम भएर आउन निर्देश गर्नुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

पाठका नयाँ शब्दहरूको अर्थ बताउन

२. शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, फलाटिन पाटी र गोजी तालिका आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शब्दार्थ शिक्षण गर्दा सर्वप्रथम कथा मौनवाचन गर्न लगाउनुहोस् । विद्यार्थीले अर्थ भन्न नजानेका नयाँ शब्दहरू टिप्न लगाउनुहोस् ।

(ख) पाठमा दिइएका नयाँ शब्दहरू शिक्षक आफैँले पनि कालोपाटीमा टिप्नुहोस् ।

(ग) नयाँ शब्दहरूबारे कक्षाका सबै विद्यार्थीहरूबीच छलफल गरी अर्थ भन्न लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूले भन्न नसके शिक्षक आफैँले अर्थ भनिदिनुहोस् ।

(ङ) विद्यर्थीहरूको समूह बनाई शब्दार्थको प्रतियोगिता गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठमा प्रयुक्त नयाँ शब्दका अर्थ सोध्नुहोस् ।

(ख) 'नयाँ वर्षको' उपहार कथाको अभ्यास खण्डअन्तर्गतको प्रश्न नं.३ को उत्तर भन्न र लेख्न लगाउनुहोस् ।

५. गृहकार्य

(क) यस पाठको अभ्यास खण्डअन्तर्गतको प्रश्न नं. ३ र ४ को उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

(ख) नयाँ शब्द कालोपाटीमा दिएर विद्यार्थीहरूलाई कापीमा सार्न लगाउनुहोस् र अर्थ लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

## पाठ्यवस्तु : बोध र प्रश्नोत्तर

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'नयाँ वर्षको उपहार' कथाभित्रका निर्धारित अनुच्छेदबाट सोधिएका बोध प्रश्नहरूको उत्तर दिन

२. शैक्षिक सामग्री

प्रश्नहरूको सूची, फलाटिन पाटी आदि

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई निर्धारित अनुच्छेद मौनवाचन गर्न निर्देश गर्नुहोस् ।

(ख) मौनवाचनमा विद्यार्थीहरूले रुचि देखाए नदेखाएको निरीक्षण गर्नुहोस् । उपयुक्त ढङ्गले मौनवाचन गर्न निर्देश गर्नुहोस् ।

(ग) मौनवाचन सकिएपछि निर्धारित अनुच्छेदबाट शिक्षकले पहिले नै तयार पारेर ल्याएका बोध प्रश्नहरू कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गरी विद्यार्थीलाई उत्तर दिन प्रोत्साहन गर्नुहोस् । विद्यार्थीहरूलाई निम्नलिखित प्रकारका प्रश्न सोध्नुहोस् :

- गाउँमा कोको बस्थे ?
- बूढाबूढी कस्ता थिए ?
- छिमेकमा के कुटेको आवाज सुनिँदै थियो ?
- जापानी भाषामा भातबाट बनाइने एक प्रकारको मिठाईलाई के भनिन्छ ?
- बूढाबूढीले के बेचेर नयाँ वर्ष मनाउने विचार गरे ?
- बूढा किन निराश भए ?
- बाटामा बूढाको कोसँग भेट भयो ?

(घ) निर्धारित अनुच्छेदबाट बोध प्रश्नहरू गराउँदा पहिले मौखिक उत्तर र त्यसपछि लिखित उत्तर दिन लगाउनुहोस् ।

४. मूल्याङ्कन

शिक्षकले विभिन्न अनुच्छेदहरूबाट बोध प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् ।

५. गृहकार्य

निर्धारित अनुच्छेदहरूबाट प्रश्नहरू दिई उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

## पाठ्यवस्तु : सारांश र व्याख्या

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) निर्धारित अनुच्छेदको सारांश भन्न

(ख) दिइएका पङ्क्तिहरूलाई विस्तार गरी लेख्न

२. शैक्षिक सामग्री

सारांशको नमुना, बुँदा, सारांश र व्याख्याको नमुना, मुख्य पङ्क्ति तथा फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षकले निर्धारित अनुच्छेद दिई विद्यार्थीहरूलाई मौनवाचन गर्न लगाउनुहोस् । मौनवाचन उपयुक्त ढङ्गले गरे नगरेको निरीक्षण गर्नुहोस् ।

(ख) मौनवाचन गरिएको अनुच्छेदका मुख्य मुख्य हरफ रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ग) रेखाङ्कन गरिएका हरफहरू कापीमा क्रम मिलाएर लेख्न लगाउनुहोस् । यसरी टिपोट गरिएको अनुच्छेदबाट कापीमा टिपोट गरेको बुँदालाई क्रम मिलाएर लेखेपछि पालैपालो कक्षामा सुनाउन लगाउनुहोस् । विद्यार्थीले गल्ती गरेका ठाउँमा सहयोगीको भूमिका निर्वाह गर्नुहोस् ।

(घ) कथाबाट मुख्य मुख्य हरफहरू छानेर त्यसलाई कक्षामा छलफल गराउनुहोस् । छलफलपछि शिक्षकले नमुना व्याख्या प्रस्तुत गर्नुहोस् । विद्यार्थीले तयार पारेको व्याख्या कक्षामा प्रस्तुत गर्न लगाई आवश्यक बुँदा थप्न र अनावश्यक बुँदा झिक्न अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

पाठका विभिन्न अनुच्छेदको सारांश भन्न र लेख्न लगाउनुहोस् । पाठबाट मुख्य पङ्क्ति दिएर व्याख्या गर्न लगाउनुहोस् ।

५. गृहकार्य

(क) निर्धारित अनुच्छेदको सारांश लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

(ख) दिइएका मुख्य पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : अभ्यास

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

पाठको अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिन

२. शैक्षिक सामग्री

प्रश्नहरूको सूची, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठको अन्त्यमा भएका अभ्यासहरू गराउन सिङ्गो कक्षालाई विभिन्न समूहमा बाँडेर छलफल गराउनुहोस् । छलफलपछि मुखैले उत्तर भन्न लगाउनुहोस् ।

(ख) पहिलो समूहमा विभिन्न क्रियाकलाप गराउनुहोस् । पछि सम्पूर्ण विद्यार्थी एकैपटक सहभागी हुने गरी सबैलाई छलफलमा सक्रिय सहभागी गराउनुहोस् । पहिले प्रश्नोत्तर गराउनुहोस् । उत्तर रहेको अनुच्छेद आफैँले बताई त्यसभित्र प्रश्नको उत्तर खोज्न लगाउनुहोस् ।

यसरी विषयवस्तुमा केन्द्रित छलफल पूरा भएपछि पाठको अभ्यासमा भएका प्रश्न सोध्नुहोस् । विद्यार्थीलाई उत्तर दिन प्रोत्साहन गर्नुहोस् ।

(ग) विद्यार्थीले दिएको उत्तर सन्तोषजंनक नभए आफैँले नमुना उत्तर तयार पारिदिनुहोस् । यही क्रमले पाठका सबै अभ्यास निरन्तर गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई 'नयाँ वर्षको उपहार' पाठका अभ्यासका प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठका अन्त्य भएका अभ्यास गर्न निर्देश गर्नुहोस् ।

(ग) विद्यार्थीले लेखेर तयार पारेको उत्तर जाँचेर पृष्ठपोषण दिनुहोस् ।

५. गृहकार्य

यस पाठको अन्त्यमा भएका प्रश्नहरू गरेर ल्याउन निर्देश गर्नुहोस् ।

# पाठ्यवस्तु : व्याकरण

घन्टी : १

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

· विभिन्न क्रियामूलबाट वाक्य बनाउन

२. शैक्षिक सामग्री

शब्दपत्ती, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

कक्षामा सस्वरवाचन गर्न लगाई बाँध्नु, फुकाउनु, थाल्नु, किन्नु, सुन्नु, सुनाउनु, लाग्नु, गर्नु, बेच्नु, देख्नु जस्ता क्रियामूल (अन्त्यमा 'न' भएका शब्द) टिप्न लगाउनुहोस् । विद्यार्थीले टिपेका क्रियामूल सफासँग कालोपाटीमा लेखिदिनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले वाक्य बनाउन नसकेमा शिक्षक आफैँले बनाइदिनुहोस् ।

४. मूल्याङ्कन

पाठमा भएको प्रश्न नं: ५ गराउनुहोस् ।

५. गृहकार्य

विभिन्न क्रियामूल दिई वाक्यमा प्रयोग गरेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ : ९

# खेर नफालौँ

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| १. सस्वरवाचन र शुद्धोच्चारण | ३ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| ३. बोध प्रश्नोत्तर, सारांश, अनुच्छेद रचना | ६ |
| ४. अभ्यास / व्याकरण | ३ |

| पाठ्यवस्तु | सस्वरवाचन र शुद्धोच्चारण | अनुमानित घन्टी : ३ |
|---|---|---|

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न

(ख) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न

२. शैक्षिक सामग्री

उच्चारण गर्न कठिन हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजी तालिका आदि ।

३. शिक्षण क्रियाकलाप

(क) शिक्षकले हामीलाई अति आवश्यक पर्ने वस्तुहरू केके हुन् ? भन्ने प्रश्न गर्दै विद्यार्थीहरूलाई पाठ प्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) त्यसपछि पाठभित्रको सुरुको अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउनुहोस् र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी पाठका अरू अनुच्छेद क्रमिक रूपमा सस्वरवाचन गरी सुनाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूमध्ये कसैले गति, यति आदि नमिलाई गलत पढेमा गल्ती ठम्याई शिक्षकले पठनकै क्रममा सच्याएर पढिदिनुहोस् र सोको अनुकरण र अभ्यास गर्न लगाउनुहोस् ।

(ङ) यस क्रममा विद्यार्थीहरूमध्ये लिङ्ग, जातजाति, जान्ने नजान्ने, अपाङ्गता आदि सबैलाई समान अवसर दिने अभ्यास गर्न लगाउनुहोस् ।

(च) त्यस्तै एक विद्यार्थीले पढेको कुरा अरू विद्यार्थीहरूलाई पाठमा हेरी ध्यानपूर्वक सुन्न लगाई गल्ती पढेमा सो ठम्याउन र सही पठनको प्रदर्शनसमेत गर्न प्रोत्साहित गर्नुहोस् ।

(छ) सस्वर पठन क्रियाकलाप समाप्त भएपछि पाठमा रहेका उच्चारणका दृष्टिले सम्भाव्य कठिन शब्दहरूको छनोट गरी कालोपाटीमा लेखिदिनुहोस् वा शब्दपत्तीहरूमा लेखेर ल्याएका त्यस्ता शब्दहरू क्रमश: उच्चारण गर्न लगाउनुहोस् ।

(ज) विद्यार्थीले त्यस्ता शब्दहरू शुद्ध उच्चारण गर्न नसकेका ठाउँमा गल्ती निर्देश गरिदिनुहोस् र शुद्ध उच्चारणका लागि नमुना प्रदर्शनसमेत गरी आवश्यकताअनुसार पुन: अभ्यास गराउनुहोस् ।

उच्चारणका लागि सम्भाव्य कठिन शब्दहरू :

| |
|---|
| शक्ति, बाँच्न, सक्दैनौँ, संसार, टन्न, कहिल्यै, औषधी, वेला, खर्च, मट्टीतेल, पेट्रोल, सूर्य, ऊर्जा, बत्ती, महत्त्व, ठूलो, दु:ख |

(झ) कक्षाका सबै विद्यार्थीलाई समूहमा विभाजन गरी सम्भावित कठिन शब्दहरूलाई आलोपालो गरी उच्चारण गर्ने प्रतियोगिता गराउनुहोस् ।

## ४. मूल्याङ्कन

(क) सस्वर पठनको मूल्याङ्कनका लागि पाठभित्रको कुनै अनुच्छेदलाई सस्वर पढ्न लगाएर मूल्याङ्कन गर्नुहोस् । जस्तै : 'खेर नफालौँ' पाठको अन्तिम अनुच्छेद सस्वर पढ्न लगाउनुहोस् ।

(ख) शब्दोच्चारणको मूल्याङ्कनका लागि अभ्यास गराइएकामध्ये केही शब्दहरूको पुन: उच्चारणगर्न लगाउन सकिन्छ । जस्तै : बाँच्नु, प्रत्येक, मिल्काउनु, ऊर्जा, शक्ति, अल्छी, महत्त्व

(ग) उच्चारण गर्न कठिन लागेका शब्दहरू पाठबाट टिपेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

(घ) अभ्यासको प्र.नं. १ गर्न लगाउनुहोस् ।

## ५. गृहकार्य

कक्षाकोठामा विविध जातजाति, लिङ्ग, धर्म, वर्ण, सम्प्रदाय, अपाङ्गताका साथै आर्थिक तथा भौगोलिक कारणले पिछडिएका बालबालिका पनि हुन्छन् । त्यस्तै विविध कारणले जान्ने नजान्ने, कक्षामा नियमित आउने नआउने सबै खालका विद्यार्थीहरूलाई आवश्यकताअनुसार ध्यान दिनुहोस् । सकेसम्म उनीहरू सबैलाई अवसर प्रदान गर्ने वातावरण सिर्जना गर्नुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका कठिन शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयोग भएका शब्दहरूलाई सन्दर्भअनुसार अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शब्दार्थ सिकाउँदा विद्यार्थीहरूलाई पाठका निश्चित अनुच्छेद मौन रूपमा सरसर्ती पढ्न लगाउनुहोस् र तिनबाट कठिन खालका शब्दहरू खोज्न लगाउनुहोस् ।

(ख) त्यसरी सङ्कलित शब्दहरू पाठमा कुन सन्दर्भ वा अर्थ दिएर प्रयोग भएका छन्, भन्न लगाउनुहोस् । पाठमा प्रयोग भएको वाक्य वा सन्दर्भअनुसार शब्दार्थ अनुमान गर्न उत्प्रेरित गर्नुहोस् ।

(ग) विद्यार्थीले वाक्यको सन्दर्भअनुसार अर्थ भन्न नसकेमा वा अधुरो अर्थ बताएमा शिक्षकले पाठमा प्रयोग भएका वाक्य वा अनुच्छेद पढेर शब्दको अर्थ पहिल्याउने अन्य उपाय सोच्नुहोस् । जस्तै : उस्तैउस्तै अर्थ दिने शब्द, पर्यायवाची शब्द र विपरीतार्थक शब्द भनिदिनुहोस् ।

(घ) त्यस्तै शब्दार्थ स्पष्ट हुने गरी शब्दहरूलाई विभिन्न वाक्यमा प्रयोग गरेर सुनाएर पनि शब्दको अर्थ पहिल्याउन प्रयास गराउनुहोस् ।

(ङ) शब्दार्थका क्रियाकलापपछि शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर देखाउनुहोस् वा सुनाउनुहोस् ।

(च) पाठभित्रका विभिन्न अर्थयुक्त शब्द दिएर तिनलाई आशयगत वा सन्दर्भगत अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(छ) त्यस्तै विद्यार्थीहरूका अनुभवका सेरोफेराका आशयगत वा सन्दर्भगत अर्थ आउने गरी विभिन्न शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## ४. मूल्याङ्कन

(क) केही शब्दहरू दिई अर्थ भन्न लगाउनुहोस् ।

(ख) पाठका शब्दहरू दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## ५. गृहकार्य

(क) केही शब्दहरू दिएर तिनको अर्थ लेखी वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) अभ्यासको प्र.नं. २ र ४ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

# पाठ्यवस्तु : बोध प्रश्नोत्तर, सारांश, अनुच्छेद रचना

घन्टी : ६

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सम्बन्धित पाठ पढेर सोधिएका बोध प्रश्नहरूको उत्तर दिन

(ख) निर्धारित अनुच्छेदबाट सारांश भन्न र लेख्न

(ग) दिइएका शीर्षकमा छोटा अनुच्छेद रचना गर्न

२. शैक्षिक सामग्री

बोध प्रश्नपत्ती उत्तरपत्ती, वाक्यपत्ती, बुँदा सूची, अनुच्छेद लेखनका शीर्षक, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सम्बन्धित पाठबाट शिक्षकले खास अनुच्छेद वा गद्यांशको छनोट गर्नुहोस् र विद्यार्थीहरूलाई पढ्न लगाउनुहोस् । यसो गर्दा अनुच्छेदको लम्बाइ र विद्यार्थीहरूको सामान्य पठन गतिलाई ख्याल गरी समयसमेत तोक्न सकिन्छ ।

(ख) विद्यार्थीले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएका बोध प्रश्नहरू उनीहरूलाई सोधी त्यसमा प्रश्नोत्तर गर्न लगाउनुहोस् ।

उदाहरणका लागि पाठ्यपुस्तकको पृष्ठ ५१ को पहिलो अनुच्छेद दिनुहोस् :

(खानेकुरा .......... हुँदैन)

बोध प्रश्नहरू :

(अ) पैसा किन चाहिन्छ

(आ) कस्तो वेलामा मात्र पैसा खर्च गर्नुपर्छ ?

(इ) नचाहिने वेलामा किन पैसा खर्च गर्नु हुँदैन ? आदि ।

(ग) पाठको कुनै अनुच्छेद दिएर त्यसका मुख्यमुख्य बुँदाहरू टिप्न लगाउनुहोस् । जस्तै : (पाठ्यपुस्तकको पृष्ठ ५१ को दोस्रो अनुच्छेद लिनुहोस् ।)

नमुना बुँदाहरू

(अ) हरेक कामका लागि शक्ति चाहिने

(आ) शक्ति भनेको ऊर्जा हो

(इ) ऊर्जाबाट विभिन्न कामहरू गरिन्छ

(ई) ऊर्जाको सदुपयोग गर्नुपर्छ ।

(घ) अनुच्छेद लेखनका लागि शिक्षकले विद्यार्थीहरूको स्तरअनुसारका उपयुक्त शीर्षकको छनोट गर्नुहोस् । यस्तो शीर्षक विद्यार्थीले पढेका विषयवस्तुसँग सम्बन्धित वा विद्यार्थीले नपढेको बाहिरको पनि हुन सक्छ ।

(ङ) अनुच्छेद लेखनको अभ्यास गराउँदा स्वतन्त्र वा निर्देशित दुवै तरिकाले गराउनुहोस् । निर्देशित लेखन गराउँदा शिक्षकले विषय शीर्षकका साथै त्यसमा पर्न सक्ने प्रमुख बुँदाहरू पनि उल्लेख गरिदिनुपर्छ । जस्तै :

पुस्तक राख्ने घर पुस्तकालय ........ विभिन्न पुस्तक पत्रिकाहरू हुने ........ ज्ञानको भण्डार पुस्तकालय ....... रुचिअनुसारका विभिन्न सामग्री हुने ........ शिक्षाको विकासमा महत्त्वपूर्ण सहयोग .... पुग्ने ....... पुस्तकालयको विकास र संरक्षण गर्नुपर्ने ।

(च) अनुच्छेदको स्वतन्त्र एक लेखन गराउँदा विद्यार्थीहरूलाई शीर्षक मात्र लेखी सोबारे एक अनुच्छेदमा वर्णन गर्न निर्देशन दिनुहोस् । यस्ता शीर्षकहरू अनुभव, आफ्नो सेरोफोरो, घर परिवार आदिमा आधारित वा पढेको विषयवस्तुमा आधारित दुवै हुन सक्छन् ।

जस्तै :

| अनुभव सेरोफेरोमा आधारित शीर्षक | पठित शीर्षक |
|---|---|
| मेरो स्कुल, मेरो गाउँ, मामाघर<br>मन पर्ने साथी | किताब, नयाँ वर्षको उपहार मेरो देश,<br>सगरमाथा आदि |

(छ) अनुच्छेद लेखनसम्बन्धी यस्तो अभ्यास कक्षाकार्यका रूपमा गराउन विद्यार्थीहरूलाई आफूले लेखेको अनुच्छेद एकपल्ट पुन: अवलोकन गर्न र आवश्यक परेमा काँटछाँट गर्न लगाउनुहोस् ।

(ज) अनुच्छेद लेखनका क्रममा शिक्षकले विद्यार्थीहरूको लेखाइको सरसर्ती अवलोकन गर्नुहोस् र आवश्यक परेमा निर्देशनसमेत दिनुहोस् । विद्यार्थीले लेखेका अनुच्छेदहरू कक्षामा विद्यार्थीहरूलाई सुनाउन लगाउनुहोस् र लेखाइबारे टिप्पणी गरी आवश्यक सुझाव दिनुहोस् ।

(झ) अनुच्छेद लेखन छोटो अभिव्यक्ति हुनाले यसले उनीहरूको सिर्जनात्मक लेखन क्षमता विकास गर्न सहयोग पुऱ्याउने हुँदा यस्ता स्वतन्त्र लेखनमा लही प्रोत्साहित गर्नुपर्दछ ।

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई कुनै निश्चित अनुच्छेद सुनाएर वा पढ्न लगाएर सो अनुच्छेदबाट बोध प्रश्नहरू सोध्नुहोस् ।

(ख) निर्धारित अनुच्छेद दिई त्यसका मुख्यमुख्य कुरा वा सारांश लेख्न लगाउनुहोस् ।

(ग) निर्देशित वा स्वतन्त्र अनुच्छेद लेख्न दिई सोको लेखाइका आधारमा मूल्याङ्कन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

५ थप सुझाव

(क) पाठक बोध प्रश्न गर्न दिनुहोस् ।

(ख) कुनै अनुच्छेद दिई सारांश लेख्न दिनुहोस् ।

(ग) निर्देशित वा स्वतन्त्र वा दुवै खालका अनुच्छेद लेख्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : अभ्यास / व्याकरण

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) अभ्यासमा दिइएका बोध प्रश्नहरूका उत्तर दिन

(ख) अशुद्ध शब्दहरूलाई शुद्ध गरी लेख्न

(ग) चित्र वर्णन गर्न

२. शैक्षिक सामग्री

प्रश्नहरूको सूची, एकातर्फ अशुद्ध र अर्कोतर्फ शुद्ध लेखिएका शब्दपत्ती, चित्र आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठ एकपटक पढ्न लगाई अभ्यासको प्रश्न नं. ७ प्रश्नको उत्तर दिन लगाउनुहोस् । उत्तरको उपयुक्तता हेरी आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

(ख) अभ्यासका प्र.न. ८ मा दिइएको प्रश्नका बारेमा विद्यार्थीहरूबीच समूहमा छलफल गरी छलफलबाट निस्केको निचोड कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) अभ्यासको प्र.नं. ३ का शब्दहरू शुद्ध पारी सार्न लगाउनुहोस् ।

(घ) विभिन्न अशुद्ध शब्दहरू दिएर शुद्ध गरी लेख्न लगाउनुहोस् ।

(ङ) अभ्यासको प्र.नं. ९ मा दिइएको प्रश्नको उत्तर मौखिक रूपमा भन्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठका बोध प्रश्नका उत्तर दिन लगाउनुहोस् ।

(ख) अशुद्ध शब्द दिई शुद्ध गर्न लगाउनुहोस् ।

(ग) शुद्ध र अशुद्ध शब्दहरूको सूचीबाट शुद्ध र अशुद्ध शब्द छुट्याउन लगाई अशुद्ध शब्दको शुद्ध रूप भन्न लगाउनुहोस् ।

(घ) पाठको विषयवस्तुसँग सम्बन्धित विभिन्न शीर्षक दिई अनुच्छेद लेख्न लगाउनुहोस् ।

५. गृहकार्य

अभ्यासका प्रश्न नं. ३, ४, ७, ८ र ९ गर्न लगाउनुहोस् ।

# नेपाली

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| शुद्धोच्चारण र लयवाचन | २ |
| शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| लयबोध | २ |
| भावबोध | २ |
| प्रश्नोत्तर र व्याख्या | २ |
| अभ्यास | २ |
| व्याकरण | ३ |

| पाठ्यवस्तु : शुद्धोच्चारण र लयवाचन | घन्टी : २ |
|---|---|

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) नेपाली कविताका नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न

(ख) नेपाली कविता लय हालेर पढ्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, नयाँ शब्दहरूको शब्दसूची, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई नेपालीबारे विभिन्न रोचक प्रश्न सोधेर पाठप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(ख) नेपाली कविताको गति, यति र लय मिलाएर नमुना वाचन गरिदिनुहोस् । विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूमध्ये तेज, मन्द र कमजोर विद्यार्थीको पहिचान गरेर पालैपालो गति, यति र लय मिलाएर सस्वरवाचन गर्न लगाउनुहोस् । विद्यार्थीले गल्ती गरेका ठाउँमा सच्याइदिनुहोस् । मातृभाषा नेपाली नहुने विद्यार्थीको विशेष ख्याल गर्नुहोस् ।

(घ) सबै विद्यार्थीलाई सस्वरवाचन गराएपछि सबैलाई मौनवाचन गर्ने निर्देशन दिनुहोस् । मौनवाचनपछि आफूलाई गाह्रो लागेका शब्दहरूमा रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीहरूले रेखाङ्कन गरेका नयाँ शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् । सबै विद्यार्थीलाई पालैपालो ती शब्दहरू उच्चारण गर्न लगाउनुहोस् । उनीहरूले शुद्ध उच्चारण गर्न नसके आफैँले उच्चारण गरेर विद्यार्थीहरूलाई पटकपटक उच्चारण अभ्यास गराउनुहोस् ।

(च) शुद्ध उच्चारणको अभ्यास गराउँदा वर्ण, शब्द, पङ्क्ति हुँदै सिङ्गो कविताको उच्चारण अभ्यास गराउनुहोस् ।

(छ) तपाईंको कक्षामा मातृभाषा नेपाली नभएका विद्यार्थीहरू पनि हुन सक्छन् । उनीहरूलाई रमाइलो तरिका अपनाएर पटकपटक थप अभ्यास गराउनुहोस् । उनीहरूको असल सहयोगीका रूपमा प्रस्तुत भएर प्रेरणा दिइरहनुहोस् ।

४. मूल्याङ्कन

(क) कविताका निर्धारित श्लोकहरू गति, यति र लय हालेर सस्वरवाचन गर्न निर्देशन गर्नुहोस् ।

(ख) पाठका नयाँ शब्दहरू उच्चारण गर्न लगाउनुहोस् ।

५. थप निर्देशन

(क) सम्पूर्ण विद्यार्थीलाई पाठको अन्त्यमा भएका शब्दार्थ पढेर आउन निर्देशन दिनुहोस् ।

(ख) अभ्यास ३ मा भएका शब्द र अर्थको जोडा मिलाएर ल्याउन निर्देशन गर्नुहोस् ।

# पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) नेपाली कवितामा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ भन्न

(ख) नयाँ शब्दहरूको वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, फलाटिन पाटी, गोजी तालिका, शब्दकोश आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीलाई पाठको कुनै अनुच्छेद निर्धारण गरेर मौनवाचन गर्न लगाउनुहोस् । मौनवाचनका क्रममा उनीहरूले अर्थ नजानेका शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ख) मौनवाचनपछि नयाँ शब्दहरूको टिपोट गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले पुरै पाठ पढिसकेर अर्थ नजानेका शब्द रेखाङ्कन गरिसकेपछि शिक्षकले ती शब्द शैक्षणिक पाटीमा टिप्नुहोस् । कक्षाका अन्य विद्यार्थीलाई टिपिएका शब्दको अर्थ थाहा हुन सक्छ । उनीहरूलाई अर्थ सोध्नुहोस् । ठीक अर्थ दिएमा स्याबासी दिनुहोस् । आंशिक अर्थ प्राप्त भएमा शब्दार्थ पत्तीका सहायताले अर्थ बताइदिनुहोस् ।

(घ) विद्यार्थीले अर्थ नजानेका शब्दको अर्थका लागि शब्दकोशको उपयोग गर्ने र शब्दकोश हेर्ने तरिकाबारे छलफल गराउनुहोस् । विद्यालयमा शब्दकोश नभएमा शिक्षकले अर्थ बताइदिनुहोस् । अर्थ बताउँदा पर्यायवाची शब्द दिने, उदाहरण दिने, विपरीतार्थक शब्द दिने, चित्र देखाउने जस्ता तरिका पनि उपयोग गर्नुहोस् । शब्दको अर्थ पत्ता लगाउन विद्यार्थीबीच छलफल गराउन पनि सकिन्छ ।

(ङ) शब्दार्थ शिक्षण विषयबोध र सिर्जनात्मक क्षमता विकासका लागि उपयोगी हुने भएकाले यसका लागि पर्याप्त समय दिनुहोस् ।

(च) शब्दार्थ शिक्षणपछि पाठबाट टिपिएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शब्दलाई वाक्यमा प्रयोग गराउँदा पहिले पाठकै सन्दर्भमा र पछि स्वतन्त्र सन्दर्भमा स्तरयुक्त वाक्य बनाउने अभ्यास गराउनुहोस् । विद्यार्थीले शब्दलाई ठीक तरिकाले वाक्यमा प्रयोग

गरेनगरेको हेर्नुहोस् र सही प्रयोग नभएको भए वाक्य पत्तीको प्रयोग गरी सही प्रयोग सिकाउनुहोस् । वाक्यमा प्रयोग सिकाउँदा एउटै शब्दका एकभन्दा बढी प्रयोगका उदाहरण देखाउँदै अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठमा प्रयोग भएका केही नयाँ शब्द दिई तिनको अर्थ बताउन लगाउनुहोस् ।

(ख) ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) पाठको अन्त्यमा रहेको अभ्यास ५ को वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

५. थप सुझाव

यस पाठको अन्त्यमा दिइएको प्रश्न नं. ५ र ८ को अभ्यास गरेर ल्याउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : लयबोध

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

नेपाली कविताको लयबोध गर्न

२. शैक्षिक सामग्री

छन्दमा लेखिएका कविताको गति, यति र विश्रामसहितको चार्ट आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम नेपाली कविताको लय मिलाएर नमुना वाचन गरिदिनुहोस् । विद्यार्थीहरूलाई आफूसँगै कविताको सस्वरवाचन गर्न निर्देशन दिनुहोस् ।

(ख) राम्रो स्वर भएका विद्यार्थीहरूलाई लय मिलाएर कविता वाचन गर्न लगाउनुहोस् ।

(ग) पहिले प्रत्येक बेन्च, त्यसपछि अधिपछि सबैतिर क्रमबद्धरूपमा कविता वाचन गर्न निर्देशन गर्दै कक्षा थप रोचक बनाउनुहोस् ।

(घ) कविताको लय वाचन गराउँदा समूहगत रूपमा प्रतियोगिता गराउनुहोस् ।

४. मूल्याङ्कन

नेपाली कविताका निर्धारित श्लोक लय हालेर पढ्न लगाउनुहोस् ।

५. गृहकार्य

नेपाली कविताको सम्पूर्ण अंश गति, यति र लय मिलाएर वाचन गर्ने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठयवस्तु : भावबोध

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'नेपाली' कविता लय हालेर पढ्न

(ख) 'नेपाली' कविताको भावबोध गर्न

२. शैक्षिक सामग्री

भावबोधसम्बन्धी प्रश्नहरूको सूची, भावार्थ लेखनको नमुना, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई पटकपटक लय हालेर कविता वाचन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूले गरेका सामान्य त्रुटि सच्याइदिनुहोस् ।

(ग) कविता पढिसकेपछि कविताका प्रत्येक हरफको अर्थ भनिदिनुहोस्, विद्यार्थीसँग छलफल गर्न लगाउनुहोस् ।

(घ) विभिन्न प्रश्नहरूको सूची बनाएर फलाटिन पाटीमा राखेर क्रमशः प्रश्नोत्तर गर्दै कविताका भावार्थको खोजी गर्नुहोस् ।

- कवि कसको गीत गाउँछन् ?
- कविको नाम के हो ?
- कसले हारेन ?
- कवि केको खेती गर्छन् ?
- को पुरुषार्थी हो ?
- कसले स्वाभिमानी हुन जानेको छ ?

(ङ) यसरी विभिन्न प्रश्नहरूको सान्दर्भिक उत्तरसँग छलफल गराइसकेपछि अब विद्यार्थीहरूलाई कविताको भावार्थ बुँदागत रूपमा सोध्नुहोस् ।

(च) अन्त्यमा भावार्थ लेखनको नमुना चार्ट फलाटिन पाटीमा टाँगेर विद्यार्थीहरूका प्रतिनिधि बोलाई क्रमशः पढ्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) 'कविता' लय हालेर पढ्न निर्देशन दिनुहोस् ।

(ख) भाव बोधसम्बन्धी विभिन्न प्रश्न सोधी उत्तर दिन प्रेरित गर्नुहोस् ।

५. गृहकार्य

भावार्थ लेखेर ल्याउन लगाउनुहोस् :

(क) स्वाभिमानी, शान्तिप्रेमी, मेरो पहिचान
भावनाको स्वच्छ म त बुद्ध मेरो नाम

(ख) नेपालीकै निम्ति लड्छु नेपालीकै गुन
आफैँले नै जानेको छु स्वाभिमानी हुन

## पाठयवस्तु : प्रश्नोत्तर र व्याख्या

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) नेपाली कविताबाट मौखिक तथा लिखित प्रश्नको उत्तर दिन

(ख) अभ्यास खण्डमा भएका प्रश्नोत्तर गर्न

(ग) पाठका विशिष्ट पङ्क्तिहरूलाई बढाएर लेख्न

२. शैक्षिक सामग्री

विषयवस्तुसँग सान्दर्भिक प्रश्नहरूको सूची, प्रश्नहरूका नमुना उत्तर आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम सबै विद्यार्थीहरूलाई कविता मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) शिक्षक आफैँले प्रश्नहरूको सूची तयार गरी क्रमश: सबै विद्यार्थीलाई पाठसँग सम्बन्धित विभिन्न प्रश्नहरू सोध्नुहोस् । सही उत्तर नआए आफैँले उत्तर भनिदिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई पाठसँग मिल्ने खाले समस्या दिनुहोस्, अनि विद्यार्थीहरूबाट समस्याको समाधान खोज्न आपसी छलफल गर्ने निर्देशन दिनुहोस् ।

(घ) विद्यार्थीहरूले दिएका उत्तर ठीक नभए आफैँले नमुना उत्तर बनाइदिनुहोस् ।

(ङ) नेपाली कविताको विषयवस्तुमा आधारित विभिन्न प्रश्नोत्तर एवम् छलफलसमेत गराउनुहोस् । व्याख्या गर्न विभिन्न हरफ दिएर पटकपटक बढाएर लेख्ने अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

कक्षाका सम्पूर्ण विद्यार्थीलाई नेपाली कवितासम्बन्धी विभिन्न प्रश्नहरू सोध्नुहोस् । विद्यार्थीहरूलाई मौखिक उत्तर दिन प्रोत्साहित गर्नुहोस् ।

५. गृहकार्य

(क) नेपाली कविताको अभ्यास खण्डमा भएका प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) व्याख्या गर :

स्वाभिमानीको छ भनी विश्वमाझ सोधे<br>
नेपाली नै पुरुषार्थी निष्पक्ष भै बोले

## पाठ्यवस्तु : अभ्यास

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'नेपाली' कविताको अभ्यास खण्डमा भएका सम्पूर्ण अभ्यास गर्न

२. शैक्षिक सामग्री

फिलाटिन पाटी, प्रश्नहरूको सूची, नमुना उत्तर आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सम्पूर्ण विद्यार्थीलाई अभ्यासमा भएका क्रियाकलाप मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूको विभिन्न समूह बनाई अभ्यासका विभिन्न शीर्षकमाथि आवश्यक छलफल गराउनुहोस् ।

(ग) सबै विद्यार्थीलाई छलफलमा समान अवसर दिनुहोस् ।

(घ) विद्यार्थीहरूबीच प्रश्नोत्तर खेल, प्रश्नोत्तर प्रतियोगिता गराउनुहोस् ।

(ङ) पाठमा दिइएका गाउँखाने कविता जस्ता अन्य कविता पनि सुनाउनुहोस् ।

(च) राष्ट्रिय गीत गाएर सुनाउनुहोस् र गाउने अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

अभ्यासमा भएका विभिन्न प्रश्नहरू सोध्नुहोस् ।

५. गृहकार्य

अभ्यासमा भएका सबै अभ्यास गरेर ल्याउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याकरण

घन्टी : ३

१. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

नेपाली कविताको अभ्यासमा भएका व्याकरणका नियम बुझ्न र प्रयोग गर्न

२. शैक्षिक सामग्री

व्याकरणका सान्दर्भिक शब्दपत्ती, वाक्य पत्ती, शब्दार्थ, उल्टो अर्थ दिने शब्दहरूको सूची ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षामा विद्यार्थीहरूलाई पदसङ्गति मिलाई नाम, सर्वनामसँग वाक्य निर्माण गर्न अभ्यास गराउनुहोस् । शब्दको सुल्टो अर्थ, उल्टो अर्थ, वाक्यमा प्रयोगसम्बन्धी निरन्तर अभ्यास गराउनुहोस् ।

(ख) लिङ्ग, वचन, पुरुषका आधारमा वाक्य बनाउन प्रेरित गर्नुहोस् ।

४. मूल्याङ्कन

सबै विद्यार्थीलाई विभिन्न पाठसँग सम्बन्धित शब्द दिएर वाक्य बनाउन प्रेरित गर्नुहोस् । विद्यार्थीहरूबाट सही उत्तर आउन नसके आफैँले नमुना उत्तर कालोपाटीमा लेखिदिनुहोस् ।

५. गृहकार्य

पाठको अन्त्यमा भएका अभ्यास गरेर आउने निर्देशन दिनुहोस् ।

## पाठ : ११ महाकवि देवकोटा

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| १. शुद्धोच्चारण र सस्वरवाचन | २ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | ४ |
| ३. बोध प्रश्नोत्तर | ४ |
| ४. अभ्यास / व्याकरण | ५ |

| पाठ्यवस्तु : शुद्धोच्चारण र सस्वरवाचन | घन्टी : २ |
|---|---|

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) गति र यति मिलाई 'महाकवि' देवकोटा पाठका निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न

(ख) पाठमा प्रयोग भएका कठिन शब्दहरू शुद्ध र स्पस्ट उच्चारण गर्न

२. शैक्षिक सामग्री

देवकोटाको तस्बिर, मुनामदन पुस्तक, शब्दपत्ती, कठिन शब्दहरूको शब्दसूची आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई महाकवि देबकोटाका बारेमा प्रश्न सोध्दै पाठको सुरुवात गर्नुहोस् । जस्तै :

(अ) लक्ष्मीप्रसाद देवकोटा भनेका को हुन् ?

(आ) देवकोटालाई किन महाकवि भनिएको होला ?

(इ) देवकोटाले लेखेको कुनै किताबको नाम थाहा छ ?

(ख) यसपछि शिक्षकले महाकवि देवकोटाको पहिलो अनुच्छेद गति र यति मिलाई पढेर सुनाउनुहोस् । कुनै विद्यार्थीले राम्रोसँग पढ्न सक्छन् भने उनीहरूबाटै नमुना वाचन गर्न लगाउनुहोस् । यसपछि कक्षाका कमजोर, मध्यम र जेहेनदार विद्यार्थीलाई क्रमश: पहिलो अनुच्छेद पढेर सुनाउन लगाउनुहोस् । एकल वाचन गरेपछि युगल र समूह वाचन पनि गराउनुहोस् ।

(ग) यसैगरी पाठका सबै अनुच्छेदको सस्वरवाचन गराउनुहोस् ।

(घ) कक्षाको कुनै एक विद्यार्थीले सस्वरपठन गरिरहँदा अन्य विद्यार्थीलाई आफ्नो पुस्तकमा सम्बन्धित अनुच्छेद हेर्न र राम्ररी सुन्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीले पढिरहेका वेला उनीहरूले राम्रै सँग उच्चारण गर्न नसकेका शब्द शिक्षकले टिपोट गर्नुहोस् । पाठको सस्वरवाचनपछि विद्यार्थीलाई आफूले राम्रै सँग उच्चारण गर्न नसकेका शब्द टिप्न लगाउनुहोस् ।

(च) विद्यार्थीले टिपेका र शिशक्षकले टिपेका दुवै प्रकारका शब्दको सही उच्चारण गरेर विद्यार्थीलाई सुनाउनुहोस् ।

(छ) अब पुन: पाठका प्रत्येक अनुच्छेद सस्वरवाचन गर्ने अभ्यास गराउनुहोस् । पहिले उच्चारण गर्न नसकेका शब्द शुद्धसँग उच्चारण गर्न सके नसकेको ख्याल गरी सही उच्चारण गर्न नसकेको भए पुन: अभ्यास गराउनुहोस् ।

(ज) शुद्धोच्चारण र सस्वरवाचन गराउँदा पुस्तकबाहिरका शब्द, वाक्य र अनुच्छेदको पनि उपयोग गर्नुहोस् । यसका लागि पहिले नै शब्दपत्ती, वाक्यपत्ती र अनुच्छेदका नमुना तयार पारिराख्नुहोस् ।

(झ) पाठ्यपुस्तकको अभ्यास १ र २ पनि गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीलाई निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) तलका शब्द उच्चारण गर्न लगाउनुहोस् :

लक्ष्मीप्रसाद, कात्तिक, चित्र, कविता, दिल, मन, सम्पत्ति आदि

५. गृहकार्य

(क) कक्षाका सबै विद्यार्थीलाई सस्वरवाचन गर्ने र शुद्धोचारण गर्ने पर्याप्त अवसर दिनुहोस् । लजाउने, नबोल्ने समस्या भएका, ढिलो उच्चारण गर्ने विद्यार्थीलाई पनि अवसर दिनुहोस् ।

(ख) केही शब्दको उच्चारण अभ्यास गरेर आउने गृहकार्यसमेत दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : ४

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठका नयाँ शब्दको अर्थ बताउन

(ख) पाठका विभिन्न शब्दलाई वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, शब्दकोश आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीलाई पाठको कुनै अनुच्छेद निर्धारण गरेर मौनवाचन गर्न लगाउनुहोस् । मौनवाचनका क्रममा उनीहरूले अर्थ नजानेका शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ख) पाठ्यपुस्तकको अभ्यास ३ मा केही शब्दको अर्थ जोडा मिलाउने गरी दिइएको छ । उनीहरूले नजानेका शब्दको अर्थ त्यहीँ हेर्न निर्देश गर्नुहोस् । त्यहाँ अर्थ दिइएका शब्द बाहेक अन्य शब्द मात्र रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले पूरै पाठ पढिसकेर अर्थ नजानेका शब्द रेखाङ्कन गरिसकेपछि शिक्षकले ती शब्द शैक्षणिक पाटीमा टिप्नुहोस् । कक्षाका अन्य विद्यार्थीलाई टिपिएका शब्दको अर्थ थाहा हुन सक्छ । उनीहरूलाई अर्थ सोध्नुहोस् । ठीक अर्थ दिएमा स्याबासी दिनुहोस् । आंशिक अर्थ प्राप्त भएमा शब्दार्थ पत्तीका सहायताले अर्थ बताइदिनुहोस् ।

(घ) विद्यार्थीले अर्थ नजानेका शब्दको अर्थका लागि शब्दकोशको उपयोग गर्ने र शब्दकोश हेर्ने तरिकाबारे छलफल गराउनुहोस् । विद्यालयमा शब्दकोश हेर्ने तरिकाबारे छलफल गराउनुहोस् । विद्यालयमा शब्दकोश नभएमा शिक्षकले अर्थ बताइदिनुहोस् । अर्थ बताउँदा पर्यायवाची शब्द दिने, उदाहरण दिने, विपरीतार्थक शब्द दिने, चित्र देखाउने जस्ता तरिका पनि उपयोग गर्नुहोस् । शब्दको अर्थ पत्ता लगाउन विद्यार्थीबीच छलफल गराउन पनि सकिन्छ ।

(ङ) शब्दार्थ शिक्षण विषयबोध र सिर्जनात्मक क्षमता विकासका लागि उपयोगी हुने भएकाले यसका लागि पर्याप्त समय दिनुहोस् ।

(च) शब्दार्थ शिक्षणपछि पाठबाट टिपिएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शब्दलाई वाक्यमा प्रयोग गराउँदा पहिले पाठकै सन्दर्भमा र पछि स्वतन्त्र सन्दर्भमा स्तरयुक्त वाक्य बनाउने अभ्यास गराउनुहोस् । विद्यार्थीले शब्दलाई ठीक तरिकाले वाक्यमा प्रयोग गरे नगरेको हेर्नुहोस् र सही प्रयोग नभएको भए वाक्यपत्तीको प्रयोग गरी सही प्रयोग गर्न सिकाउनुहोस् । वाक्यमा प्रयोग सिकाउँदा एउटै शब्दका एकभन्दा बढी प्रयोगका उदाहरण देखाउँदै अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठमा प्रयोग भएका केही शब्द दिई तिनको अर्थ बताउन लगाउनुहोस् ।

(ख) ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य

विद्यार्थीलाई शब्दको अर्थ खोज्ने र वाक्यमा प्रयोग गर्ने गृहकार्य समेत दिई परीक्षण गरिदिनुहोस् ।

## पाठ्यवस्तु : बोध प्रश्नोत्तर

घन्टी : ४

१. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) महाकवि देवकोटा पाठको विषयवस्तुसम्बन्धी छलफलमा भाग लिई विषयवस्तु बताउन

(ख) विषयवस्तुसम्बन्धी प्रश्नहरूको उत्तर दिन

२. शैक्षिक सामग्री

विषयवस्तुसम्बन्धी प्रश्नोत्तर गराउन प्रश्नहरूको सूची ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई सम्पूर्ण पाठ मौनवाचन गर्न लगाउनुहोस् । मौनवाचनपछि शिक्षकले विद्यार्थीहरूको समूह विभाजन गरी आपसमा छलफल गरेर आफूले बुझेका कुरा टिप्न समूहको एक जनालाई लगाउनुहोस् ।

(ख) समूहको एक जनाले मुख्य कुरा बताउँदा अन्य समूहलाई ती कुरा ठीक छन् कि होइनन् भनी छुट्याउन लगाउनुहोस् ।

(ग) सबै समूहको प्रस्तुतिपछि समूहका कुरा समेट्दै शिक्षकले पाठको सारांश बताइदिनुहोस् । आवश्यक परेका ठाउँमा व्याख्या पनि गरिदिनुहोस् ।

(घ) तपाईंले तयार पारेका प्रश्नसूची फलाटिन पाटीमा टाँस्नुहोस् र विद्यार्थी सङ्केत गरी प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विषयवस्तु बुझे बुझेनन् भन्नका लागि निम्नानुसारका प्रश्न सोध्नुहोस् :

- लक्ष्मीप्रसाद देवकोटा को हुन् ?
- उनको जन्म कहिले भएको हो ?
- उनका आमाबाबुको नाम केके हो ?
- देवकोटाको खास नाम के हो ?
- उनलाई किन लक्ष्मीप्रसाद भनिएको हो ?
- देवकोटाको पहिलो कविताको नाम के हो ?
- देवकोटा कसरी ठूला कवि भए ?

- मुनामदनमा देवकोटाले के भनेका छन् ?
- देवकोटाले मुनामदन किन नजलाइदिन भनेका होलान् ?
- देवकोटाले किन खुसी ठूलो हो भनेका हुन् ?
- देवकोटाका कवितामा कस्तो भाव पाइन्छ ?
- कविताबाहेक उनले केके लेखेका छन् ?
- देवकोटाको मृत्यु कहिले भयो ?
- हामी देवकोटालाई किन सम्झान्छौं ?

(ङ) कक्षाका सबै विद्यार्थीलाई पालैपालो प्रश्नसोध्नुहोस् र सबैलाई उत्तर दिने अवसर दिनुहोस् । विद्यार्थीले दिएको उत्तर ठीक भए नभएको जाँच्नुहोस् । ठीक उत्तर दिएको भए स्याबासी दिनुहोस् । बेठीक उत्तर दिएको भए आवश्यक सुझावसहित पुन: पाठ पढेर उत्तर खोज्न लगाउनुहोस् । एउटा विद्यार्थीले भनेको उत्तर ठीक भए नभएकोबारे कक्षाका अरू विद्यार्थीबाट समीक्षा गराउनुहोस् ।

(च) विद्यार्थीले सही जवाफ दिन नसकेमा वा आंशिक सही उत्तर दिएमा शिक्षकले नमुना उत्तर प्रस्तुत गर्नुहोस् र त्यसकै बारेमा समूहमा छलफल गराई निष्कर्षमा पुऱ्याउनुहोस् ।

(छ) अब विद्यार्थीलाई पाठका विषयवस्तुबारेमा कुनै अस्पष्टता भए प्रश्न सोध्न भन्नुहोस् । उनीहरूले सोधेका प्रश्नको जवाफ बारेमा पहिले कक्षाकै अरू विद्यार्थीबाट उत्तर खोज्नुहोस् र तिनलाई आधार बनाउँदै निष्कर्ष बताइदिनुहोस् ।

(ज) पाठका महत्वपूर्ण बुँदा शैक्षणिक पाटीमा टिप्नुहोस् । तिनै बुँदाका आधारमा देवकोटाको छोटो परिचय तयार पार्न लगाउनुहोस् । बुँदा यसप्रकार हुन सक्छन् :

- जन्म : वि.स. १९६६ साल कात्तिक २७ गते
- बाबुको नाम : तिलमाधव र आमाको नाम अमरराज्यलक्ष्मी देवकोटा
- नेपालीमा महाकवि
- कविता, निबन्ध, कथा, नाटक र उपन्यास लेखेका
- मुनामदन सबभन्दा राम्रो कृति
- मृत्यु : वि.सं. २०१६ सालमा

(झ) उनीहरूले लेखिसकेपछि जाँचिदिनुहोस् ।

(ञ) पाठका बारेमा महत्वपूर्ण कुरा बताउँदै निष्कर्ष छलफल गर्नुहोस् ।

४. मूल्याङ्कन

'महाकवि देवकोटा' पाठबाट विभिन्न प्रश्न सोधी उत्तर भन्न लेख्न लगाउनुहोस् ।

५. थप सुझाव

(क) बोध प्रश्नोत्तर गराउँदा कक्षाका सबै विद्यार्थीलाई समान अवसर दिनुहोस् । सबैले भनेका/लेखेका उत्तर परीक्षण गरिदिनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## पाठयवस्तु : अभ्यास / व्याकरण

घन्टी : ५

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

पाठका अभ्यास गर्न

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, शब्द, शब्दार्थ, वाक्य र नमुना उत्तरका सूची आदि ।

३. शिक्षण सिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीलाई पाठ्यपुस्तकका ६२-६४ पृष्ठका अभ्यास पढ्न लगाई तिनको उत्तर पाठ्यपुस्तकमा खोज्न लगाउनुहोस् । यी अभ्यास यसभन्दा अघिका कक्षामा कक्षाकार्य / गृहकार्यका रूपमा गराइसक्नुभएको भए यहाँ यसै प्रकारका थप अभ्यास बनाई तिनको अभ्यास गराउनुहोस् ।

(ख) पाठको अभ्यास नं. १ गराउनुहोस् । यी नमुना शब्द मात्र हुन् । पाठभित्र तथा बाहिरबाट यसै प्रकारका अरू शब्द दिई तिनको पनि उच्चारण अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीलाई पाठ पढ्न लगाई देवकोटाका बारेमा उनीहरूले जानेका कुरा भन्न तथा लेख्न (सक्नेलाई) लगाउनुहोस् ।

(घ) पाठको अभ्यास ३ गराउनुहोस् । यहाँ शब्द र अर्थको जोडा सोझै मिल्दैन । विद्यार्थी आफैँलाई अर्थ खोजी जोडा मिलाउन लगाउनुहोस् र पाठमा उनीहरूले अर्थ नजानेका शब्दको पनि यसरी नै अभ्यास गराउनुहोस् । अभ्यास ४ गराउँदा पनि पाठ पढेर मिल्ने शब्द खोज्न लगाउनुहोस् । उनीहरूले नजानेमा सहयोग गरिदिनुहोस् र उत्तर ठीक भएनभएको जाँची सुझाव दिनुहोस् ।

(ङ) पाठको अभ्यास ५ गराउनुहोस् । यी नमुना शब्द मात्र हुन् । विद्यार्थीले यसप्रकारका त्रुटि पनि गर्न सक्छन् । कक्षाको अवस्था हेरी थुप्रै अशुद्ध शब्दलाई शुद्ध पारी लेख्ने अभ्यास गराउनुहोस् । विद्यार्थीको लेखाइमा भएका गल्तीलाई पनि तत्काल सुधार गरिदिई पुन: एकदुईपल्ट शुद्धसँग लेख्न लगाउनुहोस् ।

(च) पाठको अभ्यास ६ गराउनुहोस् । शब्दलाई वाक्यमा प्रयोग गर्दा सकभर उनीहरूको क्षमताअनुसारका आफ्नै वाक्यमा प्रयोग गर्न जोड दिनुहेस् । पाठ्यपुस्तक बाहेकका अन्य शब्द दिएर पनि वाक्य निर्माण गर्न लगाउनुहोस् ।

(छ) पाठको अभ्यास ७ कक्षामा नै गराउनुहोस् । उनीहरूले सारिसकेपछि जाँचिदिनुहोस् । यस प्रकारका अभ्यास हस्तलेखनका रुपमा वा आवश्यकताअनुसार गृहकार्य दिनु पनि उपयुक्त हुन्छ ।

(ज) पाठको अभ्यास ८ गराउनुहोस् । यो अभ्यास गराउँदा एकपल्टमा एकदुईओटा प्रश्नको उत्तर पाठ पढेर तयार पार्न लगाउनुहोस् । यसलाई कक्षाकार्य र गृहकार्यका रुपमा गराउन सकिन्छ । सबैले लेखेका उत्तर परीक्षण गरिदिनुहोस् र उत्तर ठीक नभएमा सच्चाएर पुन: लेख्न लगाउनुहोस् ।

(झ) पाठको अभ्यास ९ सिर्जनात्मक अभ्यास हो । यसमा विद्यार्थी पाठसँग सम्बन्धित हुन वा नहुन सक्छन् । यसबाट तर्क क्षमता वृद्धि हुने भएकाले समूहमा विभाजन गरी छलफलमा सबै विद्यार्थीलाई सहभागी गराउनुहोस् ।

(ञ) विद्यार्थीलाई अभ्यास गर्न गाह्रो लागेका ठाउँमा सहजीकरण गर्नुहोस् ।

४. मूल्याङ्कन

अभ्यासमा दिइएका प्रनहरूका उत्तर पुनरावृत्ति गराउनुहोस् ।

५. थप सुझाव

(क) अभ्यास गराउँदा भरसक कक्षाकार्यकै रूपमा गराउनुहोस् र गृहकार्य दिनुपरे थोरै मात्र दिनुहोस् ।

(ख) पाठका अभ्यास नमुना मात्र हुन् । यस्तै थप अभ्यास बनाई विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमता विकास गराउनुहोस् ।

पाठ - १२

# [illegible]को कुरा

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| शुद्धोच्चारण र लयवाचन | १ |
| सस्वरवाचन | २ |
| शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| पठनबोध | ३ |
| अभ्यास/व्याकरण | ४ |
| संवाद रचना | २ |

| पाठ्यवस्तु : शुद्धोच्चारण र लयवाचन | घन्टी : १ |
|---|---|

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सरल शब्द उच्चारण गर्न

(ख) जटिल शब्द उच्चारण गर्न

(ग) विभक्ति लागेका शब्द उच्चारण गर्न

(घ) क्रियापदका रूपमा प्रयोग भएका शब्द उच्चारण गर्न

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, शब्दपत्ती र गोजी तालिका, फलाटिन पाटी र कक्षामा उपलब्ध दैनिक प्रयोगका अन्य सामग्री ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षा वातावरणलाई व्यवस्थित गर्नुहोस् र शिक्षणसिकाइ अनुकूल बनाउनुहोस् ।

(ख) केही कुराकानी गरेर पाठप्रति विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(ग) सरला, कुरा, एउटा, हामी जस्ता सरल शब्द लेखिएका शब्द गोजी तालिकामा राखेर देखाउनुहोस् । सरल शब्द उच्चारण गर्न लगाउँदा विशेष गरेर कमजोर विद्यार्थीलाई अवसर प्रदान गर्नुहोस् ।

(घ) सरल शब्दपछि जटिल शब्दको उच्चारण गराउनुहोस् । जटिल शब्दको उच्चारण गराउँदा कालोपाटीको पयोग गर्नुहोस् ।

(ङ) जटिल शब्दको उच्चारण गराउँदा अचम्म, अरुण, विद्यालय, मात्र, सुरुवाल जस्ता शब्द कालोपाटीमा लेख्नुहोस् र पालैपालो सबै विद्यार्थीलाई उच्चारण गर्न अवसर प्रदान गर्नुहोस् ।

(च) जटिल शब्द उच्चारण गर्न कठिन हुने विद्यार्थीहरूलाई आवश्यक मद्दत गर्नुहोस् र अभ्यासका लागि थप अवसर पनि प्रदान गर्नुहोस् ।

(छ) उच्चारण क्रियाकलापको प्रयोग गर्दा कुनै विद्यार्थीले गरेको उच्चारण ठीक छ वा छैन, उनीहरूको साथीबाट नै यकिन गर्न निर्देशन दिनुहोस् र ठीक नभए सच्याउन पनि विद्यार्थीहरूलाई नै लगाउनुहोस् ।

(ज) मैले, कमिलाले, गोबरमा, उनीहरूको जस्ता विभक्ति लागेका र नामयोगी गाँसिएका शब्द उल्लेख गरिएका शब्दपत्तीहरू फलाटिन पाटीमा टाँस्नुहोस् । अनि विद्यार्थीहरूलाई उच्चारण गर्न निर्देशन दिनुहोस् । निर्देशन दिँदा सबै बेन्चका विद्यार्थीको प्रतिनिधित्व हुने कुरालाई ख्याल गर्नुहोस् ।

(झ) क्रियापदका रूपमा प्रयोग भएका शब्द उच्चारण गर्न अभ्यास गरउने सन्दर्भमा पाठमा प्रयोग भएका शब्द तपाईं भन्दै जानुहोस र विद्यार्थीहरूलाई सिसाकलमले रेखाङ्कन गर्न निर्देशन दिनुहोस् । अनि रेखाङ्कन गरेका शब्द उच्चारण गर भनेर अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) मूल्याङ्कन गर्दा कक्षाकार्यका रूपमा निम्नलिखित शब्द उच्चारण गर्न लगाउनुहोस् :

जताततै, कमिज, धन्यवाद, थाहा, प्वाल आदि ।

(ख) अभ्यास १ को क्रियाकलाप गराउनुहोस् ।

५. थप सुझाव

पाठमा प्रयोग भएका शब्दहरू प्रस्टसँग उच्चारण गरेर अभिभावकलाई सुनाउन भन्नुहोस् ।

# पाठ्यवस्तु : सस्वरवाचन

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सामान्य रूपमा सस्वरवाचन गर्न

(ख) गति, यतिलाई ख्याल गरेर सस्वरवाचन गर्न

(ग) हाउभाउसहित सस्वरवाचन गर्न

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, वाक्यपत्ती र फलाटिन पाटी, कक्षामा उपलब्ध दैनिक प्रयोगका अन्य सामग्रीहरू ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गरेर शिक्षणसिकाइ अनुकूल बनाउनुहोस् ।

(ख) सबै विद्यार्थीप्रति दृष्टि दिएर उनीहरूको ध्यान पाठप्रति आकर्षित गर्नुहोस् ।

(ग) सस्वरवाचन गर्दा पालना गर्नुपर्ने मूलभूत कुराहरू कालोपाटीमा लेख्नुहोस् र विद्यार्थीहरूलाई पढ्न भन्नुहोस् ।

(घ) विद्यार्थीहरूलाई सस्वरवाचनका लागि उपयुक्त समूहमा विभाजन गर्नुहोस् ।

(ङ) प्रस्तुत 'अचम्मको कुरा' संवाद पाठको प्रारम्भिक अंश आदर्श वाचन गरेर सुनाउनुहोस् र समूहबाट एकएकजना विद्यार्थीलाई पालैपालो अनुवाचन गर्न लगाउनुहोस् ।

(च) संवादमा छोटा प्रश्नोत्तरका रूपमा गरिएका वार्तालापहरू कालोपाटीमा लेख्नुहोस् र कक्षाका कमजोर विद्यार्थीहरूलाई ती वार्तालापहरू पाठमा खोजेर सस्वरवाचन गर्न भन्नुहोस् । यसरी सस्वरवाचन गराउँदा समूहका विद्यार्थीहरूलाई पालैपालो गरी सस्वरवाचन गर्न अवसर प्रदान गर्नुहोस् । कमजोर विद्यार्थीहरूले सस्वरवाचनमा त्रुटि गरेमा जान्ने विद्यार्थीहरूबाट सच्याउन लगाउनुहोस् ।

(छ) पाठमा अनुच्छेदका रूपमा प्रस्तुत गरिएका वार्तालाप सरला र अरुणको अभिनय गरी सस्वरवाचन गर्न भन्नुहोस् । सस्वरवाचन गर्दा गति र यतिमा ध्यान दिन लगाउनुहोस् । हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ज) पाठलाई विभिन्न अंशमा विभाजन गर्नुहोस् र एक अंश एउटा विद्यार्थीबाट र अर्को अंश अर्को विद्यार्थीलाई साथीले गरेको सस्वरवाचनमा ध्यान केन्द्रित गर्नका लागि सचेत गराउनुहोस् ।

(झ) समूहमा सस्वरवाचन क्रियाकलापको प्रयोग गर्दा समूहका सबै सदस्यबाट सस्वरवाचन गर्न पाउनुपर्ने अवसरमा ध्यान दिन नबिर्सनुहोस् ।

(ञ) अन्त्यमा अरुण र सरला बनेर दुईजना विद्यार्थीबाट पुरै पाठ सस्वरवाचन गरेर सुनाउन भन्नुहोस् ।

४. मूल्याङ्कन

मूल्याङ्कनका लागि कक्षा कार्यका रूपमा निम्नलिखित क्रियाकलाप गराउनुहोस् :

(क) अरुण र सरला कति कक्षामा पढ्छन् ?

(ख) अरुण र सरला विद्यालयबाट घर फर्किंदा के बारेमा कुरा गर्छन् ?

(ग) अभ्यास २ को प्रश्न हल गर ।

५. थप सुझाव

सस्वरवाचनमा अभ्यास गर्न र सस्वरवाचन गरी अभिभावकलाई पाठ सुनाउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) शब्दको अर्थ बताउन

(ख) शब्दलाई वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, शब्दपत्ती र गोजी तालिका, वाक्यपत्ती र फलाटिन पाटी, कक्षामा उपलब्ध दैनिक प्रयोगका अन्य सामग्री ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गर्नुहोस् ।

(ख) विद्यार्थीहरूको ध्यानलाई पाठप्रति आकर्षित गर्नुहोस् ।

(ग) शब्दार्थ शिक्षणका लागि तयार गरिएका शब्दपत्ती गोजी तालिकामा राख्नुहोस् र ती शब्द विद्यार्थीहरूलाई पढ्न भन्नुहोस् । अर्थ नआउने शब्दको शिक्षण गर्न अर्थपत्ती पनि गोजी तालिकामा राखेर शब्दार्थ शिक्षण गर्नुहोस् ।

(घ) पाठमा प्रयोग भएका केही नयाँ शब्द कालोपाटीमा लेख्नुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाएर विद्यार्थीहरूले ती शब्दको अर्थ जानेनजानेको जाँच्नुहोस् । विद्यार्थीहरूलाई शब्दार्थका बारेमा जानकारी नभएमा कालोपाटीमा अर्थ पनि लेख्नुहोस् र कापीमा सार्न लगाउनुहोस् ।

(ङ) 'अचम्मको कुरा' पाठ पुरै पढ्न भन्नुहोस् । पाठ पढ्दा अर्थ नजानेका शब्दलाई सिसाकलमले रेखाङ्कन गर्न निर्देशन दिनुहोस् । विद्यार्थीहरूले रेखाङ्कन गरेका शब्दहरू कालोपाटीमा लेख्नुहोस् र ती शब्दको अर्थ बताउनुहोस् ।

(च) बताएको अर्थ विद्यार्थीहरूले ग्रहण गर्न सकेननकेको थाहा पाउन विद्यार्थीहरूलाई नयाँ लागेका शब्दहरू वाक्यमा प्रयोग गर्न भन्नुहोस् । अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न नसकेमा फरक ढङ्गले वा विभिन्न ढाँचा अपनाई शब्दको अर्थ बताउनुहोस् ।

(छ) सपना, पछि, सफा, शब्दको शिक्षण विपरीत अर्थ दिएर गर्नुहोस् । अचम्म, जात्रा, लुगा, अनुहार जस्ता शब्दको अर्थ बताउँदा अनौठो, मेला, कपडा, चेहरा शब्द प्रयोग गर्नुहोस् । आमै, अनि र कस्तो आदि शब्दको अर्थ बताउनुपरेमा वाक्यमा प्रयोग गरेर देखाउनुहोस् । कभिलो शब्दको अर्थ बुझ्नुपर्‍यो भने चित्र लेखेर देखाउनुहोस् ।

(ज) एवम् प्रकारले कमिज, सुरुवाल, टोपी जस्ता शब्दका अर्थ बताउन ठोस वस्तु प्रयोग गर्ने गर्नुहोस् । नाक शब्दको अर्थ बताउन नाक वा नाकको चित्रलाई आधार मान्न सकिन्छ । तपाईंलाई जुन सजिलो हुन्छ, त्यही प्रयोग गर्ने गर्नुहोस् ।

(झ) पाठका अधिकांश शब्दको अर्थ बताउनुहोस् । पाठमा प्रयोग भएका शब्दको अर्थका बारेमा जानकारी गराएपछि शब्दलाई वाक्यमा प्रयोग गर्न पनि सिकाउनुहोस् ।

(ञ) वाक्य प्रयोगको अभ्यास गराउँदा लिखित र मौखिक दुवै रूपमा अभ्यास गराउनुहोस् । पाठको विषयवस्तुको सन्दर्भ र फरक सन्दर्भ दुवैलाई आधार मानेर वाक्य प्रयोगमा अभ्यास गराउने प्रयास गर्नुहोस् ।

४ मूल्याङ्कन

कक्षा कार्यका रूपमा विद्यार्थीहरूको मूल्याङ्कन गर्न उनीहरूलाई निम्नलिखित कार्य गर्न भन्नुहोस् :

- अभ्यास ३ को क्रियाकलाप गर ।
- तलका शब्दको अर्थ लेख :

  गफ, खुब, मस्त, अचम्म, लुगा
- तलका शब्दलाई वाक्यमा प्रयोग गर :

  गोबर, चिनी, हामी, एउटा, कुरा

५. थप सुझाव

(क) निम्नलिखित प्रश्नको उत्तर लेखेर ल्याउन भन्नुहोस् :

विद्यालय, जात्रा, टोपी, अनुहार, मिठाई

(ख) तलका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

कहाँ, तिमी, नाम, नि, अरू अनि आदि

# पाठ्यवस्तु : पठनबोध

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) मौखिक रूपमा प्रश्नोत्तर गर्न

(ख) लिखित रूपमा प्रश्नोत्तर गर्न

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, प्रश्नहरूको पाटी, फलाटिन पाटी, कक्षामा उपलब्ध दैनिक प्रयोगका अन्य सामग्री ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गर्नुहोस् ।

(ख) विद्यार्थीहरूको ध्यान पाठप्रति आकर्षित गरी शिक्षणसिकाइमा रुचि जगाउनुहोस् ।

(ग) 'अचम्मको कुरा' पाठमा दिएको कथानक सबै विद्यार्थीले बुझ्ने गरी प्रस्टसँग बताउनुहोस् र विद्यार्थीहरूलाई ध्यान दिएर सुन्न भन्नुहोस् ।

(घ) 'अचम्मको कुरा' पाठ पढ्न सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

(ङ) विद्यार्थीहरूको जोडी समूह बनाई उनीहरूलाई अरुण र सरलाको अभिनय गर्दै कुराकानी गर्न भन्नुहोस् ।

(च) कालोपाटीमा निम्नलिखित प्रश्नहरू लेख्नुहोस् र विद्यार्थीहरूलाई पालैपालो गरी मौखिक रूपमा उत्तर दिन भन्नुहोस् :

- अरुण र सरला कति कक्षामा पढ्छन् ?
- अरुण र सरला केका बारेमा कुरा गर्दै छन् ?
- अरुण र सरलामा कसले सपना देखेको थियो ?
- सपनामा देखेका कमिला कत्रा थिए ?
- सपनामा देखेका कमिला र अन्य कमिलाका बीच के भिन्नता थियो ?

(छ) कक्षाको एकजना विद्यार्थीलाई सबै विद्यार्थीहरूको सामुन्नेमा बोलाउनुहोस् र निम्नलिखित प्रश्नलाई आधार मानेर ऊसँग कुराकानी गर्नुहोस् । त्यो कुराकानी ध्यान दिएर सुन्न अरू विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् :

- अरुण जस्तै तिमी पनि कहिलेकाहीँ सपना देख्छौ ?
- अरुणले देखेको सपना तिमीलाई कस्तो लाग्यो ?
- अरुणले सपनामा देखेका कमिलाको नाम केके थियो ?

- कमिलाहरूले के लगाएका थिए ?
- दुवै कमिलामा पाइने समानता र भिन्नता केके हुन् ?

(ज) दुईजना विद्यार्थीलाई सबै विद्यार्थीको सामुन्नेमा बोलाउनुहोस् । उनीहरूमध्ये एउटालाई गोबर कमिलो र अर्कोलाई चिनी कमिलो बनेर अभिनय गर्न भन्नुहोस् । यो क्रियाकलाप गराउँदा प्रश्नोत्तर गर्न विद्यार्थीहरूलाई मद्दत पनि गर्नुहोस् ।

(झ) निम्नलिखित प्रश्नहरूको सूची फलाटिन पाटीमा टाँस्नुहोस् र ती प्रश्नहरूको उत्तर कक्षामा नै तत्काल लेखेर देखाउन सबै विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् :

- अरुण र सरलामा कसले कसलाई धन्यवाद दियो ?
- धन्यवाद दिनाको कारण के थियो ?
- गोबर कमिलो किन रमायो ?
- चिनी कमिलाले गोबर कमिलालाई कहाँ लिएर गयो ?
- चिनी कमिलाले गोबर कमिलालाई किन नुहाउन पठायो ?

(ञ) लिखित प्रश्नोत्तर गर्दा खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक बेठीक छुट्याउने र सही उत्तर छान्ने प्रश्नहरूको पनि प्रयोग गर्नुहोस् ।

४. मूल्याङ्कन

कक्षाकार्यका रूपमा मूल्याङ्कन गर्दा विद्यार्थीहरूलाई निम्नलिखित प्रश्नको उत्तर मौखिक रूपमा दिन भन्नुहोस् :

- 'तिमीलाई उनीहरूले देखेनन् ?' यो कसले कसलाई भनेको हो ?
- कमिलाहरूमा एउटाको नाम चिनी कमिलो र अर्काको नाम गोबर कमिलो हुनाको कारण के हुन सक्छ ?
- चिनी कमिलो र गोबर कमिलोमा तिमीलाई कुन कमिलो किन मन पऱ्यो ?
- दवै कमिलामा पहिलेदेखि नै चिनजान थियो त ?
- दुवै कमिला बस्ने ठाउँ बताऊ त ।

५. गृहकार्य

निम्नलिखित प्रश्नको उत्तर लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् :

- अरुण सपनामा कहाँ गएको थियो ?
- अरुण र कमिलाको भेट कहाँ भएको सपना उसले देख्यो ?
- दुईओटा कमिलामा नमिल्ने कुराहरू केके थिए ?
- अरुण कहाँ जान कसको पछिपछि लाग्यो ?
- अरुणले सपनामा देखेको अन्तिम घटना के थियो ?

## पाठ्यवस्तु : अभ्यास/व्याकरण

घन्टी ४

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'अचम्मको कुरा' पाठको अभ्यासमा दिएका भाषिक सीपसँग सम्बन्धित प्रश्नहरू हल गर्न

(ख) त्यस्तै भाषातत्त्वसँग सम्बन्धित प्रश्नहरू समाधान गर्न

२. शैक्षिक सामग्री

कक्षाको वातावरण, अभ्यासमा दिएका प्रश्नहरूको सूची, पाठ्यपुस्तक, फलाटिन पाटी, कक्षामा उपलब्ध दैनिक प्रयोगका अन्य सामग्री ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गरेर शिक्षणसिकाइ अनुकूल बनाउनुहोस् ।

(ख) 'अचम्मको कुरा' संवाद पाठबाट विद्यार्थीहरूमा सुनाइ सीप विकास गर्न अभ्यासअन्तर्गतका प्रश्न २ को क्रियाकलाप गराउनुहोस् । यो क्रियाकलाप गराउँदा अरुण र सरला बनी 'अचम्मको कुरा' संवाद पालैपालो पढेर सुनाउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

(ग) यस पाठबाट विद्यार्थीहरूमा बोलाइ सीपको विकास गर्न अभ्यासअन्तर्गत प्रश्न ८ मा दिएका प्रश्नको उत्तर मौखिक रूपमा दिन अभिप्रेरित गर्नुहोस् । मौखिक रूपमा प्रश्नोत्तर गर्दा सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्नुहोस् ।

(घ) अभ्यासको प्रश्न १ मा दिएका शब्दहरू कालोपाटीमा लेख्नुहोस् र सबै विद्यार्थीहरूलाइं पालैपालो गरी ती शब्द उच्चारण गर्न लगाउनुहोस् । एवम् प्रकारले पढाइ सीपको विकास गर्न अभ्यासको प्रश्न ७ मा दिइएको क्रियाकलाप पनि गराउनुहोस् । यो क्रियालकलाप गराउँदा पाठ्यपुस्तकको पाठमा दिएको सूचना सबै विद्यार्थीलाई पढ्न भन्नुहोस्, त्यो सूचनासँग सम्बन्धित प्रश्नको उत्तर दिन भने निश्चित विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । ती विद्यार्थीहरूले उत्तर दिन नसकेमा तिनै प्रश्नहरू अन्य विद्यार्थीहरूलाई सोध्नुहोस् ।

(ङ) कक्षा ३ का विद्यार्थीहरूमा लेखाइ सीप विकास गर्न यो पाठको शिक्षण सन्दर्भमा यही पाठको अभ्यासअन्तर्गतको ८ नं. प्रश्नसँग सम्बन्धित क्रियाकलाप गराउनुहोस् । यो क्रियाकलाप गराउँदा हर्कमानका बारेमा दिएका कुराहरू पढ्न र आ-आफ्ना बारेमा लेख्न सबै विद्यार्थीलाई भन्नुहोस् । विद्यार्थीहरूले उनीहरूका बारेमा लेखेका कुराहरू नजिकै बसेको साथीलाई पालैपालो सुनाउनुहोस् ।

(च) लेखाइ सीपको लिखित रूपमा दिनपर्ने सबै विद्यार्थीलाई भन्नुहोस् । विद्यार्थीहरूले लिखित रूपमा दिएको उत्तर ठीक नभए सच्याएर लेख्ने अवसर प्रदान गर्नुहोस् र सच्याउन उनीहरूलाई मद्दत पनि गर्नुहोस् ।

(छ) 'अचम्मको कुरा' संवाद पाठबाट विद्यार्थीहरूलाई भाषातत्त्वसँग सम्बन्धित कुरा सिकाउन अभ्यासअन्तर्गतका प्रश्न नं. ३, ४, ५ र ६ का क्रियाकलाप गर्न लगाउनुहोस् । प्रश्न ३ को क्रियाकलाप गराउँदा दिइएको अर्थसँग सम्बन्धित शब्द पाठमा खोज्न भन्नुहोस् । त्यसमा तपाईंले पनि मद्दत गर्नुहोस् । त्यस्तै प्रश्न नं. ४ को क्रियाकलाप गराउँदा त्यहाँ दिइएका शब्दहरू कालोपाटीमा लेख्नुहोस् र विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न भन्नुहोस् । वाक्यमा प्रयोग गर्न नसक्ने विद्यार्थीहरूलाई आवश्यक मद्दत पुऱ्याउनुहोस् ।

(ज) अभ्यासअन्तर्गतको ५ नं. प्रश्न शब्द बनाउने क्रियाकलापसँग सम्बन्धित छ । यताउता परेका अक्षरलाई क्रममा मिलाउँदा बन्ने शब्द पढेर कक्षामा सुनाउन विद्यार्थीहरूलाई भन्नुहोस् ।

(झ) अभ्यासअन्तर्गत नम्बर ७ मा दिएको क्रियाकलापका आधारमा विद्यार्थीहरूलाई वाक्य बनाउन सिकाउनुहोस् । वाक्य बनाउन सिकाउँदा दिइएको उदाहरण पढ्न भन्नुहोस् र दिएका दुईओटा वाक्यलाई 'अनि' शब्दले जोडेर एउटाएउटा वाक्य बनाउन सबै विद्यार्थीलाई निर्देशन गर्नुहोस् ।

४. मूल्याङ्कन

कक्षाकार्यका रूपमा विद्यार्थीहरूको मूल्याङ्कन गर्न उनीहरूलाई निम्नलिखित प्रश्नको उत्तर मौखिक रूपमा दिन भन्नुहोस् :

(क) कमिलाहरूको नाम केके थियो ?

(ख) कुन समयमा बढी हावाहुरी चल्छ ?

(ग) हर्कमानको घर कुन जिल्लामा छ ?

(घ) चिनजान गर्ने कामलाई जनाउने शब्द भन ।

(ङ) गोबर शब्दलाई वाक्यमा प्रयोग गर ।

५. गृहकार्य

निम्नलिखित प्रश्नको उत्तर लेखेर ल्याउन भन्नुहोस् :

(क) वास्ना शब्दलाई वाक्यमा प्रयोग गर ।

(ख) गुलियो र मीठो स्वादको रोटी आदि खानेकुरालाई के भनिन्छ ?

(ग) हर्कमान कति कक्षामा पढ्छ ?

(ध) जात्रा सकिएपछि कमिलाहरू कहाँ गए ?

# पाठ्यवस्तु : संवाद रचना

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) आफ्नो अनुभवका बारेमा साथीसँग कुराकानी गर्न

(ख) शिक्षकको निर्देशनमा स-साना संवाद रचना गर्न

२. शैक्षिक सामग्री

(क) कक्षामा उपलब्ध दैनिक प्रयोग सामग्री

(ख) चित्र तथा अन्य स्थानीय ठोस सामग्री

३. शिक्षकसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गरेर शिक्षणसिकाइ अनुकूल बनाउनुहोस् ।

(ख) संवाद रचनाका लागि तयारी रहन विद्यार्थीहरूलाई अभिप्रेरित गर्नुहोस् ।

(ग) दुईदुई जनाको जोडी समूह बनाउनुहोस् र बसाइको राम्रो व्यवस्था मिलाउनुहोस् ।

(घ) मौखिक संवादका लागि केही विषय शीर्षकहरू कालोपाटीमा लेख्नुहोस् । विषयहरू दिएर उनीहरूलाई रुचि लागेको विषयमा कुराकानी गर्न भन्नुहोस् ।

(ङ) विद्यार्थीविद्यार्थीबीच कुराकानी गर्न निर्देशन दिनुभन्दा पहिले आफूले कुनै एक विद्यार्थीसँग कुराकानी गरेर नमुनाका लागि प्रदर्शन गर्नुहोस् । त्यस्तै अरुण र सरलाले गरेको अचम्मको कुरा विषयको संवाद पनि कुराकानी गर्ने आधार हुन सक्छ भनेर विद्यार्थीहरूको ध्यान त्यसप्रति केन्द्रित गराउनुहोस् ।

(च) कुराकानी गर्दा प्रश्न सोध्ने, उत्तर दिने, सही मिलाउने, सिलसिला मिलाएर कुराकानी लम्याउँदै जाने विषयलाई आधार मानेर कुराकानी गर्न लगाउनुहोस् र त्यसमा तपाईंले आवश्यक मद्दत गर्नुहोस् । कुराकानी गर्दा विद्यार्थीहरूले गरेका भाषिक त्रुटि हटाएर कथात्मक भाषाको प्रयोगमा उनीहरूलाई सचेत गराउनुहोस् ।

(छ) संवाद रचना गर्न सिकाउने सन्दर्भमा मौखिक रूपमा कुराकानी गर्न सिकाउन प्रयोग गरिएका क्रियाकलापहरूलाई पनि प्रयोग गर्नुहोस् र थप उपायहरू पनि अपनाउनुहोस् ।

(ज) संवाद रचना गर्न सिकाउने सन्दर्भमा मौखिक रूपमा कुराकानी गर्न सिकाउन प्रयोग गरिएका क्रियाकलापहरूलाई पनि प्रयोग गर्नुहोस् र थप उपायहरू पनि अपनाउनुहोस् ।

(झ) संवाद लेख्न लाउँदा पात्र, घटना र कथावस्तुको टिपोट गराउनुहोस् र त्यसका आधारमा संवाद तयार गर्न भन्नुहोस् ।

(ञ) संवाद लेखनको प्रारम्भ गर्ने प्रसङ्ग पनि बनाउनुहोस् र सहज रूपमा जसरी कुराकानी गरिन्छ तिनै कुराकानीलाई लिखित रूपमा प्रस्तुत गर्न अभिप्रेरित गर्नुहोस् ।

(ट) स-साना संवादका नमुनाहरू फलाटिन पाटीमा टाँस्नुहोस् र त्यही ढाँचामा त्यस्तै प्रकारका संवाद लेख्न विद्यार्थीहरूलाई अभ्यस्त बनाउनुहोस् ।

४. मूल्याङ्कन

कक्षाकार्यका रूपमा संवाद लेखाउन निम्नलिखित उपाय अपनाउनुहोस् :

(क) बीचबीचका अंश निकालिएको संवाद दिनुहोस् र त्यो संवाद पूरा गर्न भन्नुहोस् ।

(ख) खरायो र सिंह जस्ता कथा सुनाउनुहोस् । खरायो र सिंहका बीचमा भएको कुराकानीलाई संवादको ढाँचामा लेख्न भन्नुहोस् ।

(ग) कुनै विषयवस्तुका बारेमा विद्यार्थीहरूसँग कुराकानी गर्नुहोस् र तिनै कुराकानीलाई संवादका ढाँचामा लेख्न भन्नुहोस् ।

५. थप सुझाव

घर जाँदा साथीसँग कुराकानी गर्न र तिनै कुरालाई संवादका रूपमा लेखेर ल्याउन भन्नुहोस् ।

पाठ : १३

# घामछाया

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
| --- | --- |
| शुद्धोच्चारण र सस्वरवाचन | २ |
| लयवाचन | २ |
| वाक्यमा प्रयोग | ३ |
| शब्दार्थ शिक्षण र भावबोध | २ |
| प्रश्नोत्तर र व्याख्या | २ |
| अभ्यास | २ |
| व्याकरण | २ |

| पाठ्यवस्तु : शुद्धोच्चारण र सस्वरवाचन | घन्टी : २ |
| --- | --- |

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'घामछाया' पाठका नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, नयाँ शब्दहरूको शब्दसूची, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई घामछाया कवितासम्बन्धी विभिन्न रोचक एवम् उत्प्रेरक प्रश्नहरू सोध्नुहोस् ।

(ख) कविताको सस्वरवाचन गरेर विद्यार्थीहरूलाई पनि आफू सँगसँगै कविता वाचन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई उच्चारण गर्न कठिन भएका शब्दहरू कापीमा टिप्न लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूले कापीमा टिपेका शब्दहरू कालो वा सेतोपाटीमा टिपेर सबैलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीहरूले शुद्ध उच्चारण गर्न नसके आफैँले उच्चारण गरेर आफू सँगसँगै विद्यार्थीहरूलाई पनि पटकपटक उच्चारण गर्न लगाउनुहोस् ।

(ङ) शुद्ध उच्चारणको अभ्यास गराउँदा वर्ण, शब्द, पङ्क्ति हुँदै सिङ्गो कविताको उच्चारण अभ्यास निरन्तर गराउनुहोस् ।

(च) तपाईंको कक्षामा मातृभाषा नेपाली नभएका विद्यार्थीहरू पनि प्रशस्तै हुन सक्छन् । उनीहरूका लागि सहयोगी सहजकर्ताको रूपमा प्रस्तुत हुनुहोस् । रमाइलो वातावरणमा सिक्ने समान अवसर दिनुहोस् ।

४. मूल्याङ्कन

घामछाया कविताका नयाँ शब्दहरू उच्चारण गर्न लगाउनुहोस् ।

५. थप निर्देशन

(क) सम्पूर्ण विद्यार्थीलाई पाठको अन्त्यमा भएका शब्दार्थ पढेर आउन निर्देशन दिनुहोस् ।

(ख) अभ्यास ३ मा भएका शब्द र अर्थको जोडा मिलाएर ल्याउन निर्देशन दिनुहोस् ।

(ग) अभ्यास १ को शुद्धसँग उच्चारण गर्ने अभ्यास घरमा पटकपटक गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : लयवाचन

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'घामछाया' कविताको लयवाचन गर्न

२. शैक्षिक सामग्री

गति, यति र विश्राम मिलेको कविताका श्लोक, फलाटिन पाटी ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम आफैँले कविताको लय मिलाएर नमुनावाचन गरिदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई पालैपालो कविताको सस्वरवाचन गराउनुहोस् ।

(ग) सस्वरवाचनपछि कविताको गति र यतिसम्बन्धी जानकारी गराउनुहोस् ।

(घ) गति, यति र विश्रामसम्बन्धी ज्ञान भएपछि विद्यार्थीहरूलाई पुन: कविता वाचन गर्न लगाउनुहोस् ।

(ङ) पहिले र पछि वाचन गर्दा केके भिन्नता पाइयो, विद्यार्थीलाई सोधेर कालोपाटीमा टिप्दै जानुहोस् । अन्त्यमा सबै विद्यार्थीको समान सहभागिता हुने गरी छलफल गराउनुहोस् ।

(च) छलफलको निष्कर्ष कालोपाटीमा लेख्नुहोस् ।

४. मूल्याङ्कन

विद्यार्थीहरूलाई पालैपालो कविता पढेर सुनाउन निर्देशन दिनुहोस् ।

५. गृहकार्य

निर्धारित श्लोकहरू पढेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग

घन्टी : ३

१. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) घामछाया कवितामा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ भन्न

(ख) नयाँ शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

शब्दार्थ पत्ती, वाक्यपत्ती, फ्लाटिन पाटी, गोजी तालिका आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कविताको मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) मौनवाचनपछि कविताका कठिन शब्दहरूको टिपोट गर्न लगाउनुहोस् ।

(ग) पाठ टिपेका शब्दहरूको उत्तर अभ्यास ३ को जोडा मिलाउने अभ्यासबाट खोज्न लगाउनुहोस् । विद्यार्थीहरूले सही उत्तर खोज्न नसके आफैँले सहयोग गरिदिनुहोस् ।

(घ) विद्यार्थीहरूले आफ्नो अभ्यास पुस्तिकामा टिपेका शब्दहरू कालो वा सेतोपाटीमा टिप्नुहोस् । त्यसपछि विद्यार्थीहरूबाटै उत्तर खोज्नुहोस् । उनीहरूबाट स्पष्ट उत्तर नआए आफैँले कालोपाटीमा लेखिदिनुहोस् ।

(ङ) शब्दार्थ शिक्षण गर्दा रोचक खेलका माध्यमबाट कक्षालाई थप प्रभावकारी बनाउनुहोस् । चित्रपत्ती, वाक्यपत्ती, शब्दार्थ पत्तीका माध्यमबाट प्रतियोगितात्मक खेल खेलाएर कक्षामा रमाइलो वातावरण सिर्जना गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) पाठमा प्रयोग भएका नयाँ शब्दको अर्थ भन्न निर्देशन गर्नुहोस् ।

(ख) विभिन्न शब्दहरू दिएर वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य

पाठको अन्त्यमा अभ्यास ४ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठयवस्तु : भावबोध

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'घामछाया' कविता लयहालेर पढ्न

(ख) 'घामछाया' कविताको भाववोध गर्न

२. शैक्षिक सामग्री

भावबोधसम्बन्धी प्रश्नहरूको सूची, भावार्थ लेखनको नमुना, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई पटकपटक लय हालेर पढ्न प्रेरित गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले गरेका सामान्य त्रुटि सच्याइदिनुहोस् ।

(ग) कविताका प्रत्येक हरफको अर्थसम्बन्धी छलफल गराउनुहोस् । छलफलबाट आएको निष्कर्ष कालो वा सेतोपाटीमा लेख्दै जानुहोस् ।

(घ) विभिन्न छोटा प्रश्न सोध्नुहोस् र त्यसबाट आएको उत्तर टिपोट गर्दै जानुहोस् ।

- घामछाया कहाँ खेल्छन् ?
- लुकामारी कहाँ गर्छन् ?
- छाया शीतल पङ्खा तानेर कहिले आउँछ ?
- घाम कालो मेघ काटेर कहिले आउँछ ?
- आफ्नो सीप हेरेर को आफैं दङ्ग पर्दछ ?

यसरी विभिन्न प्रश्नहरू क्रमश: सोध्दै जानुहोस् । सबै प्रश्नको उत्तर आएपछि त्यसको नमुना तयार गरेर सबैले देख्ने गरी फलाटिन पाटीमा टाँसेर पुन: छलफल गराउनुहोस् ।

४. मूल्याङ्कन

भावबोधसम्बन्धी विभिन्न प्रश्न सोध्नुहोस् ।

५. थप सुझाव

भावार्थ लेखेर ल्याउन निर्देशन दिनुहोस् :

(क) जसै छाया बस्छे, बिनु कोरीबाटी ।
अनि आउँछ घाम कालो मेघ काटी ॥

(ख) घामछाया मिली फूलमा रङ्ग भर्दछ ।
आफ्नो सीप हेरी आफैं दङ्ग पर्छन् ॥

## पाठयवस्तु : प्रश्नोत्तर र व्याख्या

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'घामछाया' कविताबाट निकालिएको प्रश्नको मौखिक तथा लिखित उत्तर दिन

(ख) पाठका महत्त्वपूर्ण श्लोकहरूलाई बढाएर लेख्न

२. शैक्षिक सामग्री

विषयवस्तुसँग सान्दर्भिक प्रश्नहरूको सूची, विवेचनात्मक सङ्क्षिप्त प्रश्नहरूका नमुना उत्तर

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम सबै विद्यार्थीलाई कविता मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) शिक्षक आफैँले प्रश्नहरूको सूची तयार गरी क्रमश: सबै विद्यार्थीलाई पाठसँग सम्बन्धित विभिन्न प्रश्नहरू सोध्नुहोस् । सही उत्तर नआए आफैँले उत्तर भनिदिनुहोस् ।

(ग) पाठसँग मिल्दा विभिन्न समस्या दिनुहोस्, त्यसपछि समस्या समाधानसम्बन्धी आवश्यक छलफल गराउनुहोस् ।

(घ) विद्यार्थीहरूले दिएका उत्तर ठीक नभए आफैँले नमुना उत्तर बताइदिनुहोस् ।

(ङ) घामछाया कविताको विषयवस्तुमा आधारित विभिन्न प्रश्नहरू र त्यसका सान्दर्भिक उत्तर सम्बन्धी छलफल गराउनुहोस् ।

भाव बढाएर लेख्न सकिने विभिन्न पङ्क्तिहरू दिएर कवितालाई बढाएर लेख्ने अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) कक्षामा सम्पूर्ण विद्यार्थीलाई घामछायासम्बन्धी विभिन्न प्रश्नहरू सोध्नुहोस् । विद्यार्थीहरूलाई मौखिक उत्तर दिन प्रोत्साहित गर्नुहोस् ।

५. गृहकार्य

(क) अभ्यास खण्डमा भएका सबै प्रश्नोत्तर गरेर ल्याउने निर्देशन गर्नुहोस् ।

(ख) व्याख्या गर्न लगाउनुहोस् : घामछाया मिली फूलमा रङ्ग भर्छन् ।

## पाठ्यवस्तु : अभ्यास

घन्टी : २

१. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) घामछायाको अभ्यास खण्डमा भएका सम्पूर्ण अभ्यास गर्न ।

(ख) पाठसँग सान्दर्भिक प्रश्नहरूको उत्तर दिन ।

२. शैक्षिक सामग्री

विभिन्न प्रश्नहरूको सूची, फलाटिन पाटी, नमुना उत्तरहरू आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सम्पूर्ण विद्यार्थीलाई अभ्यासमा भएका क्रियाकलाप मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूको विभिन्न समूह बनाई अभ्यासका विभिन्न शीर्षकमाथि आवश्यक छलफल गराउनुहोस् ।

(ग) सबै विद्यार्थीलाई छलफलमा समान अवसर दिनुहोस् ।

(घ) विद्यार्थीहरूबीच प्रश्नोत्तर खेल, प्रश्नोत्तर प्रतियोगिता गराउनुहोस् ।

४. मूल्याङ्कन

अभ्यासको अन्त्यमा भएका विभिन्न प्रश्नहरू सोध्नुहोस् ।

५. गृहकार्य

अभ्यासमा भएका विभिन्न अभ्यास गरेर ल्याउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याकरण

घन्टी : २

१. उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'घामछाया' को अभ्यासमा भएका व्याकरणका नियम बुझ्न र प्रयोग गर्न

२. शैक्षिक सामग्री

व्याकरणका सान्दर्भिक शब्दपत्ती, वाक्यपत्ती, शब्दार्थ, उल्टो अर्थ दिने शब्दहरूको सूची आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षामा विद्यार्थीहरूलाई पदसङ्गति मिलाई नाम, सर्वनामसँग वाक्य निर्माण गर्न अभ्यास गराउने । शब्दको सुल्टो अर्थ, उल्टो अ वाक्यमा प्रयोगसम्बन्धी निरन्तर अभ्यास गराउनुहोस् ।

(ख) लिङ्ग, वचन, पुरुषका आधारमा वाक्य बनाउन प्रेरित गर्नुहोस् ।

४ मूल्याङ्कन

सबै विद्यार्थीलाई पाठसँग सम्बन्धित शब्द विभिन्न दिएर वाक्य बनाउन प्रेरित गर्नुहोस् । विद्यार्थीहरूबाट सही उत्तर आउन नसके आफैँले नमुना उत्तर कालोपाटीमा लेखिदिनुहोस् ।

५. गृहकार्य

पाठको अन्त्यमा भएका अभ्यास गरेर आउने निर्देशन दिनुहोस् ।

## पाठ : १४ बाँदर र गोही

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| शुद्धोच्चारण र सस्वरवाचन | २ |
| शब्दार्थ | २ |
| वाक्यमा प्रयोग | २ |
| बोध र प्रश्नोत्तर | ३ |
| सारांश र व्याख्या | २ |
| अभ्यास | २ |
| व्याकरण | २ |

**पाठ्यवस्तु : शुद्धोच्चारण र सस्वरवाचन** घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) नयाँ शब्दहरूको शुद्धसँग उच्चारण गर्न

(ख) पाठको सस्वरवाचन गर्न

२. शैक्षिक सामग्री

नयाँ शब्दहरूको सूची, गोजी तालिका, फलाटिन पाटी, शब्दपत्ती आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई कथासार भनेर पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) पाठलाई सस्वरवाचन गराउनुहोस् । विद्यार्थीले राम्रोसँग उच्चारण गर्न नसकेका शब्दहरू कालोपाटी वा सेतोपाटीमा टिपोट गर्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई नयाँ शब्दहरू रेखाङ्कन गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले रेखाङ्कन गरेका शब्द क्रमशः कालो वा सेतोपाटीमा टिप्नुहोस् । सर्वप्रथम सबै शब्दहरू आफैँले उच्चारण गर्न लगाउनुहोस् ।

(ङ) कक्षालाई रोचक बनाउन गोजी तालिका, शब्दपत्ती आदिको प्रयोग निरन्तर गर्नुहोस् ।

(च) विद्यार्थीहरूलाई शुद्धोच्चारण गराउँदा व्यक्तिगत र समूहगत रूपमा निरन्तर अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) विभिन्न शब्दहरू दिएर शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ख) पाठका विभिन्न अनुच्छेदको सस्वरवाचन गर्न लगाउनुहोस् ।

५. गृहकार्य

विद्यार्थीहरूलाई विभिन्न नयाँ शब्दहरू दिएर घरैमा शुद्धोच्चारण गरेर आउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

पाठमा भएका नयाँ शब्दहरूको अर्थ भन्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, शब्दार्थ पत्ती, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई पुरै कथा मौनवाचन गर्न निर्देशन दिनुहोस् ।

(ख) नयाँ शब्दहरूमा रेखाङ्कन गर्न लगाई कालो वा सेतोपाटीमा टिप्दै जानुहोस् ।

(ग) भरसक विद्यार्थीहरूबाटै शब्दको अर्थ पत्ता लगाउने प्रयास गर्नुहोस् ।

(घ) विद्यार्थीहरूबाट उत्तर आउन नसके पाठको अन्त्यमा भएका शब्द र अर्थको जोडा मिलाउने अभ्यास गराउनुहोस् ।

(ङ) अन्त्यमा कालोपाटीमा सबैले देख्ने गरी शब्दको अर्थ लेखिदिनुहोस् । विद्यार्थीहरूलाई आ-आफ्नो कापीमा शब्दार्थ सार्न निर्देशन दिनुहोस् ।

(च) कक्षामा शब्दार्थ खेल प्रतियोगिता गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) विभिन्न शब्दहरूको अर्थ भन्न लगाउनुहोस् ।

(ख) पाठको अन्त्यमा भएका शब्द र अर्थको जोडा मिलाउने अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

विभिन्न शब्दहरू दिएर अर्थ लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : वाक्यमा प्रयोग

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षण पछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

कथामा प्रयोग भएका विभिन्न नयाँ शब्दहरूको वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

वाक्यपत्ती, शब्दपत्ती, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम पाठलाई मौनवाचन गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई विभिन्न शब्दहरू कापीमा टिपोट गर्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूले टिपोट गरेका शब्दहरू कालो वा सेतोपाटीमा निरन्तर टिप्दै जानुहोस् ।

(घ) विद्यार्थीहरूलाई क्रमैसँग वाक्य बनाउन निर्देशन गर्नुहोस् ।

(ङ) वाक्य बनाउँदा सधैँ सकारात्मक उत्तरलाई प्रोत्साहन गर्नुहोस् ।

(च) विद्यार्थीहरूलाई सकारात्मक सोचको विकास गराउन निरन्तर सकारात्मक छलफल गराउनुहोस् ।

(छ) विद्यार्थीहरूले बनाएका वाक्यहरू परीक्षण गर्नुहोस् । राम्रो वाक्य बनाउने विद्यार्थीहरूलाई स्याबासी दिनुहोस् ।

४. मूल्याङ्कन

वाक्य बनाउन निर्देशन गर्नुहोस् :

मूर्ख, जङगल, झुप्पो, घुम्नु, आत्तिनु

५. गृहकार्य

विभिन्न शब्द दिएर वाक्य बनाएर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : बोध र प्रश्नोत्तर

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कथाका विभिन्न अनुच्छेदहरूको भावबोध गर्न

(ख) पाठसँग सम्बन्धित प्रश्नोत्तरहरू गर्न

२. शैक्षिक सामग्री

प्रश्नहरूको सूची, भावबोधका अनुच्छेद आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई सर्वप्रथम पाठको मौनवाचन गराउनुहोस् ।

(ख) विभिन्न अनुच्छेदको भावबोध गराउन समूह विभाजन गरी आपसी छलफल गराउनुहोस् ।

(ग) हरेक अनुच्छेदबाट विभिन्न प्रश्नहरू बनाई कक्षामा लिखित तथा मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई भावबोध गराउन छोटा प्रश्नोत्तर गराउनुहोस् ।

(ङ) विद्यार्थीहरूबाट आएका उत्तर क्रमशः कालो वा सेतोपाटीमा टिप्दै जानुहोस् ।

(च) प्रश्नको नमुना उत्तर लेखेर सबैले देख्ने गरी चार्टमा झुन्ड्याउनुहोस् र विद्यार्थीहरूलाई पढेर सुनाउन निर्देश गर्नुहोस् ।

४. मूल्याङ्कन

विभिन्न प्रश्नहरू मौखिकरूपमा सोध्नुहोस् ।

५. गृहकार्य

पाठको अन्त्यमा भएका प्रश्नोत्तरहरू गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : सारांश र व्याख्या

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) विभिन्न अनुच्छेदको सारांश लेख्न

(ख) पाठमा प्रयोग भएका विशिष्ट हरफहरूलाई बढाएर लेख्न

२. शैक्षिक सामग्री

सारांश र व्याख्याका नमुना, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(ख) पाठका विभिन्न अुनच्छेदहरू मौनवाचन गर्न निर्देशन गर्नुहोस् ।

(ग) सारांश वा छोटो पारेर लेख्ने अभ्यास गराउनुहोस् ।

(घ) विशिष्ट हरफ दिएर त्यसलाई बढाएर लेख्न अभ्यास गराउनुहोस् ।

(ङ) कक्षामा विद्यार्थीहरूबीच आपसी छलफल गराउनुहोस् ।

(च) विद्यार्थीहरूबाट प्रशस्त त्रुटि हुन सक्छन् । शिक्षक आफैँले सच्चाइ दिनुहोस् ।

४. मूल्याङ्कन

विभिन्न सारांश तथा व्याख्या गर्न निर्देशन गर्नुहोस् ।

५. गृहकार्य

पाठको अन्त्यमा भएका अभ्यास गर्न निर्देशन दिनुहोस् ।

# पाठ्यवस्तु : अभ्यास

घन्टी : २

## उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

पाठको अन्त्यमा भएका अभ्यासहरू पूरा गर्न

२. शैक्षिक सामग्री

विभिन्न अभ्यास र त्यसका सान्दर्भिक उत्तरका नमुनाहरू ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई अभ्यासमा भएका क्रियाकलापहरू मौनवाचन गर्न प्रोत्साहित गर्नुहोस् ।

(ख) विद्यार्थीहरूको समूह बनाई विभिन्न शीर्षकमा छलफल गराउनुहोस् ।

(ग) प्रश्नोत्तर अभ्यास जोडा मिलाउने अभ्यास तथा वाक्य निर्माणसम्बन्धी अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई निरन्तर सहभागी गराउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई विभिन्न समस्या दिएर समाधानका लागि आवश्यक छलफल गराउनुहोस् ।

४. मूल्याङ्कन

विभिन्न अभ्यासबाट मौखिक प्रश्नहरू सोध्नुहोस् ।

५. गृहकार्य

पाठको अन्त्यमा भएका अभ्यास गरेर ल्याउन निर्देशन गर्नुहोस् ।

# पाठ्यवस्तु : व्याकरण

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'बाँदर र गोही' कथामा प्रयोग भएका व्याकरण बुझ्न र प्रयोग गर्न

२. शैक्षिक सामग्री

नाम, सर्वनाम, पदसङ्गतिसम्बन्धी चार्ट आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई सस्वरवाचन गर्न लगाउनुहोस् । कर्ता, कर्म, सङगति मिले नमिलेको मूल्याङ्कन गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई लिङ्ग, पुरुष र वचनका आधारमा क्रियाको चयन गर्न अभ्यस्त गराउनुहोस् ।

(ग) व्याकरणसम्बन्धी सामान्य नियमको जानकारी गराउनुहोस् ।

(घ) शब्द दिएर वाक्य बनाउन तथा उल्टो अर्थ आउने शब्द भन्न लगाउनुहोस् ।

(ङ) विभिन्न शब्दहरू लेख्न लगाउनुहोस् ।

मूल्याङ्कन

(क) विभिन्न शब्द दिएर तिनका शुद्ध रूप लेख्न लगाउनुहोस् ।

(ख) शुद्ध पारेर सार्ने अभ्यास गराउनुहोस् ।

गृहकार्य

व्याकरणसम्बन्धी स-साना वाक्य दिएर सच्याएर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ : १५

# सगरमाथा

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| सस्वरवाचन र शुद्धोच्चारण | ३ |
| शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| बोध प्रश्नोत्तर, सारांश, अनुच्छेद रचना | ६ |
| अभ्यास/व्याकरण | ३ |

| पाठ्यवस्तु | सस्वरवाचन र शुद्धोच्चारण | घन्टी : ३ |
|---|---|---|

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न

(ख) नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न

२. शैक्षिक सामग्री

उच्चारण गर्न नयाँ हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजी तालिका आदि

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षकले तिम्रो घर कस्तो ठाउँमा छ भन्दै आ-आफ्नो ठाउँमा भएका विशेष प्रचलित स्थानका बारेमा प्रश्नोत्तर गर्दै विद्यार्थीहरूलाई पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) त्यसपछि पाठभित्रको सुरुको अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउनुहोस् र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी पाठका अरू अनुच्छेद क्रमिक रूपमा सस्वरवाचन गरी सुनाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूमध्ये कसैले गति, यति आदि नमिलाई गलत पढेमा गल्ती ठम्याई शिक्षकले पाठनकै क्रममा सच्याएर पढिदिनुहोस् र सोको अनुकरण र अभ्यास गर्न लगाउनुहोस् ।

(ङ) यस क्रममा विद्यार्थीहरूमध्ये लिङ्ग, जातजाति, जान्ने नजान्ने, अपाङ्गता आदि सबैलाई समान अवसर दिनुहोस् र अभ्यास पनि गर्न लगाउनुहोस् ।

(च) त्यस्तै एक विद्यार्थीले पढेको कुरा अरू विद्यार्थीहरूलाई पाठमा हेरी ध्यानपूर्वक सुन्न लगाई गल्ती पढेमा सो ठम्याउन र सही पठनको प्रदर्शनसमेत गर्न प्रोत्साहित गर्नुहोस् ।

(छ) सस्वरपठन क्रियाकलाप समाप्त भएपछि पाठमा रहेका उच्चारणका दृष्टिले सम्भाव्य नयाँ शब्दहरूको छनोट गरी कालोपाटीमा लेखिदिनुहोस् वा शब्दपत्तीहरूमा लेखेर ल्याएका त्यस्ता शब्दहरू क्रमशः उच्चारण गर्न लगाउनुहोस् ।

(ज) विद्यार्थीले त्यस्ता शब्दहरू शुद्ध उच्चारण गर्न नसकेका ठाउँमा गल्ती निर्देश गरिदिनुहोस् र शुद्ध उच्चारणका लागि नमुना प्रदर्शनसमेत गरी आवश्यकताअनुसार पुनः अभ्यास गराउनुहोस् ।

उच्चारणका लागि सम्भाव्य नयाँ शब्दहरू

| |
|---|
| संसार अग्लो, सोलुखुम्बु, जिल्ला, अञ्चल, वरिपरि, अग्लाअग्ला, हाम्रो, गौरव, एभरेस्ट, आरोहण, तेन्जिङ, एडमन्ड, चढ्ने, संरक्षण, राष्ट्रिय, निकुञ्ज, विश्व, अमूल्य, सम्पत्ति, दुर्लभ, प्राणी, ठिँगुरे, भोजपत्र, गुराँस, कस्तूरी, मृग, लोखर्के, मलसाँप्रो, चुच्चे, खुँडे, खुमजुङ, शेर्पा, पर्व |

(झ) कक्षाका सबै विद्यार्थीलाई समूहमा विभाजन गरी सम्भावित नयाँ शब्दहरूलाई आलोपालो गरी उच्चारण गर्ने प्रतियोगिता गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) सस्वर पठनको मूल्याङ्कनका लागि पाठभित्रको कुनै अनुच्छेदलाई सस्वर पढ्न लगाएर मूल्याङ्कन गर्ने, जस्तै : 'सगरमाथा' पाठको अन्तिम अनुच्छेद सस्वर पढ्न लगाउनुहोस् ।

(ख) शब्दोच्चारणको मूल्याङ्कनका लागि अभ्यास गराइएकामध्ये केही शब्दको पुनः उच्चारण गर्न लगाउन सकिन्छ । जस्तै : गौरव, सम्पदा, आरोहण, निकुञ्ज, दुर्लभ, प्राणी, वनस्पति, डाँफे, राष्ट्रिय, लोखर्के, शेर्पा आदि ।

(ग) उच्चारण गर्न नयाँ लागेका शब्दहरू पाठबाट टिपेर ल्याउन विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

(घ) अभ्यासको प्र.नं. १ गर्न लगाउनुहोस् ।

५. थप निर्देशन

कक्षाकोठामा विविध जातजाति, लिङ्ग, धर्म, वर्ण, सम्प्रदाय र अपाङ्गताका साथै आर्थिक तथा भौगोलिक कारणले पिछडिएका बालबालिका पनि हुन्छन् । त्यस्तै विविध कारणले जान्ने नजान्ने, कक्षामा नियमित आउने नआउने सबै खालका विद्यार्थीलाई आवश्यकताअनुसार ध्यान दिनुहोस् । सकेसम्म उनीहरू सबैलाई अवसर प्रदान गर्ने वातावरण सिर्जना गर्नुहोस् ।

# पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका नयाँ शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयोग भएका शब्दहरूलाई सन्दर्भअनुसार अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. शैक्षिकसिकाइ सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शब्दार्थ सिकाउँदा विद्यार्थीहरूलाई पाठका निश्चित अनुच्छेद मौन रूपमा सरसर्ती पढ्न लगाउनुहोस् र तिनबाट नयाँ खालका शब्दहरू खोज्न लगाउनुहोस् ।

(ख) त्यसरी सङ्कलित शब्दहरू पाठमा कुन सन्दर्भ वा अर्थ दिएर प्रयोग भएका छन्, भन्न लगाउनुहोस् । पाठमा प्रयोग भएको वाक्य वा सन्दर्भअनुसार शब्दार्थ अनुमान गर्न उत्प्रेरित गर्नुहोस् ।

(ग) विद्यार्थीले वाक्यको सन्दर्भअनुसार अर्थ भन्न नसकेमा वा अधुरो अर्थ बताएमा शिक्षकले पाठमा प्रयोग भएका वाक्य वा अनुच्छेद पढेर शब्दको अर्थ पहिल्याउनुहोर र अन्य उपाय सोच्नुहोस् । जस्तै : उस्तैउस्तै अर्थ दिनुहोस्, शब्दका पर्यायवाची शब्द भनिदिनुहोस्, विपरीतार्थक शब्द भनिदिनुहोस् ।

(घ) त्यस्तै शब्दार्थ स्पष्ट हुने गरी शब्दहरूलाई विभिन्न वाक्यमा प्रयोग गरेर सुनाएर पनि शब्दको अर्थ पहिल्याउने प्रयास गर्नुहोस् ।

(ङ) शब्दार्थका क्रियाकलापपछि शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर देखाउनुहोस् वा सुनाउनुहोस् ।

(च) पाठभित्रका विभिन्न अर्थयुक्त शब्द दिएर तिनलाई आशयगत वा सन्दर्भगत अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(छ) त्यस्तै विद्यार्थीहरूका अनुभवका सेरोफेराका आशयगत वा सन्दर्भगत अर्थ आउने गरी विभिन्न शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ज) अभ्यासको प्रश्न नं. ६ को श्रुतिलेखन गराई शुद्ध लेखनको अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) केही शब्दहरू दिई अर्थ भन्न लगाउनुहोस् ।

(ख) पाठका शब्दहरू दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य

(क) केही शब्द दिएर तिनको अर्थ लेखी वाक्यमा प्रयोग गरी ल्याउन निर्देशन दिनुहोस् ।

(ख) अभ्यासको प्र.नं. २, ३ गरी ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : बोध प्रश्नोत्तर, सारांश, अनुच्छेद रचना

घन्टी : ६

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सम्बन्धित पाठ पढेर सोधिएका बोध प्रश्नहरूको उत्तर दिन

(ख) निर्धारित अनुच्छेदबाट सारांश भन्न र लेख्न

(ग) दिइएका शीर्षकमा छोटा अनुच्छेद रचना गर्न

२. शैक्षिक सामग्री

बोध प्रश्नपत्ती, उत्तरपत्ती र वाक्यपत्ती, बुँदा सूची, अनुच्छेद लेखनका शीर्षक, फलाटिन पाटी आदि

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सम्बन्धित पाठबाट शिक्षकले खास अनुच्छेद वा गद्यांशको छनोट गर्नुहोस् र विद्यार्थीहरूलाई पढ्न लगाउनुहोस् । यसो गर्दा अनुच्छेदको लम्बाइ र विद्यार्थीहरूको सामान्य पठन गतिलाई ख्याल गरी समयसमेत तोक्न सकिन्छ ।

(ख) विद्यार्थीले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएका बोध प्रश्नहरू उनीहरूलाई सोधी त्यसमा प्रश्नोत्तर गर्न लगाउनुहोस् ।

उदाहरणका लागि पाठ्यपुस्तकको पृष्ठ ८१ को पहिलो अनुच्छेद दिनुहोस् :

(सगरमाथा ... ........... छन्)

बोध प्रश्नहरू :

(अ) संसारको सभभन्दा अग्लो स्थान कुन हो ?

(आ) सगरमाथाको उचाइ कति छ ?

(ई) सगरमाथा अञ्चलको नाम कसरी रहन गयो ?

(ग) पाठको कुनै अनुच्छेद दिएर त्यसका मुख्यमुख्य बुँदाहरू टिप्न लगाउनुहोस् । जस्तै :

पाठ्यपुस्तकको पृष्ठ ८२ को अन्तिम अनुच्छेद लिनुहोस् ।

नमुना

- शेर्पा सगरमाथा फेदीका गाउँमा बस्ने
- शेर्पाहरू हिमाल चढ्न सिपालु
- पाहुनालाई आदर गर्ने
- विदेशीको मन धेरै कुराले लोभिएको

(घ) अनुच्छेद लेखनका लागि शिक्षकले विद्यार्थीहरूको स्तरअनुसारका उपयुक्त शीर्षकको छनोट गर्नुहोस् । यस्तो शीषर्क विद्यार्थीले पढेका विषयवस्तुसँग सम्बन्धित वा विद्यार्थीले नपढेको बाहिरको पनि हुन सक्छ ।

(ङ) अनुच्छेद लेखनको अभ्यास गराउँदा स्वतन्त्र वा निर्देशित दुवै तरिकाले गराउनुहोस् । निर्देशित लेखन गराउँदा शिक्षकले विषय शीर्षकका साथै त्यसमा पर्न सक्ने प्रमुख बुँदाहरू पनि उल्लेख गरिदिनुपर्छ । जस्तै :

मेरो जन्म स्थान ......... पूर्वपट्टि पर्ने स्थान ....... ......... पश्चिमतर्फ ठाउँ ........... उत्तर र दक्षिणतर्फ पर्ने ठाउँ ..................... जन्म स्थानको विशेष महत्त्व भएको वस्तु/स्थान, नेपालका .................. विशेष महत्त्व राख्ने अन्य कुराहरू ................राम्रा स्थानमध्ये एक .....................

(च) अनुच्छेदको स्वतन्त्र लेखन गराउँदा विद्यार्थीहरूलाई शीर्षक मात्र लेखी सोबारे एक अनुच्छेदमा वर्णन गर्न निर्देशन दिनुहोस् । यस्ता शीर्षकहरू अनुभव, आफ्नो सेरोफोरो, घरपरिवार आदिमा आधारित वा पढेको विषयवस्तुमा आधारित दुवै हुन सक्छन् ।

जस्तै :

| अनुभव सेरोफेरोमा आधारित शीर्षक | पठित शीर्षक |
|---|---|
| जन्म ठाउँ एक<br>मन पर्ने साथी | मेरो गाविस, मेरो जिल्ला, मलाई मन पर्ने<br>साना, मन पर्ने स्थान |

(छ) अनुच्छेद लेखनसम्बन्धी यस्तो अभ्यास कक्षाकार्यका रूपमा गराउँदा विद्यार्थीहरूलाई आफूले लेखेको अनुच्छेद एकपल्ट पुन: अवलोकन गर्न र आवश्यक परेमा काँटछाँट गर्न लगाउनुहोस् ।

(ज) अनुच्छेद लेखनका क्रममा शिक्षकले विद्यार्थीहरूको लेखाइको सरसर्ती अवलोकन गर्ने र आवश्यक परेमा निर्देशनसमेत दिनुहोस् । विद्यार्थीले लेखेका अनुच्छेदहरू कक्षामा विद्यार्थीहरूलाई सुनाउन लगाउनुहोस् र लेखाइबारे टिप्पणी गरी आवश्यक सुझाव दिनुहोस् ।

(झ) अनुच्छेद लेखन छोटो अभिव्यक्ति हुनाले यसले उनीहरूको सिर्जनात्मक लेखन क्षमता विकास गर्न सहयोग पुऱ्याउने हुँदा यस्ता स्वतन्त्र लेखनमा बढी प्रोत्साहित गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई कुनै निश्चित अनुच्छेद सुनाएर वा पढ्न लगाएर सो अनुच्छेदबाट बोध प्रश्नहरू सोध्नुहोस् ।

(ख) निर्धारित अनुच्छेद दिई त्यसको मुख्यमुख्य कुरा वा सारांश लेख्न लगाउनुहोस् ।

(ग) निर्देशित वा स्वतन्त्र अनुच्छेद लेख्न दिई सोको लेखाइका आधारमा मूल्याङ्कन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

५. थप सुझाव

(क) पाठका बोध प्रश्न गर्न दिनुहोस् ।

(ख) कुनै अनुच्छेद दिई सारांश लेख्न दिनुहोस् ।

(ग) निर्देशित वा स्वतन्त्र वा दुवै खालका अनुच्छेद लेख्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : अभ्यास / व्याकरण

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) अभ्यासमा दिइएका बोध प्रश्नहरूका उत्तर दिन

(ख) अशुद्ध शब्दहरूलाई शुद्ध गरी लेख्न

(ग) चित्र वर्णन गर्न

२. शैक्षिक सामग्री

प्रश्नहरूको सूची, एकातर्फ अशुद्ध र अर्कोतर्फ शुद्ध लेखिएका शब्दपत्ती, चित्र आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठ एकपटक पढ्न लगाई अभ्यासको प्रश्न नं. ८, ९ र १० प्रश्नको उत्तर दिन लगाउनुहोस् । उत्तरको उपयुक्तता हेरी आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

(ख) अभ्यासको प्रश्न नं. ५ लाई कक्षामा प्रत्यक्ष रूपमा गर्न लगाई जित्ने विद्यार्थीलाई उचित पुरस्कार वा स्याबासी दिनुहोस् ।

(ग) अभ्यासको प्रश्न नं. ९ का शब्दहरू शुद्ध पारी सार्न लगाउनुहोस् ।

(घ) विभिन्न अशुद्ध शब्दहरू दिएर शुद्ध लेख्न लगाउनुहोस् ।

(ङ) अभ्यासको प्र.नं. ४ मा दिइएको चित्र दिएर वर्णन गर्न लगाउनुहोस् । चित्र वर्णन गर्न लगाउँदा विद्यार्थीलाई समूहमा बाँडेर समूहगत रूपमा छलफल गरी समूहका निष्कर्ष कक्षमा प्रस्तुत गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठका बोध प्रश्नका उत्तर दिन लगाउनुहोस् ।

(ख) अशुद्ध शब्द दिई शुद्ध गर्न लगाउनुहोस् ।

(ग) शुद्ध र अशुद्ध शब्दहरूको सूचीबाट शुद्ध र अशुद्ध शब्द छुट्याउन लगाई अशुद्ध शब्दको शुद्ध रूप भन्न लगाउनुहोस् ।

(घ) पाठको विषयवस्तुसँग सम्बन्धित विभिन्न शीर्षक दिई अनुच्छेद लेख्न लगाउनुहोस् ।

५ गृहकार्य

अभ्यासका प्रश्न नं. ३, ४, ७, ८ र ९ गर्न लगाउनुहोस् ।

पाठ : १८

# सानु छ है सानु

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|
| शुद्धोच्चारण | २ |
| शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| लयबोध | २ |
| भावबोध | २ |
| प्रश्नोत्तर र व्याख्या | ३ |
| अभ्यास/व्याकरण | ३ |

| पाठ्यवस्तु : शुद्धोच्चारण | घन्टी : २ |
|---|---|

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'सानु छ है सानु' कवितामा प्रयोग भएका नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, नयाँ शब्दहरूको शब्दसूची, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई कविताको नमुनावाचन गरेर सुन्न लगाउनुहोस् ।

(ख) आफूले नमुनावाचन गरेपछि विद्यार्थीहरूलाई पालैपालो वाचन गर्न लगाउनुहोस् । उनीहरूले गल्ती गरेको स्थान पत्ता लगाई त्यसमा आफैँले उच्चारण गरिदिनुहोस् ।

(ग) उच्चारण गर्न कठिन भएका शब्दहरू कालो वा सेतोपाटीमा टिपोट गर्दै जानुहोस् ।

(घ) विद्यार्थीहरूलाई क्रमश: पुन: उच्चारण गर्न प्रोत्साहन गर्नुहोस् ।

(ङ) विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दहरूको सूची बनाई पटकपटक उच्चारण अभ्यास गराउनुहोस् । उच्चारण गर्न आफूले सहयोग गरिरहनुहोस् । विद्यार्थीले गल्ती गरेका स्थानमा सच्याउन नभुल्नुहोस् ।

(च) विद्यार्थीहरूलाई सस्वरवाचन तथा मौनवाचनसम्बन्धी अभ्यास निरन्तर गराउनुहोस् ।

४. मूल्याङ्कन

पाठमा प्रयोग भएका नयाँ शब्दहरू उच्चारण गर्न निर्देशन दिनुहोस् ।

५. गृहकार्य

सम्पूर्ण विद्यार्थीलाई शब्दार्थ पढेर आउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'सानु छ है सानु' कवितामा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ भन्न

(ख) विभिन्न शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

शब्दार्थ पत्ती, वाक्यपत्ती, फलाटिन पाटी, गोजी तालिका आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कविताको मौनवाचन गरी नयाँ शब्दहरू आफ्नो कापीमा टिप्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीहरूले टिपोट गरेका नयाँ शब्दहरू कालोपाटी वा सेतोपाटीमा क्रमश: टिप्नुहोस् । प्रत्येक शब्दको अर्थ खोज्न विद्यार्थीहरूबीचमै छलफल गराउनुहोस् ।

(ग) विद्यार्थीहरूबाट सही उत्तर आए पटकपटक स्याबासी दिएर प्रोत्साहन गर्नुहोस् ।

(घ) विद्यार्थीहरूले शब्दको अर्थ जानेपछि वाक्यमा प्रयोग गर्न निरन्तर अभ्यास गराउनुहोस् ।

(ङ) चित्रपत्ती, वाक्यपत्ती आदिको सहायताले कक्षालाई रोचक बनाउनुहोस् । शब्दार्थ खेल खेलाउनुहोस् । वाक्य पूरा गर्ने खेल खेलाउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठमा भएका नयाँ शब्दहरूको अर्थ सोध्नुहोस् । विद्यार्थीहरूलाई विभिन्न शब्द दिई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् ।

५. गृहकार्य

पाठको अन्त्यमा प्रश्न नं. ३ र ६ को अभ्यास गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : लयबोध

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'सानो छ है सानो' कविताको लयबोध गर्न

२. शैक्षिक सामग्री

छन्दमा लेखिएका सन्देशमूलक कविता, विभिन्न कविताका श्लोकका गति, यति, विश्राम छुट्याइएका चार्ट ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम 'सानो छ है सानो' कविता लय मिलाएर पढ्नुपहिले नमुना वाचन गरिदिनुहोस् ।

(ख) राम्रो स्वर भएका विद्यार्थीहरूको समूह बनाई नमुना वाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

(ग) पहिले प्रत्येक बेन्चमा, त्यसपछि दायाँ, बायाँ, अघि पछि सबैतिरबाट पालैपालो कविता वाचन गर्न निर्देशन गर्नुहोस् ।

(घ) समूहगत रूपमा वाचन प्रतियोगिता समेत गराउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई विभिन्न लयका कविताहरूको नमुना प्रस्तुत गरिदिनुहोस् ।

४. मूल्याङ्कन

कविताका विभिन्न हरफहरू वाचन गर्न लगाउनुहोस् ।

५. थप सुझाव

'सानो छ है सानो' कविता गति, यति र विश्राम मिलाएर गाउने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : भावबोध

घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'सानो छ है' सानो कविता लय हालेर पढ्न

(ख) 'सानो छ है सानो' कविताको भावबोध गर्न

२. शैक्षिक सामग्री

भावबोधसम्बन्धी प्रश्नहरूको सूची, भावार्थ लेखनको नमुना, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई पटकपटक लय हालेर पढ्न प्रेरित गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले बीचबीचमा त्रुटि गरे शिक्षक आफैँले सच्याइदिनुहोस् ।

(ग) कविता वाचनपछि कविताका प्रत्येक हरफको व्याख्या गर्ने, भावार्थ लेख्ने निरन्तर अभ्यास गराउनुहोस् ।

(घ) विभिन्न प्रश्नहरूको सूची बनाएर फलाटिन पाटीमा राखेर क्रमश: प्रश्नोत्तर गर्दै कविताको भावार्थको खोजी गर्नुहोस् :

(अ) नयाँ घरको छानु कस्तो छ ?

(आ) खान मीठो के हुन्छ ?

(इ) अरू ठाउँ भुलेर के गर्नु हुँदैन ?

(ई) नाकमा लाउने गहनालाई के भनिन्छ ?

(उ) यो कविताका कवि को हुन् ?

४. मूल्याङ्कन

कविताको भावबोध गराउने विभिन्न मौखिक प्रश्नहरू सोध्नुहोस् ।

५. थप सुझाव

भावार्थ लेखेर ल्याउन निर्देशन दिनुहोस् :

चलाई आफ्नै पाखुरी

मीठो लाग्छ खानु

## पाठयवस्तु : प्रश्नोत्तर र व्याख्या

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'सानो छ है सानो' कविताका विभिन्न प्रश्नहरू मौखिक तथा लिखित उत्तर दिन

(ख) कविताका मुख्य पङ्क्तीहरूलाई बढाएर लेख्न

२. शैक्षिक सामग्री

विषयवस्तुसँग सान्दर्भिक प्रश्नहरूको सूची, सङ्क्षिप्त प्रश्नहरूका नमुना उत्तर आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम सबै विद्यार्थीलाई कविता मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) शिक्षक आफैँले प्रश्नहरूको सूची तयार गरी क्रमश: सबै विद्यार्थीलाई पाठसँग सम्बन्धित विभिन्न प्रश्नहरू सोधी प्रश्नोत्तर कार्यमा सक्रिय बनाउनुहोस् ।

(ग) पाठसँग मिल्दा विभिन्न समस्यासँग छलफल र समाधानका उपायको खोजी गर्नुहोस् ।

(घ) विद्यार्थीहरूबाटै उत्तर लिने प्रयास गर्नुहोस् । सही उत्तर नआए शिक्षक आफैँले भनिदिनुहोस् ।

(ङ) विभिन्न कविताका हरफहरूलाई बढाएर लेख्न निरन्तर अभ्यास गराउनुहोस् ।

(च) विद्यार्थीहरूले दिएका उत्तरलाई विशेष प्राथमिकता दिनुहोस् ।

४. मूल्याङ्कन

कक्षामा सम्पूर्ण विद्यार्थीलाई 'सानु छ है सानु' कवितासम्बन्धी विभिन्न प्रश्नहरू सोध्नुहोस् । विद्यार्थीहरूलाई मौखिक उत्तर दिन प्रोत्साहन गर्नुहोस् ।

५. थप सुझाव

(क) अभ्यास खण्डमा भएका सबै प्रश्नोत्तर गरेर ल्याउने निर्देशन गर्नुहोस् ।

(ख) व्याख्या गर्न लगाउनुहोस् :

सानु छ है सानु  नयाँ घरको छानु
आफ्नो घर छाडेर  अन्त कहाँ जानु

# पाठयवस्तु : अभ्यास / व्याकरण

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'सानो छ है सानो' कविता अभ्यासमा भएका सबै प्रश्न समाधान गर्न

(ख) पाठसँग सान्दर्भिक प्रश्नहरूको उत्तर दिन

२. शैक्षिक सामग्री

विभिन्न प्रश्नहरूको सूची, फलाटिन पाटी, नमुना उत्तरहरू आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई मौनवाचन गराई समस्या पहिचान गराउनुहोस् । विद्यार्थीहरूले पत्ता लगाएका समस्याहरूसँग छलफल गराउनुहोस् । अन्त्यमा शिक्षक आफैँले निर्णय दिनुहोस् ।

(ख) विद्यार्थीहरूको विभिन्न समूह बनाई अभ्यासमा भएका समस्याहरूको छलफल मौखिक तथा लिखित रूपमा गराउनुहोस् ।

(ग) प्रश्नोत्तर खेल र प्रश्नोत्तर प्रतियोगिता गराउनुहोस् ।

(घ) लिङ्ग, वचन र पुरुषका आधारमा पदसङ्गति मिलाई वाक्य लेख्ने, बोल्ने अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

अभ्यासको अन्त्यमा भएका सम्पूर्ण समस्या समाधान गर्न निर्देशन गर्नुहोस् ।

५. थप सुझाव

अभ्यासमा भएका सम्पूर्ण प्रश्नोत्तर गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ : १७

# वीरमानका दिन फर्किए

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | अनुमानित घन्टी |
| --- | --- |
| १. सस्वरवाचन र शुद्धोच्चारण | ३ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| ३. बोध प्रश्नोत्तर, सारांश, अनुच्छेद रचना | ६ |
| ४. अभ्यास/व्याकरण | ३ |

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी : ३**

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठका अनुच्छेदहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न

(ख) नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न

२. शैक्षिक सामग्री

उच्चारण गर्न हुने शब्दहरूको सूची, शब्दपत्तीहरू, गोजी तालिका आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षकले तिम्रो घर नजिकमा वनजङ्गल, भिर, पाखो, चौर आदि छन् ? भनी प्रश्न गर्दै तिनकै बारेमा सोधेर विद्यार्थीहरूलाई पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

(ख) त्यसपछि पाठभित्रको सुरुको अनुच्छेद शिक्षकले नमुना वाचन गरी कक्षामा सुनाउनुहोस् र विद्यार्थीहरूलाई पठित अनुच्छेद हेरेर सुन्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई आलोपालो गरी पाठका अरू अनुच्छेद क्रमिक रूपमा सस्वरवाचन गरी सुनाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूमध्ये कसैले गति, यति आदि नमिलाई गलत पढेमा गल्ती ठम्माई शिक्षकले पठनकै क्रममा सच्याएर पढिदिनुहोस् र सोको अनुकरण र अभ्यास गर्न लगाउनुहोस् ।

(ङ) यस क्रममा विद्यार्थीहरूमध्ये लिङ्ग, जातजाति, जान्ने नजान्ने, अपाङ्गता भएका आदि सबैलाई समान अवसर दिने गरी अभ्यास गर्न लगाउनुहोस् ।

(च) त्यस्तै एक विद्यार्थीले पढेको कुरा अरू विद्यार्थीहरूलाई पाठमा हेरी ध्यानपूर्वक सुन्न लगाई गल्ती पढेमा सो ठम्याउन र सही पठनको प्रदर्शनसमेत गर्न प्रोत्साहित गर्नुहोस् ।

(छ) सस्वरपठन क्रियाकलाप समाप्त भएपछि पाठमा रहेका उच्चारणका दृष्टिले सम्भाव्य नयाँ शब्दहरूको छनोट गरी कालोपाटीमा लेखिदिनुहोस् वा शब्दपत्तीहरूमा लेखेर ल्याएका त्यस्ता शब्दहरू क्रमशः उच्चारण गर्न लगाउनुहोस् ।

(ज) विद्यार्थीले त्यस्ता शब्दहरू शुद्ध उच्चारण गर्न नसकेका ठाउँमा गल्ती निर्देश गरिदिनुहोस् र शुद्ध उच्चारणका लागि नमुना प्रदर्शनसमेत गरी आवश्यकताअनुसार पुनः अभ्यास गराउनुहोस् ।

उच्चारणका लागि सम्भाव्य नयाँ शब्दहरू :

गाउँ, फाइदा, घाँसपात, बाख्रा, दूध, वातावरण, स्वच्छ, उक्सायो, गोठ, फँडानी, बिरुवा आदि ।

(झ) कक्षाका सबै विद्यार्थीलाई समूहमा विभाजन गरी सम्भावित नयाँ शब्दहरूलाई आलोपालो गरी उच्चारण गर्ने प्रतियोगिता गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) सस्वरपठनको मूल्याङ्कनका लागि पाठभित्रको कुनै अनुच्छेदलाई सस्वर पढ्न लगाएर मूल्याङ्कन गर्नुहोस् । जस्तै : पाठको अन्तिम अनुच्छेद सस्वर पढ्न लगाउनुहोस् ।

(ख) शब्दोच्चारणको मूल्याङ्कनका लागि अभ्यास गराइएकामध्ये केही शब्दको पुनः उच्चारण गर्न लगाउन सकिन्छ । जस्तै : दही, गाउँ, भैँसी, अभाव, नाङ्गो, पहिरो आदि ।

(ग) उच्चारण गर्न कठिन लागेका शब्दहरू पाठबाट टिपेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

(घ) अभ्यासको प्र.नं. १ गर्न लगाउनुहोस् ।

५. गृहकार्य

पाठको अभ्यास नं. १ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका नयाँ शब्दहरूको अर्थ बताउन

(ख) पाठमा प्रयोग भएका शब्दहरूलाई सन्दर्भअनुसार अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शब्दार्थ सिकाउँदा विद्यार्थीहरूलाई पाठका निश्चित अनुच्छेद मौन रूपमा सरसर्ती पढ्न लगाउनुहोस् र तिनबाट नयाँ खालका शब्दहरू खोज्न लगाउनुहोस् ।

(ख) त्यसरी सङ्कलित शब्दहरू पाठमा कुन सन्दर्भ वा अर्थ दिएर प्रयोग भएका छन्, भन्न लगाउनुहोस् । पाठमा प्रयोग भएको वाक्य वा सन्दर्भअनुसार शब्दार्थ अनुमान गर्न उत्प्रेरित गर्नुहोस् ।

(ग) विद्यार्थीले वाक्यको सन्दर्भअनुसार अर्थ भन्न नसकेमा वा अधुरो अर्थ बताएमा शिक्षकले पाठमा प्रयोग भएका वाक्य वा अनुच्छेद पढेर शब्दको अर्थ पहिल्याउने अन्य उपाय सोच्नुहोस् ।

(घ) त्यस्तै शब्दार्थ स्पष्ट हुने गरी शब्दहरूलाई विभिन्न वाक्यमा प्रयोग गरेर सुनाएर पनि शब्दको अर्थ पहिल्याउने प्रयास गराउनुहोस् ।

(ङ) शब्दार्थका क्रियाकलापपछि शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर देखाउनुहोस् वा सुनाउनुहोस् ।

(च) पाठभित्रका विभिन्न अर्थयुक्त शब्द दिएर तिनलाई आशयगत वा सन्दर्भगत अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(छ) त्यस्तै विद्यार्थीहरूका अनुभवका सेरोफेरोका आशयगत वा सन्दर्भगत अर्थ आउने गरी विभिन्न शब्दहरूलाई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

(ज) अभ्यासको प्रश्न नं. ४ गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) केही शब्द दिई अर्थ भन्न लगाउनुहोस् ।

(ख) पाठका शब्दहरू दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य

(क) केही शब्द दिएर तिनको अर्थ लेखी वाक्यमा प्रयोग गरी ल्याउन निर्देशन दिनुहोस् ।

(ख) अभ्यासको प्रश्न नं. २, ३ र ५ गरी ल्याउन निर्देशन दिनुहोस् ।

# पाठ्यवस्तु : बोध प्रश्नोत्तर, सारांश, अनुच्छेद रचना

घन्टी : ६

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सम्बन्धित पाठ पढेर सोधिएका बोध प्रश्नहरूको उत्तर दिन

(ख) निर्धारित अनुच्छेदबाट सारांश भन्न र लेख्न

(ग) दिइएका शीर्षकमा छोटा अनुच्छेद रचना गर्न

२. शैक्षिक सामग्री

बोध प्रश्नपत्ती, उत्तरपत्ती र वाक्यपत्ती, बुँदा सूची, अनुच्छेद लेखनका शीर्षक, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सम्बन्धित पाठबाट शिक्षकले खास अनुच्छेद वा गद्यांशको छनोट गर्नुहोस् र विद्यार्थीहरूलाई पढ्न लगाउनुहोस् । यसो गर्दा अनुच्छेदको लम्बाइ र विद्यार्थीहरूको सामान्य पठन गतिलाई ख्याल गरी समयसमेत तोक्न सकिन्छ ।

(ख) विद्यार्थीले अनुच्छेद पढिसकेपछि पहिले नै तयार पारिएका बोध प्रश्नहरू उनीहरूलाई सोधी त्यसमा प्रश्नोत्तर गर्न लगाउनुहोस् ।

(ग) पाठको कुनै अनुच्छेद दिएर त्यसका मुख्यमुख्य बुँदाहरू टिप्न लगाउनुहोस् ।

(घ) अनुच्छेद लेखनका लागि शिक्षकले विद्यार्थीहरूको स्तरअनुसारका उपयुक्त शीर्षकको छनोट गर्नुहोस् । यस्तो शीर्षक विद्यार्थीले पढेका विषयवस्तुसँग सम्बन्धित वा विद्यार्थीले नपढेको पनि हुन सक्छ ।

(ङ) अनुच्छेद लेखनको अभ्यास गराउँदा स्वतन्त्र वा निर्देशित दुवै तरिकाले गराउनुहोस् । निर्देशित लेखन गराउँदा शिक्षकले विषय शीर्षकका साथै त्यसमा पर्न सक्ने प्रमुख बुँदाहरू पनि उल्लेख गरिदिनुहोस् ।

(च) अनुच्छेदको स्वतन्त्र लेखन गराउँदा विद्यार्थीहरूलाई शीर्षक मात्र लेखी सोबारे एक अनुच्छेदमा वर्णन गर्न निर्देशन दिनुहोस् । यस्ता शीर्षकहरू अनुभव, आफ्नो सेरोफोरो, घरपरिवार आदिमा आधारित वा पढेका विषयवस्तुमा आधारित दुवै हुन सक्छन् ।

(छ) अनुच्छेद लेखनसम्बन्धी यस्तो अभ्यास कक्षाकार्यका रूपमा गराउन विद्यार्थीहरूलाई आफूले लेखेको अनुच्छेद एकपल्ट पुन: अवलोकन गर्न र आवश्यक परेमा काँटछाँट गर्न लगाउनुहोस् ।

(ज) अनुच्छेद लेखनका क्रममा शिक्षकले विद्यार्थीहरूको लेखाइको सरसर्ती अवलोकन गर्नुहोस् र आवश्यक परेमा निर्देशनसमेत दिनुहोस् । विद्यार्थीले लेखेका अनुच्छेदहरू कक्षामा विद्यार्थीहरूलाई सुनाउन लगाउनुहोस् र लेखाइबारे टिप्पणी गरी आवश्यक सुझाव दिनुहोस् ।

(झ) अनुच्छेद लेखन छोटो अभिव्यक्ति हुनाले यसले उनीहरूको सिर्जनात्मक लेखन क्षमता विकास गर्न सहयोग पुऱ्याउने हुँदा यसको स्वतन्त्र लेखनमा बढी प्रोत्साहित गर्नुपर्दछ ।

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई कुनै निश्चित अनुच्छेद सुनाएर वा पढ्न लगाएर सो अनुच्छेदबाट बोध प्रश्नहरू सोध्नुहोस् ।

(ख) निर्धारित अनुच्छेद दिई त्यसको मुख्यमुख्य कुरा वा सारांश लेख्न लगाउनुहोस् ।

(ग) निर्देशित वा स्वतन्त्र अनुच्छेद लेख्न दिई सोको लेखाइका आधारमा मूल्याङ्कन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

५. थप सुझाव

(क) पाठका बोध प्रश्न गर्न दिनुहोस् ।

(ख) कुनै अनुच्छेद दिई सारांश लेख्न दिनुहोस् ।

(ग) निर्देशित वा स्वतन्त्र वा दुवै खालका अनुच्छेद लेख्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : अभ्यास/व्याकरण

घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) अभ्यासमा दिइएका बोध प्रश्नहरूका उत्तर दिन

(ख) अशुद्ध शब्दहरूलाई शुद्ध गरी लेख्न

(ग) चित्र वर्णन गर्न

२. शैक्षिक सामग्री

प्रश्नहरूको सूची, एकातर्फ अशुद्ध र अर्कोतर्फ शुद्ध लेखिएका शब्दपत्ती, चित्र आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठ एकपटक पढ्न लगाई अभ्यासको प्रश्न नं. ६, ८ र १० प्रश्नको उत्तर दिन लगाउनुहोस् । उत्तरको उपयुक्तता हेरी आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

(ख) अभ्यासको प्रश्न नं. ७ र ९ नं. लाई कक्षामा प्रत्यक्ष रूपमा गराउनुहोस् ।

(ग) पाठका अन्य अभ्यास पटकपटक गराउनुहोस् र उनीहरूले लेखेका कुरा जाँचिदिनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठका बोध प्रश्नका उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठको विषयवस्तुसँग सम्बन्धित विभिन्न शीर्षक दिई अनुच्छेद लेख्न लगाउनुहोस् ।

५. गृहकार्य

अभ्यासका सबै प्रश्न पालैपालो गरी गराउनुहोस् ।